# प्रतिनिधि सभा सदस्य निर्वाचन- २०८२
# पर्यवेक्षण प्रतिवेदन

निर्वाचन पर्यवेक्षण समिति नेपाल

**Election Observation Committee Nepal**

# प्रतिनिधि सभा सदस्य निर्वाचन–२०८२

## पर्यवेक्षण प्रतिवेदन

प्रकाशक

**निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल)**

बुद्धनगर १० काठमाडौं

सम्पादन सल्लाहकार
पदम प्रसाद बैदिक
श्रीकृष्ण सुवेदी
प्रदीप पोखरेल
राजेन्द्र थापा
बद्रीप्रसाद शिवाकोटी

अनुसन्धान, लेखन तथा सम्पादन
राजाराम बर्तौला
उज्वल अधिकारी

अनुसन्धान, लेखन तथा सम्पादन सहयोगी
प्रभात बानियाँ
स्वीकृती डाँगी
दिपक खतिवडा
अभाष ठाकुर

प्रकाशक
निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल)
बुद्धनगर १० काठमाडौं

मुद्रक : **आवृत्ति छापाखाना प्रा.लि.,** बागबजार, काठमाडौं, फोन : ०१-४१६७५७१

# प्रकाशकीय

लोकतन्त्रलाई सम्बर्धन गर्दै सवल र सक्षम बनाउने तत्वहरूमध्ये एउटा प्रमुख तत्व आवधिक निर्वाचन हो। निर्वाचनको स्तर, वैधानिकता, त्यसको स्विकार्यता र निर्वाचनले तय गरेको राजनीतिक मूल्य, मान्यता र मतदाताहरूबाट प्राप्त जनादेश नै शासन सत्ताको आधार हो। निर्वाचन नै लोकतन्त्रको बलियो स्तम्भ मानिने हुँदा निर्वाचन स्वच्छ, पारदर्शी, धाँधलीरहित, सरल, कम खर्चिलो र जनसहभागितामूलक छ, छैन भन्ने तथ्यहरु परीक्षण गर्ने, निर्वाचन सम्बन्धी अध्ययन अनुसन्धान गर्ने र त्यसको निष्कर्ष सरोकारवाला निकाय र आममतदाताहरु समक्ष सूचित गर्ने संवाहकको भूमिका निभाउने जस्ता उद्धेश्यहरूबाट प्रेरित भएर विक्रम सम्वत २०७० सालमा निर्वाचन पर्यवेक्षण समिति नेपालको स्थापना भएको हो।

स्थापना पछिको एक दशक भन्दा केही बढीको समयमा यसले संविधानसभाको निर्वाचन, २०७०, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४ र २०७९ एवम् स्थानीय तहको दुईपटकको निर्वाचनहरूको सफलतापूर्वक पर्यवेक्षण सम्पन्न गरेको छ। यो समितीले निर्वाचन सम्बन्धी अध्ययन अनुसन्धान गर्ने सिलसिलामा २०७४ मा भएका  निर्वाचन अभियानमा भएको खर्च सम्बन्धी अध्ययन, प्रतिनिधिसभामा प्रतिपक्षको भूमिका, मतदाताहरूको व्यवहार लोकतन्त्र सशक्तिकरण र नागरिक शिक्षा विषयमा खोजमूलक अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षहरू सम्बन्धित निकायमा पेश गरी सार्वजनिक गरेको छ।

लोकतन्त्रको लागि नेपाली जनताहरूले विगत आठ दशकभन्दा लामो समयदेखि संघर्ष गर्दै आएतापनि लोकतन्त्रले प्राकृतिक गति लिन सकेको अवस्था छैन। वि.सं. २००७ सालमा आएको परिवर्तन पश्चात वि.सं. २०१५ को निर्वाचनले दिएको दुईतिहाईको सरकार पनि वि.सं. २०१७ मा बिघटन गरी लोकतन्त्रिक व्यवस्था नै समाप्त पारियो। २०४७ साल मा पुनः प्राप्त भएको लोकतन्त्रले यथोचित गति लिन नसकेको कारण २०५८ मा थप संकट बेहोर्नु पर्यो। जनताको अदम्य साहस र संघर्षको प्रतिफलस्वरुप २०६२/६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्यो। नेपालको संविधान २०७२ ले प्रत्याभूत र संरक्षित गरेको नागरिक सर्वोच्चताको सार्वभौम अधिकार प्रयोग गर्दै ३ पटकनिर्वाचन सम्पन्न भईसकेका छन्।

२०८२ साल भाद्र २३ गते भएको जेन-जी युवा समुहले आव्हान गरेको विरोध प्रदर्शन र त्यसपछि भएका विद्रोह र राज्य पक्षबाट देखाइएको असंयमता अनि नागरिकहरूले दिएको सहादतको परिणाम थियो २०८२ को निर्वाचन। यथास्थितिमा रहेको भए २०७९ को निर्वाचनले निर्माण गरेको प्रतिनिधिसभाको कार्यकाल २०८४ मा सकिने थियो। तर, मुलुकमा विशिष्ट अवस्था आइपरेको हुँदा २०८२ फाल्गुण २१ गते नै निर्वाचन हुनगयो॥

भाद्र महिनाको विद्रोहमा कारागार फोरेर कैदीबन्दी भागेको, सुरक्षा निकायको हातहतियार खोसिएको र भौतिक संरचनाहरूमा क्षति पुर्याईएको अवस्था थियो। सिंहदरवार लगायतका सरकारी संरचना रराजनितिक दलका शीर्ष नेताहरूको आवासमा आगजनी भएको अवस्था थियो। सुरक्षा संवेदनशीलता उच्च अवस्थामा रहेको, प्रहरीहरूको मनोवल घटेको अवस्थामा हुन गईरहेको यो निर्वाचन संविधानलाई कृयाशील बनाउन पनि आवश्यक

थियो। अरू संवैधानिक जटिलताले मुलुक अशान्तिको दलदलमा नफसोस् भन्ने अभिप्रायले पनि यो निर्वाचनको औचित्य र महत्व ठूलो थियो।

राष्ट्रको यस्तो गम्भीर अवस्थामा हुनगईरहेको निर्वाचनको तटस्थता, बैधता, स्विकार्यता र जनसहभागिता, जस्ता निर्वाचनका आधारभूत मापदण्डरूलाई परीक्षण गरेर हेर्न र त्यसको मूल्याँकन सहित जनतालाई सुसूचित गराउने अभिभारा सहित निर्वाचन पर्यवेक्षण गर्ने कामको लागि निर्वाचन पर्यवेक्षण समिति नेपालप्रति सद्भाव देखाई पर्यवेक्षकहरू परिचालन गर्न आवश्यक सहकार्य गर्ने निकायहरूको सदासयताको कारणले नै यो प्रतिवेदन तयार गर्न सक्षम भएका हौं। उहाँहरुरूप्रति निर्वाचन पर्यवेक्षण समिति नेपाल आभार ब्यक्त गर्दछ।

यो प्रतिवेदनले निर्वाचनको विविध पक्षहरूलाई सुक्ष्मरूपमा अध्ययन गरेको छ। निर्वाचनको सवल पक्षहरूलाई मुक्त कण्ठले प्रशंसा गरेको छ भने दुर्वल पक्षहरूलाई आगामी निर्वाचनहरूमा सुधारका लागि आवश्यक नीति निर्माण गर्न र व्यवस्थापकीय सुधार गर्न सिफारिसहरू पनि गरेको छ। यसमा दिईएका सिफारिसहरू कार्यान्वयन भएको अवस्थामा नेपालको निर्वाचन लोकतान्त्रिक मुलुकहरूको लागि एउटा सफल नमुनाको रूपमा रहन सक्दछ भन्ने विश्वास लिएका छौं।

कतिपय सिफारिसहरू पूर्ववत निर्वाचनहरूमा गरिएको पर्यवेक्षणमा देखिएको कमिकमजोरीहरुरूलाई लक्ष्य गरेर सुधारमुखी कार्यान्वयनको लागि अनुरोध गरिएका थिए। "नो भोट"को व्यवस्था, "विदेशमा रहेका नेपालीहरुरूलाई मतदानको अवसर" जस्ता सिफारिसहरूहरू समय छँदा नै नीतिगत सुधार गरेर कार्यान्वयन गरिएनन्। तिनीहरूको औचित्यता अझै बढ्न गएको हुँदा पुनः यो प्रतिवेदनमा पनि सिफारिस गरिएका छन्।

समयको गतिसंगै सूचना प्रविधिले पनि फड्को मारेको र त्यसको प्रत्यक्ष असर निर्वाचन प्रचार अभियानमा सामाजिक सञ्जालको अधिकतम प्रयोगले उजागर गरेको छ। निर्वाचन प्रचार शैलीमा आएको फरक तरिकाले परम्परागत ढाँचामा तात्विक असर पारेको छ। यसले व्यवसायिक बजारमा समेत असर गरेको छ। अब अनलाइन मिडियामा कन्टेन्ट क्रियटरहरुरूको माग बढ्न गएको देखिएको छ। प्रविधिको प्रयोगलाई र यसले सिर्जना गरेको आचार संहिता उल्लंघनका घटनाहरुलाई नियमन र नियन्त्रणको लागि आवश्यक सुधार गर्न यो प्रतिवेदनमा सिफारिस गरिएको छ।

यो प्रतिवेदनमा पर्यवेक्षण कार्यमा प्रवुद्ध पर्यवेक्षकहरू, निर्वाचन क्षेत्रहरूमा अहोरात्र खटिने दीर्घकालिन तथा अल्पकालिन गरी सवै ६०१ पर्यवेक्षकहरु, संयोजकहरू, मुख्य कार्यालयमा बसेर पर्यवेक्षण योजना, तयारी र कार्यान्वयनमा खटिने विज्ञ समुह, कार्यसमितिका सदस्यहरू, सल्लाहकारहरू र कर्मचारीहरू, मिडिया टिम, आईटी टिम लगायतका अधिकृत तथा सहयोगी मित्रहरू सवैको यथायोग्य योगदान रहेको छ। म उहाँहरुरूको सेवाभाव, तत्परता र कृयाशीलताको हृदयदेखि नै प्रशंसा गर्दछु। साथै निर्वाचनको तयारीको सिलसिलामा पर्यवेक्षकहरूलाई भौतिक उपस्थितिमा र अनलाईन उपस्थितिमा तालिम प्रदान गर्नुहुने विज्ञहरूप्रति आभार व्यक्त गर्दछु। अन्तमा लोकतन्त्र, लोकतन्त्रको स्थायित्व, सुशासन, पारदर्शिता र जवाफदेहिताप्रति सबैको सहयोग र प्रतिबद्दताको अपेक्षा गर्दै यो प्रतिवेदन प्रस्तुत गर्दछु।

**श्रीकृष्ण सुवेदी**<br>
अध्यक्ष<br>
निर्वाचन पर्यवेक्षण समिति नेपाल<br>
बुद्धनगर, काठमाण्डौ।

•••

# विषयसूची


१. कार्यकारी सारांश ........ ७

२. निर्वाचनको पृष्ठभूमि........ ११

३. निर्वाचन प्रणाली ........ १६

४. निर्वाचन प्रशासनः योजनादेखि मतदानसम्म ........ १९

५. चुनावी अभियान प्रचारप्रसार र मतदानः ........ २५

६. डिजिटल क्षेत्रः मिडिया र सीमान्त........ ३३

७. निर्वाचन खर्च........ ४२

९. सुरक्षा संयन्त्र व्यवस्थापन ........ ४६

१०. निष्कर्ष ........ ४९

११. सिफारिसहरू ........ ५७


## अनुसूचीहरू


निर्वाचन पर्यवेक्षकका लागि चेकलिष्ट ........ ६३

पर्यवेक्षकहरुको विवरण: जिल्लागत........ ६५

*पर्यवेक्षकहरूको विवरण: प्रदेशगत* ........ ६६

कार्यसमिति ........ ६६

# कार्यकारी सारांश

एउटा विशिष्ट परिस्थितिमा प्रतिनिधिसभाको लागि निर्वाचन मिति घोषणा गरिएको थियो। जेन-जी आन्दोलनले सिर्जना गरेको जटिल परिस्थितिमा संविधान र लोकतन्त्रको रक्षा गर्ने दिशामा चालिएको राजनीतिक कदम थियो प्रतिनिधिसभाको विघटन र नयाँ प्रतिनिधिसभाको निर्वाचन। सामान्यतया मलुकले २०८४ मा हुने आमचुनावको प्रतिक्षा गरिरहेको अवस्था थियो। २०७९ को निर्वाचनले निर्माण गरेको प्रतिनिधिसभाको आयु अझै दुई वर्ष बाँकी नै थियो। भाद्र २३ र २४ को जनआन्दोलनले तत्कालिन सरकारको बहिर्गमन, नयाँ अन्तरिम सरकारको गठन र उक्त अन्तरिम सरकारले पाएको कार्यादेश (म्यानडेट) बमोजिम् फाल्गुण २१, २०८२ मा निर्वाचन मिति घोषणा गरिएको थियो॥

समयको सिमा र राजनीतिक जटिलताबीच निर्वाचनको मिति घोषणा गर्दा तोकिएको मिति फाल्गुण २१ मा नेपालको भौगोलिक अवस्था र मौसम प्रतिकुलताको कारणले मतदाताहरूको निर्वाचनमा सहभागिता त्यति सहज थिएन। हिमाली भागमा हिमपातको सम्भावना रहने र हिँउदमा फेदी झरेका मतदाताहरू आफ्नो बासस्थान फर्कने सम्भाव्यता पनि कम हुँदा मतदानमा असर पर्ने सम्भावना पनि उत्तिकै थियो। अर्कोतर्फ उक्त आन्दोलनमा फरार थुनुवा तथा कैदबन्दी पक्राउ नपर्नु, लुटिएका हातहतियार फेला नपर्नु र कतिपय राजनितिक दलले निर्वाचन बहिष्कार गरेका कारण यो मितिमा निर्वाचन हुन नसक्ने आशंका पनि त्यत्तिकै थियो।

एकातिर अनपेक्षितरूपमा आएको निर्णयले निर्वाचन गराउने जिम्मेवारीमा बसेको निर्वाचन आयोगले छोटो समयमा निर्वाचनको लागि आवश्यक सवै तयारी निपुणताकासाथ गर्नुपर्ने आवश्यकता थियो भने अर्कोतिर आयोगको नेतृत्व गर्ने प्रमुख निर्वाचन आयुक्तको पद खाली रहेको अवस्थामा सम्पूर्ण निर्वाचन सम्पन्न गर्न पर्ने अवस्था थियो।

भाद्र २३ र २४ को आन्दोलनले सुरक्षा संयन्त्रको मनोवल खस्केको अवस्थामा थियो। नेपाल प्रहरीको कार्यालय लगायत अन्य सुरक्षा सामग्रीहरूरुको भौतिक क्षतिले उनीहरुको कार्यसम्पादनमा असर पारेको थियो। प्रहरीबाट आन्दोलनकारीहरूले खोसेका बन्दुकहरू सवै फिर्ता आएका थिएनन्। कारागारबाट भागेका कैदीबन्दीहरू सवै कारागार फर्केका थिएनन्। यस्तो अवस्थामा निर्वाचन विथोल्न र भाँड्न सक्ने सम्भावनाहरू प्रशस्त थिए। गत निर्वाचनहरू भन्दा यो निर्वाचनमा सुरक्षा संविदनशीतलता ज्यादा नै थियो। देशभरका १०,९६७ मतदानस्थलहरूमध्ये २,८४५ सामान्य, ४,४४२ संवेदनशील र ३,६८० अतिसंवेशनशील क्षेत्रको रुपमा रहेका भन्ने निष्कर्ष केन्द्रीय सुरक्षा समितिले निकालेको थियो।

निर्वाचनका लागि आवश्यक पात्रहरू राजनीतिक दलहरू नै हुन्। तिनै राजनीतिक दलहरू निर्वाचनको मिति नजिकिदै गर्दा पनि निर्वाचनमा भाग लिने र नलिने भन्ने मतान्तरमै विभक्त देखिएका थिए। यस किसिमको कार्यले पक्ष विपक्षमा मुठभेडको अवस्था सिर्जना हुनसक्ने र निर्वाचनको वातावरणलाई बिथोल्न सक्ने सम्भावना थियो।

अतः राजनीतिक तरल अवस्थामा आ—आफ्नो शक्ति सञ्चयको र शक्ति प्रयोग मार्फत लाभ हानीको हिसाव किताववाट सकृय हुन सक्ने सकारात्मक एवम् नकारात्मक पात्र, प्रवृत्ति र पुनरावृत्तिहरू बीचमा बसेर निर्वाचन जस्तो महत्वपूर्ण जिम्मेवारीलाई सफलतापूर्वक सम्पन्न गर्न पर्ने दायित्व अन्तरिम सरकार, निर्वाचन आयोग, सुरक्षा संयन्त्र र अन्य सम्वद्ध पक्षहरूबीच थियो। सवै प्रतिकुलतलाई चिर्दै कुनै पनि अप्रिय घटना नघटी, अपेक्षित मतदान सहित निर्वाचन सम्पन्न हुनसक्नु यो निर्वाचनको एउटा सकारात्मक र प्रशंसनीय पक्ष रह्यो। यसको लागि निर्वाचन आयोग, निर्वाचन गराउन खटिने सम्पूर्ण पदाधिकारी, सहायक कर्मचारी र सुरक्षा निकायका कर्मचारीहरू धन्यवादका पात्र छन्।

त्यसै गरी यो निर्वाचनमा पूर्ववर्ति निर्वाचनहरू भन्दा फरक शैली र तरिकाहरू देखिए। प्रतिस्पर्धी उमेदवारहरूको औषत उमेर ५० वर्ष भन्दा कमका थिए। ६५ वर्ष माथिका २०१ मात्र उम्मेदवारहरू थिए। यसले युवाहरूमा राजनीतिक चेतनाको बढ्दो प्रभाव र राजनीतिक नेतृत्व परिवर्तनको चाहनाहरू प्रष्ट देखिए। सत्ता हस्तान्तरण र पुस्तान्तरणको विषयले प्रमुखता पाएको देखियो। यो निर्वाचनमा देखिएको युवाहरुको उत्साह र सक्रियताले मुलुकमा लोकतन्त्रको भविष्य सुरक्षित रहने सुनिश्चितता गरेको देखिन्छ।

विगतका निर्वाचनहरूमा अवलम्वन गरिएका निर्वाचन प्रचारप्रसारका तौर तरिका र शैलीमा ब्यापक भिन्नता देखियो। विगतका निर्वाचनहरूमा घरदैलो कार्यक्रममा व्यापक कार्यकर्ता परिचालन गरिएका थिए। त्यसैगरी, मतदाताहरूलाई आकर्षण गर्न भोजभतेर लगायत झाँकी प्रदर्शन, आमसभा र कोणसभाहरू समेत प्रशस्त गरिएका थिए। त्यसै गरी निर्वाचनमा गरिने खर्चको वेमेल हिसाबहरू पनि देखिने गरेका थिए। यस पटकको निर्वाचनमा नितान्त भिन्न परिवेश र प्रचार अभियान देखियो। घरदैलो कार्यक्रममा लावालस्कर लगाएर उम्मेदवारहरू हिँडेको धेरै कम स्थानहरूमा देखियो। देखिने गरी भोजभतेर र फजुल खर्चका तामझाम पनि देखिएन। यसले गर्दा निर्वाचन अभियानमा उम्मेदवारहरूले गर्ने गरेको खर्चमा निकै कमी आएको हुनसक्ने प्रारम्भिक अनुमान छ। प्रचार शैलीमा सामाजिक सञ्जालको ब्यापक प्रयोग यो निर्वाचनको टर्निङ प्वाईन्ट थियो।

विगतका निर्वाचनहरूमा जस्तै यो निर्वाचनमा पनि निर्वाचन आचार संहिताको उल्लंघनका केही घटना देखिए र निर्वाचन आयोगले ठोस कारवाही भन्दा पनि स्पष्टिकरण सोधेर मात्र समस्या निवारण गर्न खोजेको देखियो। जसरी हुन्छ निर्वाचन सम्पन्न गराउने ध्याउन्नमा आयोगले आचार संहिताको पालना गराउने सम्बन्धमा लचकता अपनाउने नीति लिएको देखियो। जुन निर्वाचन प्रणालिको संस्थागत विकासका लागि चुनौतीका रुपमा यथावत रहन गयो।

निर्वाचन मिति घोषणा भएपछि पनि सम्भवत युवा आन्दोलनको भावनालाई समेत सम्बोधन गर्ने उद्देश्यले मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रकृया बन्द हुने व्यवस्थालाई सहज गर्दै २०८२ साल फाल्गुण २० सम्म १८ वर्ष उमेर पुगेकाहरूलाई मतदाता नामावलीमा नाम समावेश गराउने सुविधा अध्यादेश जारी गरेर दिइएको थियो। कानुनले गरेको व्यवस्थालाई अध्यादेशवाट संशोधन गर्दा अरु विषयहरू पनि उठ्न सक्ने हुन्छन्। “अर्लि भोटिङ,” “नो भोट” जस्ता विषयहरूले भने अध्यादेशमा ठाउँ पाउन सकेनन्। यध्यपी यी विषयहरू पनि अध्यादेशमा सहजै अटाउन सक्ने थिए।

निर्वाचन आयोगले राज्यको महत्वपूर्ण श्रोत खर्च गरेर छापाखाना खरिद गरेको छ। अर्थात आयोगलाई मतपत्र लगायत अन्य आवश्यक सामाग्री छपाई गर्नसक्ने सुविधा उपलव्ध छ। यस वाहेक नेपाल सरकारको आफ्नै छापाखाना पनि रहेको छ। तर मतपत्र छपाई जनक शिक्षा सामाग्री केन्द्रमा छाप्न दिंदा सुरक्षण सम्बन्धि प्रश्न उठ्न गएको छ। यस पटकको निर्वाचनमा यी कुराहरूलाई गौणरुपमा लिइएको भएता पनि मतपत्रको संवेदनशीलतालाई ध्यान दिंदा खरीद प्रकृयाको पारदर्शिता र सुरक्षण व्यवस्थाको आवश्यकता महसुस गरियो।

सुरक्षा संवेदनशीलताको प्रश्न पनि उठाउन पर्ने प्रासंगिकता देखियो। विगतका निर्वाचनलाई केलाएर हेर्दा जुनजुन ठाउँहरूलाई सुरक्षा संवेदनशील भनेर उल्लेख गरिएका थिए ती मतदानकेन्द्रहरू यस पटकको निर्वाचनमा पनि संवेदनशील क्षेत्र भित्र परेका छन्। निर्वाचनको परिस्थिति, दलगत आधार, प्रतिस्पर्धी अनुहारहरू र अन्य विभिन्न आधारहरू फेरिदा स्थलगतरुपमा सुरक्षा संवेदनशीलता थप जटिल बन्ने वा सहज बन्ने हुन्छन्। यस पटकको निर्वाचनमा सुरक्षा संवेदनशीलता अन्य निर्वाचनहरू भन्दा निःशंकोच र निःशंदेह जटिल थिए। यद्यपि, सुरक्षा निकायबाट संवेदनशील क्षेत्र घोषणाको लागि लिईएका ठोस परिस्थितीको विश्लेष्ण भन्दा परम्पराको निरन्तरता जस्तो देखिन आयो।

मतदाता नामावलीको अवलोकन गर्दा र मतदान केन्द्रमा मतदानको सिलसिलामा हेर्दा मृतकका नामहरू मतदाता नामावलीबाट हटाईएको पाईएन। दिवंगत भएकाहरूको यस्ता नामहरू मृतकका आफन्तले काटिदिएको अवस्थामा वाहेक अन्य तरिकाबाट मतदाता नामावलीबाट झिक्ने व्यवस्था छैन। अतः यस्ता नामहरू वर्षौंदेखि मतदाता नामावलीमा यथास्थितिमा कायम रहेका छन्। यसरी मतदाता नामावलीमा ठूलो संख्यामा मृतकहरूको नाम कायम रहंदा मतदान प्रतिशत हिसाव गर्दा कमी देखिन्छ।

## मुख्य सिफारिसहरू

निर्वाचन शान्त र सौहार्द रुपमा सम्पन्न भयो भनेर गर्व गरिरहंदा पनि यसमा सुधारका गुञ्जायसहरू रहि नै रहेका देखिन्छन्। विगतका निर्वाचनरूमा गरिएका प्रमुख सिफारिसहरूलाई आयोगले ग्रहण गरेको कुरा एकिकृत निर्वाचन कानूनको मस्यौदामा देखिएको थियो। नयाँ कुरा भन्दा समय सन्दर्भ र परिस्थितिले सिर्जना गरेका नविन कुराहरू वाहेक समष्ठिमा अघिल्ला सिफारिसहरूलाई निरन्तरता दिईनु उचित देखिन्छ।

पर्यवेक्षकहरूलाई प्रदान गरिएको परिचयपत्रको पुछारमा मतदान अधिकृतको स्वीकृतीमा मात्र प्रवेश पाइने व्यवस्थाले पर्यवेक्षणलाई निरुत्साहित गरेको देखियो, कतिपय केन्द्रमा प्रवेश नै दिइएन वा टाढाको स्थान तोकियो। मतदानका लागी सेल्फ–इंक स्वस्तिक छापको प्रयोगको सुरुवात गरिनुपर्दछ। स्ट्याम्प प्याडमा स्वस्तिक छाप बारम्बार डुबाउनुपर्ने बाध्यताले अस्पष्ट छाप हुनुका साथै कतिपय मतदाताले मतपत्रमा औंठाछाप लगाई मतदान गर्ने गरेका हुँदा बदर मतको संख्या बढिरहेकोमा सेल्फ-इंकले यो समस्या न्यूनीकरण गर्न मदत गर्दछ।

मतदाता शिक्षा प्रभावकारी नहुँदा करिब पाँच प्रतिशत मत बदर हुने गरेको छ। विद्यालय तहदेखि नै पठनपाठनमा समावेश गर्नेदेखि लिएर अन्य नविन तरिकाले मतदाता शिक्षाको सुरुवात गर्नुपर्छ। मतदाता नामावलीमा दशकौं अघि दिवंगत भएकाहरूको नाम कायमै रहनु व्यवस्थापकीय कमजोरी हो, यसलाई राष्ट्रिय परिचयपत्र र स्थानीय पंजिकाधिकारीको अभिलेखसँग आवद्ध गरी समयमै अधावधिक गर्नुपर्दछ। निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक र वैदेशिक रोजगारीमा जानेहरूका लागि अर्लि भोटिङ तथा अन्तर्राष्ट्रिय विमानस्थलहरूमै 'एयरपोर्ट भोटिङ' को व्यवस्था गर्नुपर्छ। 'नो भोट' लाई कानुनतः व्यवस्था गरी सरकारको

नीति वा व्यवस्थाप्रति शान्तिपूर्ण असहमतिको सशक्त माध्यमको रूपमा मान्यता दिनुपर्छ। प्रवासी नेपालीहरूले अनलाइन माध्यमबाट मतदान गर्न पाउने व्यवस्था गर्नुपर्छ।

इलेक्ट्रोनिक भोटिङ मेसिन (ईभीएम) प्रयोग गर्दा मतपत्र छपाइ, मतपेटिका खरिद, ढुवानी र सुरक्षाको भारी खर्च नियन्त्रण हुन्छ, आयोगले २०६४ मा सफलतापूर्वक प्रयोग गरिसकेको यो प्रणाली पुनः लागू गर्नुपर्छ। मतगणना सम्बन्धित मतदान केन्द्रमै गर्ने वैकल्पिक अभ्यासको थालनी गर्न विज्ञ टोलीले अध्ययन गर्नुपर्छ। निर्वाचन प्रचारप्रसारको खर्च विवरण नबुझाउनेलाई मिनाहा हुने अवस्थाको अन्त्य गरी अनुगमन पदाधिकारीबाटै तत्कालै कारबाही गर्ने व्यवस्था गर्नुपर्छ। सामाजिक सञ्जाल, एआई, अल्गोरिदम र डिपफेकको बढ्दो प्रयोगले सिर्जना गरेका नयाँ जटिलतालाई सम्बोधन गर्न प्राविधिक दक्षता र विज्ञता भएको टोलीले उपयुक्त समसामयिक कानुनको मस्यौदा गर्नुपर्छ। दुई निर्वाचनको बीचको अवधिलाई निर्वाचन सुधार, कानुनी सुदृढीकरण र नवीन अभ्यास विकासका लागि रणनीतिक रूपमा प्रयोग गर्नुपर्छ।

•••

# निर्वाचनको पृष्ठभूमि

सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धले आक्रोशित युवाहरूले मुलुकमा ब्याप्त भ्रष्टाचार, बिसंगति, पक्षधरता, नातावाद (नेपोटिजम) लगायत कुशासनको बिरूद्ध २०८२ भाद्र २३ गते तदनुसार सेप्टेम्बर ८, २०२५ का दिन माईतिघर मण्डलादेखि बानेश्वर चोकसम्म बिरोध प्रदर्शनको आयोजना गरेका थिए। उक्त प्रदर्शनमा विद्यालयका विद्यार्थीहरू विद्यालयको पोशाकमा नै उपस्थित भएका थिए। प्रदर्शनकारीको जुलुस अनियन्त्रित भई संसदको बैठक चलिरहेको बीरेन्द्र अन्तराष्ट्रिय सभागृह तर्फ अगाडि बढ्न खोज्दा सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुबाट हजारौं प्रदर्शनकारीहरू  माथी गोली प्रहार भयो। यसरी उक्त घटनामा १९ जना निहत्था बालबालिकाहरूको ज्यान गयो।

सरकारको यस किसिमको गैरजिम्मेवार तरिकाको शक्ति प्रयोगको कारवाहीबाट आक्रोशित बनेका जनताको भिड भोलिपल्ट भाद्र २४ गते अनियन्त्रितरूपमा सडकमा आयो र संसद, सिंहदरवार, सर्बोच्च अदालत लगायत राष्ट्रपति भवनमा समेत आगजनी गर्यो। यो बिद्रोहको घनत्व, तिब्रता र प्रवाह पूर्व मेचीदेखि महाकालीसम्म एकैसाथ फैलियो। अधिकांश सूरक्षा निकायका भवन,सरकारी भवन र आवास, लगायत विशिष्ट राजनीतिक नेता जस्तै पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, केपी  शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्डदेखि अन्य नाम चलेका नेताका निवास र व्यापारिक प्रतिष्ठानहरूमा समेत आगजनीका घटनाहरू भए। केपी शर्मा ओली र प्रचण्डलाई सेनाले उद्दार गरेर सकुसल सैनिक ब्यारेकमा लगेर राख्यो भने शेरबहादुर देउवा र निजकी पत्नी तत्कालिन परराष्ट्रमन्त्री आरजु राणा देउवालाई घरमा आगजनी गरी भिडले कुटपिट समेत गर्यो र नेपाली सेनाले कठोर प्रयत्न पश्चात उद्धार गरी अस्पताल लगेको थियो। यसरी सिंगो मुलुक आगोको ज्वालामा दन्किरहेको अवस्थामा बल्ल तत्कालिन सरकारका प्रमूख प्रधानमन्त्री केपी शर्मा ओलीले राजिनामा दिएपछी मात्रै नेपाली सेनाले आन्दोलनलाई नियन्त्रणमा लिन सक्यो। यसरी तत्कालिन सरकार स्वतः बिघटन भएपछी नयाँ सरकार गठनको लागि मार्ग प्रशस्त खुल्यो। भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा ७४ जनाको ज्यान गयो।

नेपाली सेनाको सकृयता र राष्ट्रपतिको संयोजकत्वमा भाद्र २६ गते पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको सरकारलाई २०८२ को फाल्गुण २१ गते प्रतिनिधिसभाको लागि निर्वाचन गरी निर्वाचित हुने सरकारलाई सत्ता हस्तान्तरण गर्ने गरी सरकार सञ्चालनको कार्य जिम्मेवारी (म्यानडेट) प्रदान गरिएको थियो।

## २. निर्वाचन पर्यवेक्षणः

निर्वाचन गतिविधि, प्रक्रिया, तयारी, व्यवस्थापन, आचारसंहिता कार्यान्वयनको अवस्था, मतदाता शिक्षा, उम्मेदवार र राजनीतिक दलको निर्वाचन केन्द्रित गतिविधि, प्रचारप्रसार विधि, नीति प्रक्रिया, मतदान प्रक्रिया, मतदाताहरूको सहभागिता, सहजता, समानुपातिक समावेशिता, सुरक्षा व्यवस्था लगायत निर्वाचनको विविध पक्षहरूको भूमिका र

सक्रियता सहित नागरिक अधिकारको रक्षाको प्रत्यभूतिका लागि कार्यान्वयनमा ल्याईएका सैद्धान्तिक र व्यवहारिक कृयाकलापहरूको सुक्ष्म अध्ययन तथा अवलोकन गरेर त्यसको निष्कर्ष निर्वाचन आयोग लगायत नागरिक समाजलाई अवगत गराउनु नै निर्वाचन पर्यवेक्षणको मूलभूत उद्धेश्य हो। यस कार्यमा स्थानीय नागरिक समाज, आमन्त्रित निर्वाचन सम्वद्ध अन्तर्राष्ट्रिय सरकारी निकायहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले निर्वाचनको पर्यवेक्षण गरेका थिए। यसको सैद्धान्तिक आधार निर्वाचनको स्वच्छता, पारदर्शिता, निस्पक्षता, स्विकार्यता र वैधतालाई पुष्ट्याँई गर्नु हो। यस निर्वाचनमा नेपालको नागरिक समाजका ३९ वटा संस्था र ४ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था गरी ४३ वटा संस्थाहरूलाई निर्वाचन पर्यवेक्षण गर्न स्वीकृती प्रदान गरिएको थियो। यसका अतिरिक्त आयोगको आमन्त्रणमा भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, मालद्विभ्स, भुटान, अष्ट्रेलीया, दक्षिण कोरिया, रुस, ईण्डोनेशीया, मलेशीया, र जापानका निर्वाचन आयुक्तहरूले नेपालको निर्वाचनको अवलोकन गरेका थिए।

नेपालको निर्वाचनमा समावेशिता, सहभागिता, श्रोतमा पहुँच, व्यवस्थापकीय निष्पक्षता, अवसरमा समानता जस्ता निर्वाचनको मूल्य र मान्यतालाई प्रवर्धन गर्दै राष्ट्रिय स्वाभिमानको संवर्धन गर्ने दिशामा लोकतान्त्रिक विधिको सम्मान तथा नागरिक अधिकारहरूको रक्षाजस्ता सार्वभौम विषयहरूलाई आत्मसात गर्दै देश तथा विदेशबाट समेत स्विकार्यता प्राप्त गर्ने आधारको रुपमा निर्वाचन पर्यवेक्षणलाई लिने गरिएको छ। लोकतान्त्रिक मूल्य मान्यताको सर्वमान्य सिद्धान्तहरूको पालना भए नभएको तथा निर्वाचन प्रकृयामा सहज पहुँच, सहभागिता र पारदर्शिताको सुनिश्चितताको परीक्षण विधिको रुपमा पनि निर्वाचन पर्यवेक्षणलाई लिने गरिएको छ। यिनै उद्धेश्यहरू प्राप्ति गर्नका लागि निष्पक्ष नागरिक संस्थाको प्रतिनिधित्व गर्दै जवाफदेहितापूर्वक पर्यवेक्षण कार्य सम्पन्न गर्नुपर्ने आवश्यकता रहन्छ। यिनै उद्धेश्यलाई आत्मसात गर्दै निर्वाचन पर्यवेक्षण समिति, नेपालले देशव्यापी रूपमा निर्वाचन पर्यवेक्षण कार्य सफलतापूर्वक सम्पन्न गरेको थियो।

## ३. पर्यवेक्षण तयारी तथा तथ्यांक संकलन विधि

निर्वाचन पर्यवेक्षण समिति नेपालले निम्न कार्य र विधिहरू प्रयोग गरेर निर्वाचन पर्यवेक्षणको कार्य सम्पन्न गरेको थियो।

### क. पर्यवेक्षण हाते पुस्तिका प्रकाशन

पर्यवेक्षण कार्यसँग सम्वन्धित कर्मचारीहरू, सहयोगी, समन्वयकर्ता, र सहजकर्ताहरूलाई पर्यवेक्षणको क्षेत्र, आधारहरू, स्वरुप, विधि, तरिका र यसका सैद्धान्तिक र व्यवहारिक पक्ष लगायत नैतिक मूल्य र मापदण्डहरू तयार गर्न एउटा कार्यशालाको आयोजना गरिएको थियो। यो कार्यशालामा पर्यवेक्षणको उद्धेश्य, भूमिका र जवाफदेहिताका विषयहरूमाथि छलफल गरिरएका थिए। पर्यवेक्षण सम्वन्धी सैद्धान्तिक तथा व्यवहारिक पक्षहरूमाथि व्यापक चर्चा र विश्लेषण पछि नेपालको आफ्नै निर्वाचन अनुभव आदिको समेत आधारहरूलाई दृष्टिगत गर्दै श्रोत व्यक्तिको रूपमा आमन्त्रित विज्ञहरूको राय र परामर्श सहित पर्यवेक्षण हाते पुस्तिका तयार गरियो। यो पुस्तिका पर्यवेक्षणको क्रममा जोडिएका सम्वद्ध पक्षहरू – सबै छोटो अवधि तथा लामो अवधिका लागि नियुक्त पर्यवेक्षकहरूलाई वितरण गरिएको थियो।

### ख. पर्यवेक्षकहरूलाई तालिमः

निर्वाचन पर्यवेक्षणका सैद्धान्तिक तथा व्यवहारिक पक्ष लगायत निर्वाचन ऐन, नियम, राजनीतिक दल सम्बन्धी ऐन नियम, निर्वाचन आचारसंहिताको पालना, पर्यवेक्षकहरूको क्षेत्र, जवाफदेहिता र कानुन तथा मर्यादाको पालना

सहित प्रतिवेदन लेखन सम्बन्धमा विज्ञ प्रशिक्षकहरूबाट लामो अवधिका पर्यवेक्षकहरूलाई दुईदिने आवासीय तथा अन्य सबै पर्यवेक्षकहरूलाई विद्युतीय माध्यममार्फत अनलाइन तालिमको आयोजना गरिएको थियो।

ग. **पर्यवेक्षकहरूको बिमाः** विषम परिस्थितिमा हुनगईरहेको निर्वाचनमा सुरक्षा सम्वेदनशीलतालाई समेत विचार गरेर निर्वाचन केन्द्रहरूमा परिचालित सबै छोटो तथा लामो अवधिका पर्यवेक्षकहरूको लागि पाँच लाखसम्मको दुर्घटना बिमा गरिएको थियो।

### घ. पर्यवेक्षणका चरणहरूः

निर्वाचनको मिति घोषणा पश्चात मात्र विधिवत् रुपमा निर्वाचन प्रकृया शुरु हुन जाने भएकोले निर्वाचन पर्यवेक्षणको अवधि सोही मितिदेखि प्रारम्भ हुने र निर्वाचनका विभिन्न चरण अनुसार पर्यवेक्षणका क्षेत्र पनि निश्चित प्रकारका हुन्छन्। अतः निर्वाचन पर्यवेक्षणको लागि मतदानपूर्वको अवधि, मतदानको दिन, मतदानपश्चात मतगणना र मतपरिणाम घोषणाको अवधि गरी विभिन्न चरणमा बाँडेर निर्वाचन पर्यवेक्षण गर्नेगरी पर्यवेक्षण विधि अबलम्बन गरिएको थियो।

### ङ. संवेदनशील निर्वाचन क्षेत्रहरूको पहिचानः

पूर्वप्रधानमन्त्रीहरू, सम्भावित प्रधानमन्त्रीको लागि नाम लिईएका व्यक्तिहरू लगायत राजनीतिक व्यक्तित्व उच्च भएका स्थापित नेता र आन्दोलनले स्थापित गरेका उदीयमान नेताहरू प्रतिस्पर्धा गरेका सातै प्रदेशका चालिसवटा निर्वाचन क्षेत्रलाई राजनीतिक महत्वको सम्वेदनशील क्षेत्र भनी पहिचान गरिएको हुँदा र तत् तत् क्षेत्रहरूमा लामो अवधिका लागि निर्वाचन पर्यवेक्षकहरू नियुक्त गरिएका थिए।

### च. दीर्घकालिन पर्यवेक्षकहरूको नियुक्तिः

निर्वाचन विज्ञहरूको समुहले पहिचान गरेका चालिसवटा निर्वाचन क्षेत्रहरूमा चालिस जना लामो अवधिका पर्यवेक्षकहरू नियुक्त गरिएका थिए। लामो अवधिका पर्यवेक्षकको जिम्मेवारी निर्वाचनको प्रकृयाका थालनीदेखि मतपरिणाम घोषणासम्मको समग्र निर्वाचन प्रकृयाको पर्यवेक्षण गर्ने जिम्मेवारी दिईएको थियो।

## दीर्घकालिन प्रर्यवेक्षकहरू खटिएका जिल्ला र पर्यवेक्षकको संख्या

**समेटिएका जिल्लाहरू**

| प्रदेश | समेटिएका जिल्लाहरू | पर्यवेक्षक |
|---|---|---|
| कोशी | झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर | ५ |
| मधेश | बारा, सप्तरी, धनुषा, सिरहा, पर्सा र सर्लाही | ६ |
| बागमती | चितवन, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, काठमाडौं, धादिङ, भक्तपुर, ललितपुर र दोलखा | ९ |
| गण्डकी | कास्की, गोरखा, बागलुङ र लम्जुङ | ४ |
| लुम्बिनी | रुपन्देही, नवलपरासी, कपिलवस्तु, दाङ, बाँके, रुकुमपूर्व, प्युठान र रोल्पा | ८ |
| कर्णाली | जुम्ला, जाजरकोट र सुर्खेत | ३ |
| सुदुरपश्चिम | कैलाली, कञ्चनपुर, अछाम, डडेल्धुरा र डोटी | ५ |

### छ. पर्यवेक्षक समन्वयकर्ताको जिम्मेवारीः

लामो समयको लागि नियुक्त पर्यवेक्षकहरूमध्ये विगतका निर्वाचनहरूमा समेत पर्यवेक्षकको भूमिका निर्वाह गरेका र शैक्षिक पृष्ठभूमि समेत अब्बल रहेका व्यक्तिहरू चयन गरी आ–आफ्नो प्रदेश भित्रका छोटोसमयको लागि नियुक्त पर्यवेक्षकहरूलाई प्रशिक्षण दिने तथा पर्यवेक्षण कार्यमा संयोजक तथा समन्वयकर्ताको जिम्मेवारीमा रहने गरी **सातवटै प्रदेशहरूमा पर्यवेक्षक समन्वयकर्ता** नियुक्त गरिएको थियो।

### ज. अल्पकालिन पर्यवेक्षकहरूको नियुक्तिः

७७ वटा जिल्ला र १६५ वटा निर्वाचन क्षेत्र समेटिनी गरी ५६१ जना छोटो अवधिका निर्वाचन पर्यवेक्षकहरू नियुक्त गरिएका थिए। यी पर्यवेक्षकहरूले निर्वाचनको अघिल्लो दिन र निर्वाचन पश्चात मतगणनासम्म पर्यवेक्षण गर्ने गरी जिम्मेवारी दिईएको थियो।

### झ. अल्पकालिन पर्यवेक्षकहरूलाई प्रशिक्षणः

प्रादेशिक संयोजकको जिम्मेवारीमा रहेका संयोजकहरूले आ–आफ्नो प्रदेश अन्तर्गतको निर्वाचन क्षेत्रमा पर्यवेक्षण गर्न नियुक्त पर्यवेक्षण विधि, तरिका र पर्यवेक्षकको काम, कर्तव्य र जिम्मेवारी सम्बन्धमा प्रशिक्षण दिईएको थियो। छोटो अवधिका पर्यवेक्षकहरूलाई निर्वाचन पर्यवेक्षण समिति नेपालले भर्चुअल माध्यमबाट जुम मिटिङमार्फत समेत प्रशिक्षण दिईएको थियो।

### ञ. प्रवुद्ध पर्यवेक्षकः

विभिन्न पेशा व्यवसाय लगायत प्राज्ञिक, प्रशासनिक, न्यायिक तथा कुटनीतिक क्षेत्रमा ख्याति कमाएका विशिष्ट व्यक्तिहरूलाई प्रवुद्ध पर्यवेक्षकको रुपमा निर्वाचन पर्यवेक्षण गर्न आवश्यक व्यवस्था गरिएको थियो। यस्तो पर्यवेक्षण काठमाण्डौ र उपत्यका बाहिरका जिल्लाहरूमा समेत गरिएको थियो। यस किसिमको पर्यवेक्षणबाट निर्वाचनको गुणात्मक पक्षहरू, लोकतान्त्रिक पद्धतिको क्रमिक विकासमा रणनीतिक आधार, कूटनीतिक आयाम, फराकिलो परिवेशको सिर्जना, र सुधारात्मक पक्षहरूको अवधारणगत जानकारी तथा सुझावहरूको अपेक्षा गरिएको थियो।

### ट. मिडिया (प्रिन्ट, डिजिटल, इलेक्ट्रोनिक्स, रेडियो) माध्यमहरूको पर्यवेक्षणः

छापा तथा प्रसारण माध्यमहरूबाट प्रचार प्रचार गरिएका सामग्रीहरूको मिथ्या सूचना, भ्रामक सूचना, द्वेष तथा घृणायुक्त सूचनाहरूको विषयमा पर्यवेक्षण गर्न एउटा सानो टिमलाई सशक्तरुपमा परिचालन गरिएको थियो।

### ठ. सामाजिक सञ्जाल र ईलेक्ट्रोनिक सञ्चार र प्रसारणको पर्यवेक्षण:

निर्वाचन प्रचारप्सारको क्रममा हुन सक्ने सामाजिक सञ्जालको प्रयोग र दुस्प्रचार जस्ता विषयहरूलाई पर्यवेक्षण गरी प्रतिवेदन गर्न कम्प्युटर साइन्समा मूलतः सामाजिक सञ्जाल सम्वन्धी विषयहरूमा दक्ष विज्ञहरूको टिमलाई परिचालन गरिएको थियो। निर्वाचन पर्यवेक्षण समिति नेपालले निर्वाचन अवधिभर Election Watch-2082 नामक वेवपेज सञ्चालनमा ल्याएको थियो। नेपालभरिबाट संकलन गरिएका तथ्यहरुका आधारमा रियल टाईम अपडेट गर्न मिल्ने यो साइटमा कहाँ के कस्ता घटनाहरू भए भन्ने दसी प्रमाण सहित तथ्य र विवरणहरू प्राप्त गर्ने गरी व्यवस्था मिलाईएको थियो।

## ड. निर्वाचन सूचना संप्रेषणः

निर्वाचन अवधि भित्र पर्यवेक्षणको सिलसिलामा उपलव्ध तथ्य, तथ्यांक र निस्कर्षहरू प्रेस कन्फरेन्समार्फत जानकारी गराउने साथै विज्ञप्तिहरू प्रकाशन गरी सुसूचित गराउने गरी कार्यक्रम मिलाईएको थियो।

## ढ. पर्यवेक्षकको परिचालन (दीर्घकालीन, अल्पकालिन):

अल्पकालिन पर्यवेक्षकहरूबाट सामान्यरुपमा निर्वाचन आचारसंहिता उल्लंघनका घटनाहरू टिपोट गरिने भएको हुँदा निर्वाचनको मूल प्रकृति, प्रवृति लगायत यसका दृश्य अदृश्य पाटाहरूमाथिको विश्लेषण हुन सक्दैन। अल्पकालिन पर्यवेक्षक मतदानको दिन मतदान केन्द्रमा देखिने निर्वाचन प्रकृया पालना र निर्वाचन आचारसंहिता केन्द्रित घटना प्रेरित पर्यवेक्षण हुन्छ। निर्वाचनको तहगत र अन्तरंग प्रवृत्तिहरूलाई पर्यवेक्षण गर्न दीर्घकालिन पर्यवेक्षकहरूको आवश्यकता महसुस गरी चयन गरिएका निर्वाचन क्षेत्रहरूमा विशेष निपुणताका साथ पर्यवेक्षण गर्न चालिस जना पर्यवेक्षकहरू खटाईएका थिए। यिनीहरूले निर्वाचन पर्यवेक्षणका अतिरिक्त निर्वाचन अभियानमा प्रतिस्पर्धि उम्मेदवारहरूले गर्ने खर्चको रूपरेखा र अधिकतम् सिमाको हदबन्दी समेतलाई अध्ययनको विषय बनाएका थिए।

## ण. तुलनात्मक ढाँचाः

पर्यवेक्षण प्रतिवेदनले अघिल्लो निर्वाचनमा भएका आचार संहिता उल्लंघनका घटनाहरू र यस निर्वाचनमा भएका घटनाहरू, निर्वाचन प्रचार अभियानका किसिम र प्रकारहरू, निर्वाचन अभियान खर्चका आयामहरूलाई प्रतिवेदनले प्रवृत्तिहरू पहिचान गरी समीक्षा सहित पर्यवेक्षणको निस्कर्ष निकाल्ने प्रयास भएकोछ। पर्यवेक्षकहरूलाई पर्यवेक्षण गर्दा हेर्न पर्ने विषयहरूलाई समावेश गरी उपलव्ध गराइएको चेकलिष्ट अनुसूची १ मा दिईएको छ।

## त. पर्यवेक्षणको सिलसिलामा प्रयोग गरिएका चरहरू – (Variables):

निर्वाचन पर्यवेक्षणको विविध पक्षहरूलाई समेटेने गरी २७ वटा चरहरू प्रयोग गरेर गुगल फारमद्वारा समेत निर्वाचनको निष्पक्षता, तटस्थता, पारदर्शिता, सहभागिता, समावेशिता लगायत कानुनी प्रकृया र निर्वाचन आचारसंहिताको अवस्था समेतको अध्ययन गरिएको थियो। पर्यवेक्षण विधिमा प्रयोग गरिएका २७ वटा चरहरू अनुसूची–२ मा दिईएका छन्।

•••

# निर्वाचन प्रणाली

## १. निर्वाचन प्रणालीः


नेपालको निर्वाचन पद्धति मिश्रित रहेको छ। नेपालको संघीय संसदको रुपमा प्रतिनिधिसभा र राष्ट्रियसभा गरेर दुई सदनात्मक व्यवस्था छ। यी दुवै सदनहरूको लागि हुने निर्वाचन पद्धति पनि फरक-फरक किसिमका छन्। राष्ट्रियसभाको सदस्यहरूलाई निर्वाचन गर्ने मतदाता वा ईलेक्ट्रोरल कलेजमा संघीय संसद र प्रदेशसभाका सदस्यहरु लगायत स्थानीय तहका प्रमुख र उपप्रमुखहरु रहने व्यवस्था छ। प्रदेशसभा सदस्यहरू र स्थानीय प्रतिनिधिहरूको मतलाई छुट्टा छुट्टै मतभार दिएर गणना गर्ने विधि अपनाईएको छ। ५९ सदस्यीय राष्ट्रियसभामा नेपाल सरकारको सिफारिसमा तीन जनालाई राष्ट्रपतिबाट मनोनयन गरिने प्रावधान रहेको छ।

संघीय संसद प्रतिनिधिसभाको लागि प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीद्वारा जनप्रतिनिधिहरूको निर्वाचन गरिन्छ। त्यसको लागि संघीय संसदको प्रतिनिधिसभाका लागि नेपाल भित्र रहेका ७७ जिल्लालाई आधार लिएर भूगोल तथा जनसंख्याको आधारमा १६५ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। १६५ निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणालीबाट १६५ जना र भूगोल, लिङ्ग, जाति, पिछडिएको बर्ग, क्षेत्र, अपाङ्गता, सीमान्तीकृत सहितको समावेशिताको आधारमा समानुपातिक निर्वाचनबाट ११० जना गरी २७५ सदस्य रहने गरी प्रतिनिधिसभाको निर्वाचन गरिन्छ।

समानुपातिक निर्वाचनको लागि निर्वाचनमा भाग लिने दलहरूले निर्वाचन आयोगले तोकेको ढाँचामा समावेशी समूह मिलाएर मनोनित सदस्यहरूको बन्दसूची सहितको नामावली आयोगमा पेश गर्नु पर्दछ। आयोगले पेश भएका सूचीमा समावेश नामावली कानुनसम्मत र तोकिएको प्रकृयाको विधि पुगे नपुगेको परीक्षण गरेर नामावली सच्याउने अवसर दिनेछ र प्रेषित नामावली उपर दावि विरोधको लागि अन्तिम नामावली प्रकाशन गर्दछ।

## २. बदलिँदो राजनीतिक परिदृश्यः

२०७९ सालमा भएको निर्वाचनले गठन गरेको प्रतिनिधिसभाको कार्यकाल २०८४ सालसम्म थियो। बदलिंदो राजनीतिक परिदृश्य बुझ्न दुई निर्वाचनको प्रमुख दलहरूको तुलनात्मक प्रतिनिधित्व संख्या हेर्नुपर्ने हुन्छ।




नेपालको संविधानले कायम गरेको संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था अन्तर्गतको समावेशी तथा समानुपातिक निर्वाचन पद्धति अन्तर्गत भएका प्रतिनिधिसभाका दुईवटा निर्वाचनहरूमा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गर्न सकेनन्। २०७४ र २०७९ मा भएका प्रतिनिधिसभाको निर्वाचनमा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकि एकल सरकार बनाउन सकेनन्। फलतः मिलिजुली सरकारको गठबन्धनबाट सरकार बन्ने बनाउने प्रकृयाबाट देशले मुक्ति पाउन सकेन। यसैबिच राजनीतिक श्रेष्ठता र शक्ति सञ्चयको लागि संविधानको आफू अनुकुल अपव्याख्या गरी दुई–दुई पटक संसद भंग गरियो। सर्वोच्च अदालतको निर्णयलाई समेत अपव्याख्या गर्दै आफू अनुकुल सत्ता सञ्चालनको प्रयास गर्दा आम मानिसहरूमा व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न भएको अवस्था थियो। जनताहरू अस्थिर अवस्थाबाट स्थिरतातर्फ मुलुक बढेको हेर्न चाहन्थे।

मुलुकमा अपेक्षित विकासले गति लिन नसक्नु, बेरोजगारीका दरहरू बढ्दै जानु र रोजगारीको लागि युवाहरूलाई विदेश पलायन हुनु पर्ने वाध्यात्मक अवस्थाबाट युवावर्गमा नैराश्यता उत्पन्न भएको अवस्था थियो। त्यसमाथि भ्रष्टाचारका असंख्य काण्डहरूले स्थापित पुराना नेताहरूप्रति र भ्रष्टाचारका काण्डहरूसंग नाम जोडिएकाहरूसंग युवावर्ग आक्रोसित थियो। फलतः गत भाद्र २३ र २४ गतेको विद्रोहले राजनीतिको केन्द्रमा नै प्रहार गरेको अवस्था रह्यो।

युवाहरूको विद्रोहले सत्ता परिवर्तन गरेको र त्यसैको परिणाम २०८२ फाल्गुण २१ को निर्वाचन भएको हुँदा यो निर्वाचनबाट निर्वाचित प्रतिनिधिसभाको सम्मुख समस्याहरूका विकराल चाङ उपस्थित छन्। यो मात्र सत्ता परिवर्तन हो र व्यवस्था परिवर्तन होईन। तर युवाहरूले खोजेको सुशासनको प्रत्याभूति संविधानको संशोधन बेगर सम्भव हुने देखिदैन। एक समय निर्वाचन पद्धतिमै पनि दोष छ कि भनेर विचार गरिएकोमा यो निर्वाचनले एउटा दललाई स्पष्ट बहुमत दिएको हुँदा निर्वाचन पद्धतिभन्दा पनि निर्वाचन प्रकृयामा विशेष ध्यान दिनु पर्ने अवस्था देखिन्छ। अझै पनि ठूलो मतदाता संख्या मुलुक बाहिर भएको र तिनीहरूलाई मतदानको अधिकारवाट बाहिर राखिएको हुँदा मतपरिणाममा तात्विक अन्तर बनाउन सक्ने ठूलो तप्कालाई व्यवस्थित तरिकाले मताधिकार सुरक्षित गर्नु पर्ने अवस्था छ।

•••

# निर्वाचन प्रशासनः योजनादेखि मतदानसम्म

## १. निर्वाचन प्रशासनः

जेनजी आन्दोलनले संवैधानिकरुपमा निर्वाचित तत्कालिन गठबन्धन सरकारलाई विस्थापित गरी प्रतिनिधिसभालाई विघटन गर्नुपर्ने अबस्था सिर्जना भयो। सुशीला कार्कीको नेतृत्वमा गठित अन्तरिम सरकारले नयाँ प्रतिनिधिसभाको लागि फाल्गुण २१, २०८२ को दिनलाई निर्वाचन मिति घोषणा गर्‍यो। निर्वाचन मिति घोषणा गर्दा मुलुकमा निर्वाचन गराउने जिम्मेवारीमा बसेको निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तको पद खाली थियो र कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले नेतृत्व सम्हाल्नु भएको थियो। प्रतिनिधिसभा नभएको अवस्थामा संवैधानिक परिषदले तत्काल प्रमुख निर्वाचन आयुक्तको सिफारिस एवम् नियुक्ति गर्ने अवस्था समेत विद्यमान थिएन। अतः घोषित निर्वाचन सञ्चालनको मुख्य जिम्मेवारी कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको नेतृत्मा रहेको निर्वाचन आयोगबाट सम्पादन भयो।

निर्वाचनको लागि आवश्यक तयारी गर्न मानवीय तथा आर्थिक श्रोत र बन्दोबस्तीका (लजिष्टिक) साधनहरु परिचालनको लागि सरकारबाट सहयोग प्राप्त हुने स्पष्टोक्ति आयोगले प्राप्त गरेको थियो। साथै, केही सहयोग विदेशी मित्रराष्ट्रहरूबाट समेत प्राप्त हुने आश्वासन मिलेको थियो।

## २. निर्वाचनको तयारीः

निर्वाचन आयोगले निर्वाचनको लागि आवश्यक तयारी समयमा नै सम्पन्न गरेको थियो। आवश्यक बन्दोबस्ती (लजिष्टिक) लगायत बजेट र सुरक्षा सयन्त्रसंगको सहकार्य चुस्तरूपमा नै भएको देखियो। मतदानस्थलको सुरक्षाको पहिलो घेरामा नेपाल प्रहरी र निर्वाचन प्रहरी, दोश्रो घेरामा सशस्त्र प्रहरी र बाहिरी घेरामा नेपाली सेना रहेका थिए। मतदानस्थल सुरक्षाको लागि १,३३,९८० जना निर्वाचन प्रहरी भर्ना गरिएका थिए। निर्वाचनको लागि आवश्यक तालिमको पनि प्रबन्ध गरिएको थियो। मतदाता सचेतना कार्यक्रमको लागि पनि व्यवस्था गरिएको पाईएको थियो। सामाजिक सञ्जालको अनुगमनका लागि सिमितरूपमा भएपनि प्रयास गरिएको थियो।

## ३. प्रमुख निर्वाचन अधिकृतहरूको नियुक्तिः

विगत निर्वाचनहरूको व्यवस्थापकीय ढाँचालाई अनुसरण गर्दै यस पटक पनि प्रत्येक जिल्लामा निर्वाचन तयारी, व्यवस्थापन तथा सञ्चालनको मुख्य जिम्मेवारी जिल्ला न्यायाधीशहरूलाई प्रदान गरिएको थियो।

## ४. मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीहरूको परिचालनः

मतदानको लागि आवश्यक कर्मचारीहरू मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत सहायक कर्मचारीहरू नेपाल सरकारका कर्मचारीहरू, संस्थानका कर्मचारीहरू र विद्यालयका शिक्षकहरूलाई तालिम प्रदान गरी खटाईएको थियो। साथै निर्वाचन शिक्षाको लागि स्वयमसेवकहरू पनि परिचालन गरिएको थियो।

## ५. मतदान केन्द्रको भौतिक अवस्थाः

मतदान केन्द्रहरूको भौतिक अवस्थाको निरीक्षण गरी आवश्यक मर्मत र व्यवस्थापन गरिएको थियो। भौगोलिक विकटतालाई ध्यान दिँदै दुर्गम क्षेत्रका केन्द्रहरूमा विशेष ध्यान दिइएको थियो।

## ६. मतदान सामग्रीको ढुवानीः

मतपेटिका, मतपत्र, मसी लगायत आवश्यक सबै निर्वाचन सामग्रीहरू फागुन १८ गतेभित्रै जिल्लाका सबै केन्द्रहरूमा पुऱ्याउने लक्ष्यका साथ ढुवानी व्यवस्थापन गरिएको थियो।

## ७. एकीकृत सुरक्षा योजनाः


निर्वाचनको संवेदनशीलतालाई मध्यनजर गर्दै "एकीकृत सुरक्षा योजना" लागू गरिएको थियो।

## ८. निर्वाचनको लागि बजेटः

बजेट विवरण

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | निर्वाचन आयोग | ६,७२,००,००,००० |
| २. | गृह मन्त्रालय<br>↳ नेपाल प्रहरी: ७,१३,२५,००,०००<br>↳ सशस्त्र प्रहरीबल: ८०,८४,००,००० | १०,३८,३४,८०,००० |
| ३. | सेना | १,९९,००,००,००० |
| ४. | अन्य | २,४०,००,००,००० |


रकम अनुसार तुलना



## ९. निर्वाचनमा युवा सहभागिताः

प्रतिनिधिसभा निर्वाचनका लागि कुल मतदाता १ करोड ८९ लाख ३  हजार ६८९ मध्ये युवाहरूकै बाहुल्यता देखिन्छ। कुल मतदातामध्ये १८ देखि ४० वर्ष उमेर समूहका मतदाता ५२ प्रतिशत रहेका थिए। त्यसैगरी, निर्वाचन आयोगका अनुसार प्रत्यक्ष निर्वाचन तर्फ कुल ३ हजार ४ सय ६ उम्मेदवारमध्ये २५ देखि ४० वर्ष उमेर समूहका उम्मेदवार १ हजार ५६ जना थिए॥ निर्वाचन आयोगले सार्वजनिक गरेको उम्मेदवार सूचीअनुसार जेन–जी उमेर समूहका उम्मेदवारहरु जम्मा १५३ जना थिए,  जुन कुल उम्मेदवारको करिब ४.५ प्रतिशत हो। अर्थात २५ देखि २८ वर्ष उमेरका १५३ जना उम्मेदवार छन्।

### उमेर समुह अनुसार उम्मेदवारीः





## १०. निर्वाचनमा महिला सहभागिताः

विगतका निर्वाचनहरूमा जस्तै यो पटकको निर्वाचनमा पनि प्रत्यक्षतर्फको निर्वाचन प्रतिस्पर्धामा महिलाहरूको उम्मेदवारी तुलनात्मकरूपमा कमजोर नै रह्यो। २०७४ को प्रत्यक्षतर्फको निर्वाचनमा ३.६ प्रतिशत प्रतिनिधित्व भएकोमा २०७९ को निर्वाचनमा महिलाहरूको प्रत्यक्षतर्फको प्रतिनिधित्व ५.५ प्रतिशत थियो भने २०८२ को निर्वाचनमा ८.५ प्रतिशत अर्थात १६५ मा १४ जना महिलाले प्रत्यक्षमा बिजय हात पारेका थिए। यसरी हेर्दा सामान्य बृद्धि देखिन्छ तर यसलाई उत्साहजनक प्रगति मान्न सकिन्न र यो क्षेत्रमा प्रशस्त सुधारको गुञ्जायस रहेको प्रष्ट देखिन्छ। संवैधानिक प्रावधानवमोजिम प्रतिनिधिसभामा ३३ प्रतिशत प्रतिनिधित्व पुर्याउन प्रत्येक राजनीतिक दलले समानुपातिक सिटको सहायता लिएको देखिन्छ। समानुपातिक तर्फको सिटहरू धेरैजसो महिलाहरूको संख्या पुऱ्याउन खर्च प्रयोग गर्दा सीमान्तीकृत, पिछडा, आदिवासी, जनजाति, दलितहरुको प्रतिनिधित्वमा प्रत्यक्ष असर पर्न गएको छ। अतः निर्वाचन पद्धतिमा रहेको यस किसिमको कमजोरी सुधार गर्न आवश्यक छ।

## ११. प्रत्यक्षतर्फ महिला उम्मेदवारीमा प्रमुख राजनीतिक दलहरूकै उदासिनताः

जित्ने सम्भावना भएकाहरूलाई निर्वाचन प्रतिस्पर्धाको लागि टिकट दिने व्यवस्थाले नेतृत्व क्षमता भएको तर आर्थिक श्रोतमा कम पहुँच भएको कारणले क्षमतावान हुँदाहुँदै पनि टिकटबाट बञ्चितिकरणमा पर्ने गरेका देखिएका छन् महिला नेतृहरू। यसमा दलीय उदासिनता पनि प्रमुख कारक देखिन्छ। २०८२ को निर्वाचनमा प्रत्यक्षतर्फ महिलाहरूको उम्मेदवारीको अवस्था तल चित्रण गरिएको छ।




उम्मेदवार प्रतिनिधिहरू छनौटमा समावेशितालाई त्यति ध्यान दिएको पाईएन।

## १२. तयारी र क्षमताः

**सदरमुकामदेखि १०० किमी टाढाका मतदानस्थलः** नेपाल–चीन उत्तरी कोरलानाकास्थित माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा कायम गरिएका मतदानस्थलहरू एक सय किलोमिटरभन्दा बढी दूरीमा रहेको जानकारी हुन आएको छ। लोमान्थाङ गाउँपालिकामा ६ वटा मतदानस्थल रहेका जहाँ दुई हजार ११ जना मतदाता छन्, यहाँका सबै मतदानस्थलमा पुग्न सदरमुकाम जोमसोमदेखि सवारीसाधनमार्फत करिब ६/७ घन्टा समय लाग्ने रहेछ। लोघेकर दामोदरकुण्ड गाउँपालिकाका मतदान केन्द्रहरूको दूरी पनि एक सय किलोमिटर दूरीमा रहेछन्। बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाअन्तर्गतका मतदान केन्द्र तथा मतदानस्थलहरूको दूरी जोमसोमबाट करिब ५० किलोमिटर टाढा रहेछन्।

## १३. मतपत्र ढुवानीमा हेलिकप्टरको प्रयोगः

पहाडी क्षेत्रका मतदानस्थलसम्म कर्मचारीहरू खटाउन र निर्वाचन सामग्रीहरू ढुवानी गर्न अझै पनि समस्याको रुपमा रहेको छ। नेपाली सेनाको हेलिकप्टरको प्रयोग एउटा बलियो बिकल्पको रुपमा रहेको र त्यसलाई प्रयोग गरिएको कामलाई प्रशंसा गर्नै पर्ने हुन्छ।

## १४. महिला मतदाताहरूको लागि छुट्टै लाईनः

महिला मतदाताहरूको लागि मतदान गर्न जान प्रवेशद्वारदेखि नै छुट्टै लाईनमा बस्ने प्रबन्ध मिलाईएको थियो।

## १५. मतदान केन्द्रमा आधारभूत सेवा तथा ज्येष्ठ नागरिकको व्यवस्थाः

धेरै मतदान केन्द्रहरूमा पिउने पानी, शौचालय, र प्राथमिक उपचारको कुनै व्यवस्था नभएको पाइयो। घाम र वर्षा थिएन तर लामो लाइनका कारण वृद्धवृद्धा, बिरामी तथा गर्भवती मतदाताहरू लामो समय उभिन बाध्य भएका थिए। ज्येष्ठ नागरिकहरूका लागि धेरै ठाउँमा बस्ने ठाउँको व्यवस्था गरिएको भए पनि सय वर्ष नाघेका वृद्ध बाबुआमालाई डोर्‍याएर ल्याउँदा समेत उनीहरूलाई लामो लाइनमा उभिनुपर्ने बाध्यता थियो।

## १६. कृयापुत्रीहरू समेत मतदानमाः

आशोच बारेर बसेका कृयापुत्रीहरू समेत मतदान केन्द्रमा उपस्थित भएर मतदान गरेको देखियो। उनीहरूको साँस्कृतिक एवम् धार्मिक मान्यतामा असर नपर्ने गरी सहज पहुँच उपलव्ध गराइएको देखियो।

विगतका निर्वाचनहरूमा समेत अपाङ्गता भएका, जेष्ठ नागरिक, असक्त मतदाताहरूलाई सहज र सुविस्ताले मतदान गर्नसक्ने व्यवस्थाको लागि पर्यवेक्षण प्रतिवेदनहरूमा उल्लेख गरिंदै आएकोमा निर्वाचन आयोगको तयारीलाई दृष्टिगत गर्दा र निर्वाचन क्षेत्रहरूको भौगोलिक अवस्था, मतदान केन्द्रको अवस्थिति, जनसहभागिता समेतको नजरबाट सम्भव भएसम्म मतदाताहरूको आवस्यकतालाई सम्वोधन गर्ने प्रयत्न गरेको देखिन्छ।

## १७. मतदाता शिक्षाः

गत निर्वाचनहरूमा औंल्याईए जस्तै यस पटकको निर्वाचनमा पनि निर्वाचन आयोगले मतदाता शिक्षाको लागि उल्लेख्य रकम खर्च गरेपनि त्यसको उपयोगिता र प्रभाव नगन्यरूपमा मात्र पर्‍यो। यस पटक मतदाता शिक्षामा स्वयमसेवकहरू परिचान गरेपनि अपेक्षित प्रतिफल प्राप्त हुन सकेन। रेडियो, टेलिभिजनमा देखाईने मतदान विधिले खासै प्रभाव पार्न सकेको देखिएन। मतगणना गर्ने सिलसिलामा देखिएका मतपत्रहरूमा अझैपनि

औंठाछाप लागेको देखियो। करिव पाँच प्रतिशत मत बदर हुनु भनेको प्रतिनिधत्वमा तात्विक फरक पार्नसक्ने मतदान हो। ५९ प्रतिशत मतदानको ५ प्रतिशत भनेको करीब पाँचलाख सत्तरी हजार मत हो। यति ठूलो मत १० वटा भन्दा बढी सिटको प्रतिनिधित्व हो। अतः पाँच प्रतिशत मत बदर भनेको तुलनात्मक रूपमा ठूलो असर हो। मत बदरका कारणहरू अध्ययन गरेर त्यसलाई न्युनिकरण गर्नेतर्फ ठोस कार्यक्रम सञ्चालन गरिनु आवश्यक छ।

## १८. मतदाता नामावलीः

मतदाता नामावलीलाई प्राविधिक रुपमा राष्ट्रिय परिचयपत्रको डेटा सिस्टमसंग आवद्ध गरी अद्यावधिक हुने व्यवस्था गर्न आवश्यक देखियो। मतदाता परिचयपत्र लिएर जाने मतदाताहरूको समेत नामावलीमा नाम रूजु हुन नसकेको अवस्था थियो। मतदाता परिचय पत्रको क्रमसंख्या नमिल्दा एउटा लाईनमा बसेको व्यक्ति अर्को लाईन खोज्दै जानुपर्ने अवस्था देखियो।

मतदाता नामावलीमा फाल्गुन २० सम्म १८ वर्ष पूरा गरेकाहरूलाई नाम दर्ता गर्ने अवसर प्रदान गरिएको थियो। यही विचमा मतदानमा सहभागि हुने भनेर र लामो समयदेखिको विदेशको बसाई सकेर फर्केका नेपालीहरूले आफ्नो नाम मतदाता सूचीमा पाउन पनि सकेनन् र दर्ता गर्ने अवसर पनि पाएनन् र मतदान गर्ने अवसरबाट वञ्चित भएका देखिए। अतः राज्यले प्रदान गर्ने सुविधामा एकरुपता देखिएन।

मतदाता नामावलीमा मृतकहरूको नाम कायमै रहँदा मतदाता संख्या बढेको देखिन्छ। दशौं वर्षदेखि मृतकहरूको नाम मतदाता सूचीबाट वाहिर निकालिएको छैन। यसलाई निर्वाचन आयोगको कमजोरी कै रूपमा हेर्नु पर्दछ। करिव दशलाख मृतकको नाम मतदाता सूचीमा रहँदा मतदानको टर्नओभर प्रतिशत घटेको देखिन्छ। यही निर्वाचनमा ५९ प्रतिशत मतदान भएको आधिकारिक तथ्याङ्क आयोगले वाहिर ल्याउदा मृतक मतदाताहरूको संख्या समेत कुल मतदातामा जोडिएर आएको छ। वास्तविक रूपमा दुई प्रतिशत मात्र बढ्दा पनि मतदान प्रतिशत ६१ पुग्दछ।

## १९. उम्मेदवारी दर्ताः

उम्मेदवारी दर्ता गर्दा नै प्रहरी प्रतिवेदन बुझ्ने व्यवस्था भएको भए धनुषा १ का प्रत्यासी किशोरी साहको नामांकन पछि गएर बदर गर्नुपर्ने थिएन। उम्मेदवारी बदर भएको अवस्थामा पनि निजको चिन्ह्मा बिजयी उम्मेदवार भन्दा दुईगुणा मत बढी परेको थियो। अर्थात उम्मेदवारी बदर नभएको भए उनैको जीत निश्चित रहेछ। अतः अभ्यासबाट देखिएको एउटा सिकाईलाई मान्ने हो भने निर्वाचनमा प्रत्यासी हुन चाहने उम्मेदवारले प्रहरी प्रतिवेदन साथमा नै बुझाउन पर्ने प्रावधान राख्न अनिवार्य भएको देखिन्छ।

## २०. प्रोक्सी उम्मेदवारः

निर्वाचनको परिणाम वाहिर आउँदा २,८९० उम्मेदवारहरुको धरौटी जफत भएको र ३५० उम्मेदवारहरुले शुन्य मत प्राप्त गरेको तथ्यांक वाहिर आएको छ। यसको प्रत्यक्ष अर्थ हो, उम्मेदवार आफूले आफैलाई पनि मत दिएनन्। एक मत भएपनि आफ्नो दलको वा आफूले समर्थन गरेको उम्मेदवारलाई दिएको देखिन्छ। शुन्य मत पाउने उम्मेदवारको उम्मेदवारी प्रोक्सी उम्मेदवारी वा सहयोगी उम्मेदवारी हो। यस किसिमको उम्मेदवारी कानुनीरुपमा त वैध देखिन्छ तर नैतिकरुपमा कानुन र कानुनले प्रदान गरेको सुविधाको दुरुपयोग गर्ने मनसायबाट प्रेरित देखिन्छ। यस किसिमको उम्मेदवारीलाई निरुत्साहित गर्न अध्ययन गरी आवश्यक कानुनी कदम चाल्नुपर्ने देखिन्छ।

•••

# चुनावी अभियान प्रचारप्रसार र मतदानः

**प्रचार अभियानका फरक आयामहरूः** निर्वाचन भनेको राजनीतिक दल र स्वतन्त्र प्रत्यासी उम्मेदवारहरूले समाज र राष्ट्रको प्रगति र उन्नतिको लागि लिईने नीति र कार्यक्मका आ–आफ्नो प्रतिवद्धताहरू मतदाता समक्ष लगेर उनीहरूको मतको लागि आग्रहगर्ने र जनमत जितेर शासन सञ्चालन गर्ने पद्धति हो। अतः मतदाताहरूलाई आफ्नो र आफ्नो दलको सिद्धान्त, एजेण्डा र कार्यक्रमहरूप्रति आकर्षण गर्न मतदातासम्म पुग्न गरिने प्रयासको तरिका हो प्रचार अभियान। उम्मेदवारहरूले आफ्नो राजनीतिक एजेण्डा विभिन्न आकर्षक प्याकेजमा प्रस्तुत गर्न विभिन्न तरिका र माध्यमहरू अपनाएका थिए।

## १. भौतिक प्रचारः

परम्परागत चुनावी प्रचार अभियानमा देखिने स्वरुपहरूमा पर्चा, पोष्टर, पम्पलेट, ब्यानर, माईकिङ, कोणसभा, आमसभा, घरदैलो कार्यक्रम, साइकल ¥याली, मोटरसाईकल ¥याली, जनप्रदर्शन, सामाजिक संघसंस्थाहरू परिचालन, संघसंस्था र गुठी आदिलाई दान दातव्य, युवाहरूलाई खेलकुद सामग्री खरीद, दृश्य/अदृश्य मौद्रिक परिचालन, भोजभतेर आदि हुन्।

## २. अभौतिक प्रचारः

अभौतिक परम्परागत निर्वाचन प्रचारको माध्यममा रेडियोका विभिन्न फ्रिक्वेन्सीहरूको प्रयोग, एफएमबाट निर्वाचन प्रत्यासीले आफ्नो एजेण्डा प्रसारण र मतदातासंग संवाद, सूचना संप्रेषण, टेलिभिजनबाट सन्देश प्रवाह आदि हुन्।

## ३. निर्वाचन घोषणापत्रः

निर्वाचनको मिति घोषणा भएपछि प्रायः राजनीतिक दलहरूले आफ्नो दलले बहुमत प्राप्त गरी सरकारमा गएको अवस्थामा लिने नीति, कार्यक्रमहरूको विस्तृत रूपमा उल्लेख गरेको निर्वाचन घोषणपत्र तयार गरी मतदाता समक्ष पु¥याउने गर्दछन्। आजकल यस्तो घोषणापत्रलाई प्रतिवद्धतापत्र भनेर पनि छाप्ने गरेको देखिएको छ। घोषणापत्र भनेपनि र प्रतिवद्धतापत्र भनेपनि त्यो राजनीतिक दलले लिने नीति तथा कार्यक्रमहरूको रुपरेखा नै हो। खासमा आम मतदाताले यही घोषणापत्र हेरेर, पढेर र राजनीतिक दर्शन, सामाजिक, आर्थिक रूपान्तरणका कार्यक्रमहरू मूल्याङ्कन गरेर मत दिनु पर्ने हो। तर, ब्यवहारमा त्यस्तो भएको पटक्कै देखिदैन। राजनीतिक दलहरूले पनि घोषणापत्र छाप्ने काम कर्मकाण्डी हिसावले पूरा गरेको जस्तो मात्र देखिन्छ।

मतदाताहरूलाई प्रभाव पार्ने तत्वहरूमा घोषणापत्र, सिद्धान्त, नीति, कार्यक्रमहरू भन्दा जातीय, क्षेत्रीय, साँस्कृतिक, भाषिकसमुह, समूह स्वार्थ, गुट स्वार्थ, रकमको चलखेल, र अन्य प्रभावहरू प्रमुख रुपमा देखिएका छन्। यस पटकको निर्वाचनमा पनि दलहरूको घोषणापत्र पढेर भन्दा अरु कारणहरूले नै मतदाता प्रभावित भएर मतदान गरेको देखियो।

## ४. बदलिंदो प्रचार शैलीः

२०७९ सालमा भएको निर्वाचन प्रचार अभियानको तौरतरिका, शैली र किसिमहरू २०८२ को निर्वाचनसम्म आउँदा ब्यापक रूपमा परिवर्तन भईसकेको देखियो। अघिल्लो निर्वाचनमा प्रचारप्रशारको प्रमुख माध्यम घरदैलो र कोणसभाहरू थिए। यो निर्वाचनमा घरदैलो कार्यक्रममा निकै कम नेता तथा कार्यकर्ताहरू सहभागि भएको देखियो। यो निर्वाचनको प्रचारमा ब्यापकरूपमा सामाजिक सञ्जालको प्रयोग भयो। यसलाई प्रचार शैलीमा आएको तात्विक रूपान्तरणको रूपमा लिईएको छ।

डिजिटल युगको आगमन, त्यसको प्रयोगका विविध आयामहरू र सामाजिक सञ्जालको प्रयोगको सकारात्मक तथा नकारात्मक प्रभावको विषयलाई मिहिन विश्लेषण गरेर नीतिगत तहमा निर्णय लिनुपर्ने अवस्थाको सिर्जना भएको छ। यो नेपालको सन्दर्भमा अत्यन्त चुनौतिपूर्ण, नयाँ र डिजिटल प्रयोगको विस्तारित खण्ड हो। तसर्थ यो एउटा निर्णायक चुनौतिको रूपमा अगाडी आएको छ।

## ५. डेटाको प्रयोग र दुरूपयोगः


सामाजिक सञ्जालहरू जस्तै फेसबुक, इन्स्टाग्राम, युट्युब, टिकटक लगायतका अन्य संचारका माध्यमहरूको स्वामित्व तथा नियन्त्रण शक्तिसम्पन्न राष्ट्रका कम्पनीहरूबाट हुने भएकाले डेटाको प्रयोग र दुरूपयोग जुनै प्रयोजनको लागि पनि माध्यमको रूपमा प्रयोग हुनसक्ने र अभौतिक आक्रमण गरिने सम्भावना देखियो। अर्थात, निर्वाचनमा वैदेशिक हस्तक्षेपको सजिलो माध्यम सामाजिक सञ्जाल हुन सक्ने प्रवल सम्भावना देखियो। यसलाई कसरी नियन्त्रण तथा नियमन गर्ने भन्ने जटिल प्रश्न अगाडी आएको छ।

## ६. पर्यवेक्षकहरूको प्रतिक्रियाको तथ्यांकीय विवरण

सबै पर्यवेक्षकहरूलाई केही आधारभूत प्रश्नहरूको जवाफ दिन गुगल फर्म दिइएको थियो। ती फर्महरूबाट प्राप्त नतिजालाई निम्न ग्राफिक्सहरूमा प्रस्तुत गरिएको छ। यसबाट निर्वाचनको प्रकृया व्यवस्थापन सम्बन्धमा पालना गरिएका तथ्यहरूको जानकारी प्राप्त गर्न सकिन्छ।


### क. मतदान केन्द्रको स्थानगत व्यवस्थाः

पर्यवेक्षकहरूले भरेको फारम अनुसार, ६०१ जना पर्यवेक्षकको प्रतिक्रियालाई हेर्दा ९६.२५ प्रतिशतले मतदान केन्द्र पायक पर्ने ठाउँमा रहेको उल्लेख गरेका छन्। विगतका निर्वाचनहरुको तुलनामा यो अत्यन्त सकारात्मक पक्ष हो, अधिकांश मतदान केन्द्रहरू मतदाताका लागि सहज तथा पहुँचयोग्य हुँदै गएको देखिन्छ। तर, बाँकी ३.५४ प्रतिशतले भने मतदान केन्द्र पायक नपर्ने ठाउँमा रहेको बताएका छन्। यद्यपि, यो प्रतिशत अत्यन्त न्यून भए पनि, दुर्गम तथा भौगोलिक रूपमा




विकट स्थानमा रहेका केन्द्रहरूमा अझै पनि मतदाताले लामो दूरी पैदल हिँड्नुपर्ने, पुल–बाटोको अभाव वा सार्वजनिक यातायातको पहुँच नभएको जस्ता समस्या रहेको देखिन्छ।

## ख. पर्यवेक्षकको केन्द्र प्रवेश सम्बन्धीः





९२ प्रतिशत पर्यवेक्षकले मतदान केन्द्र भित्र सहज प्रवेश पाएको उल्लेख गर्दा बाँकी ८ प्रतिशतले नपाएको उल्लेख गरेका थिए। अधिकांश पर्यवेक्षकहरूले निर्वाध रूपमा आफ्नो कर्तव्य निर्वाह गर्न पाएको पाइयो, जसले नेपालको निर्वाचन प्रणालीमा पारदर्शिताप्रतिको प्रतिबद्धता झल्काउँछ। तथापि, केही पर्यवेक्षकले प्रवेश नपाउनुले आयोगले उपलब्ध गराएको परिचयपत्र तथा पर्यवेक्षकहरूलाई केन्द्रभित्र अनुमति रहने भन्नेबारे निर्वाचन सम्बद्ध कर्मचारीहरू सबैमा पूर्ण जानकारी नभएको देखाउँछ। साथै, छिर्न नदिएका केन्द्रमा केही अनियमितता भएको हुन सक्ने शंका पनि उत्तिकै गम्भीरतापूर्वक लिनुपर्ने विषय हो। अतः आयोगले सम्पूर्ण मतदान केन्द्रका कर्मचारीहरूलाई पर्यवेक्षकको भूमिका, अधिकार र प्रवेशसम्बन्धी स्पष्ट निर्देशन दिनुपर्छ।

## ग. निर्वाचनमा मतदाताले भाग नलिनुका कारणहरूः





यसपालीको चुनावमा समेत कतिपय मतदाताहरूले भाग नलिएकोपाइयो।पर्यवेक्षकहरूले गरेको निर्वाचनपछिको सर्वेक्षण अनुसार, निर्वाचनमा भाग नलिनुका कारणहरूको विश्लेषण गर्दा विभिन्न पक्ष देखिएका छन्। सबैभन्दा ठूलो कारण ३९.०९ प्रतिशतले मतदाता नामावलीमा नाम दर्ता नभएको कारण, यसैगरी २२.७३ प्रतिशतले राजनीतिक दलहरूप्रति वितृष्णाका कारण, ११.३६ प्रतिशतले राजनीतिप्रति चासो नभएका कारण, कतिपयले स्वास्थ्य समस्या, वैदेशिक रोजगारी, भ्रष्टाचार, नागरिक शिक्षाको अभाव लगायतका कारण भाग नलिएको पाइयो। यसले मतदाताको नामावली अद्यावधिक, राजनीतिक दलप्रतिको विश्वासको पुनर्स्थापना, नागरिक शिक्षा, स्वास्थ्यमा पहुँच र भ्रष्टाचार नियन्त्रणजस्ता विषयमा गम्भीर ध्यान दिनुपर्ने देखाउँछ।

## घ. निर्वाचन अवधिभर सुरक्षा सम्बन्धी अनुभवः




यसैगरी पर्यवेक्षकहरूले गरेको निर्वाचनपछिको सर्वेक्षण अनुसार, समग्रमा मतदाता तथा उम्मेदवारहरूले आफू पूर्ण सुरक्षित महसुस गरेका थिए भन्ने प्रश्नमा ९८.६ प्रतिशतले थिए भन्ने जवाफ दिए भने १.०४ प्रतिशतले थिएन भन्ने जवाफ दिए। यो अत्यन्त सकारात्मक पक्ष हो कि झण्डै सबै मतदाता र उम्मेदवारहरूले निर्वाचन अवधिभर सुरक्षित महसुस गरेको पाइयो, जसले नेपालको निर्वाचन प्रणालीप्रति विश्वसनीयता थप गरेको छ। तथापि, अत्यन्त न्यून प्रतिशत (१.०४%) ले सुरक्षामा कमजोरी महसुस गरेको तथ्यलाई समेत गम्भीरतापूर्वक लिई ती कमी कमजोरी पहिचान गरी सम्बोधन गर्न आयोग तथा सम्बन्धित निकायले ध्यान दिनुपर्छ।

## ङ. अपाङ्गता मैत्री मतदान केन्द्रको व्यवस्थाः




पर्यवेक्षकहरूले भरेको फारम अनुसार, ७९ प्रतिशत पर्यवेक्षकले मतदान केन्द्र अपाङ्गता मैत्री रहेको बताएका छन् भने बाँकी २० प्रतिशतले नभएको उल्लेख गरेका छन्। यो एउटा सकारात्मक पक्ष हो कि अधिकांश केन्द्रमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सम्भव भएसम्म व्यवस्था मिलाइएको थियो। तर, २१ प्रतिशतले अपाङ्गता मैत्री नभएको बताउनु चिन्ताको विषय हो। पर्यवेक्षकहरूको विश्लेषण अनुसार, प्रायः मतदान केन्द्र विद्यालयमा राखिएको हुँदा भौतिक पूर्वाधार र ठाउँको उपलब्धताले अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गरिने सेवा तथा सुविधामा प्रभाव पारेको देखियो। केही विद्यालयहरूमा र्याम्प, रेलिङ, फराकिलो ढोका, अपाङ्गता अनुकूल शौचालय जस्ता भौतिक संरचनाको अभाव रहेको पाइयो। यसले भौतिक रूपमा अपाङ्गता मैत्री बनाउन आयोगले स्थानीय तह तथा विद्यालयसँग समन्वय गरी थप पहल गर्नुपर्ने आवश्यकता देखाउँछ।

## च. नयाँ (युवा) मतदाताको राजनीतिक दल तथा उम्मेदवारप्रतिको धारणा

यसपटकको निर्वाचनमा नयाँ तथा युवा मतदाताहरूको राजनीतिक दल र उम्मेदवारप्रतिको धारणा मुख्यतः परिवर्तन चाहने र नयाँ विकल्पतर्फ आकर्षित देखिएको छ। अधिकांश पर्यवेक्षकले युवा मतदाताहरू पुराना दलहरूप्रति वितृष्णा र आक्रोशित रहेको तथा नयाँ दलहरू र नयाँ अनुहारप्रति आशावादी तथा सकारात्मक रहेको उल्लेख गरेका छन। धेरैले "पुराना दलसँग हैरानी, नयाँसँग आशातीत", "परिवर्तनको चाहना", "नयाँलाई मौका दिनुपर्छ" जस्ता प्रतिक्रियाहरू दिएका छन।

युवा मतदाताहरूमा रोजगारी, सुशासन, पारदर्शिता, विकास र भ्रष्टाचार नियन्त्रण जस्ता विषयहरूप्रति बढी चासो देखिएको छ। उनीहरूले उम्मेदवारको विगतको काम, इमान्दारी र योग्यतालाई प्राथमिकता दिएको पाइयो। टिकटक, फेसबुक, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालले युवा मतदाताको धारणा निर्माणमा

निर्णायक भूमिका खेलेको देखियो। केही युवाहरू उत्साहित र सक्रिय देखिएका थिए भने केहीमा राजनीतिप्रति निराशा र वैदेशिक पलायनको सोच पनि देखियो।

समग्रमा, युवा मतदाताहरू यसपटक सचेत, परिवर्तनमुखी, विवेकी मतदाता को रूपमा देखिएका छन्, जसले परम्परागत दलको भन्दा नयाँ विकल्प र काम गर्ने उम्मेदवारलाई प्राथमिकता दिएका छन। उनीहरूको उत्साह र सहभागिताले यस निर्वाचनको परिणामलाई समेत प्रभावित गरेको स्पष्ट संकेत देखिन्छ।

## छ. निर्वाचन प्रचारप्रसारमा नौला माध्यम तथा शैलीहरू

पर्यवेक्षकहरूको फारम विश्लेषणबाट यसपटकको निर्वाचनमा प्रचारप्रसारको एउटा महत्त्वपूर्ण परिवर्तन स्पष्ट रूपमा देखिएको छ। सामाजिक सञ्जाल तथा डिजिटल माध्यमको व्यापक प्रयोग। अधिकांश पर्यवेक्षकले फेसबुक, टिकटक, युट्युब, इन्स्टाग्राम, मेसेन्जर, ह्वाट्सएप, एसएमएस तथा भ्वाइस कल मार्फत प्रचारप्रसार गरिएको उल्लेख गरेका छन्। यो विगतको तुलनामा नौलो र प्रभावकारी माध्यमको रूपमा देखिएको छ। धेरैले डिजिटल पोस्टर, छोटो भिडियो (रील्स), लाइभ कार्यक्रम, एआई प्रयोग, अनलाइन बहस, तथा सोशल मिडिया बुस्टिङ (प्रचार) जस्ता नयाँ शैलीहरू अपनाइएको बताएका छन्।

यसका साथै केही रोचक नयाँ अभ्यासहरू पनि देखिएका छनः स्कुटर तथा मोटरसाइकल र्‍यालीमा सांगीतिक क्रियाकलापहरु, टेम्पुहरुमा स्पिकर राखी प्रचार, भोजभतेरको सट्टा चिया–नास्ता र कुपनको व्यवस्था, नाचगान र सडक नाटक, नृत्य प्रस्तुति गराई भीड जम्मा गरी मात्र भाषण गर्ने शैली, उम्मेदवारले चुनाव चिन्हको भौतिक वस्तु (घण्टी, छाता, रुख, इत्यादी) बोकेर प्रचार गर्नु, घरदैलोमा मतदाताको घरायसी काममा सहयोग गर्नु, पार्टीको लोगो भएको टी–सर्ट र क्याप लगाउने चलन, र केही स्थानमा टाढाका मतदातालाई गाडीको व्यवस्था गर्नु।

तर, धेरै पर्यवेक्षकले यी सबै नयाँ शैलीहरू भन्दा पनि सबैभन्दा ठूलो परिवर्तन सामाजिक सञ्जालको प्रयोग नै रहेको ठहर गरेका छन्। परम्परागत प्रचारका माध्यमहरू (जस्तै ठूला आमसभा, पर्चा–पम्प्लेट, भित्ते लेखन, सार्वजनिक र्‍याली) को प्रयोग यसपटक निकै घटेको देखिएको छ। यसले नेपालको निर्वाचन प्रचारप्रसार डिजिटल युगमा प्रवेश गरिसकेको संकेत गर्छ।  तर डिजिटल माध्यममा हुने खर्च अझै पनि आयोगको अनुगमन दायराभन्दा बाहिर रहेको चिन्ता भने उत्तिकै छ।

## ज. मतदानपछिको अवस्था सम्बन्धी पर्यवेक्षकको मूल्याङ्कनः

सबै पर्यवेक्षकहरूलाई मतदान पछिको अवस्थाबारे पनि गुगल फर्ममार्फत प्रश्न सोधिएको थियो। पर्यवेक्षकहरूको मूल्याङ्कन अनुसार, निर्वाचन स्थगन तथा बदरको अवस्था सृजना भएको देखिएन। अपरान्ह ५ बजेसम्म निर्धारित घेराभित्र प्रवेश गरिसकेका मतदाताहरूलाई सहजरूपमा मतदान गर्न दिइएको थियो। मतदान प्रक्रिया पूरा गरी उम्मेदवार र निजका प्रतिनिधिहरूको रोहवरमा मतपेटिका सिलबन्दी गरी सुरक्षित तरिकाले ढुवानी गरी मतगणनास्थल पुर्‍याइएको थियो। मतगणना घेराबारभित्र गर्ने गरी व्यवस्था मिलाइएको थियो। मतगणनास्थलमा गणकहरू र निर्वाचन आयोगका कर्मचारीहरुबाहेक अरु कुनै असम्बद्ध व्यक्ति घेराभित्र जान नपाउने गरिएको थियो। मतगणना अवलोकनको लागि पर्यवेक्षक तथा प्रतिनिधिहरूलाई जाली बाहिरबाट हेर्न मिल्ने गरी व्यवस्था मिलाइएको थियो। प्रत्यक्षतर्फ र समानुपातिकतर्फको मतगणना अलगअलग राखेर गरिएको थियो। यी सबै व्यवस्थाले नेपालको निर्वाचन प्रक्रिया व्यवस्थित, पारदर्शी र विश्वसनीय रहेको देखाउँछ।

## ७. भ्रामक सूचना पहिचान गर्न प्रयोगमा ल्याईएको एआईमा आधारित सफ्टवेयरको उपयोगिता र दक्षताः

निर्वाचनमा सामाजिक सञ्जालमार्फत फैलिन सक्ने भ्रामक सूचना नियन्त्रण गर्न निर्वाचन आयोगले 'ई–मोनिटर प्लस' नामक सफ्टवेयर प्रयोगमा ल्याएको थियो। आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा आधारित यो सफ्टवेयर विश्वका २० मुलुकमा यसअघि नै प्रयोग भइसकेको जनाईएको छ। संयुक्त राष्ट्रसंघीय विकास परियोजना (युएनडिपी) को सहयोगमा प्राप्त उक्त सफ्टवेयर नेपालमा पहिलोपटक प्रयोगमा ल्याइएको हो। यसले सामाजिक सञ्जालमा फैलिने मिसइन्फरमेसन, डिसइन्फरमेसन, मालइन्फरमेसन, फेक इन्फरमेसन लगायत भ्रामक सामग्री पहिचान गर्नेछ भनिएकोमा त्यसको प्रभावकारिता प्रत्यक्ष अनुभूत गर्न सकिएन।

## ८. उम्मेदवार मनोनयन दर्ता गर्दा नै निर्वाचन आचार संहिता उल्लंघनः

निर्वाचनको लागि आफ्नो नाम दर्ता गर्नको लागि निर्वाचन कार्यालय पुगेका प्रायः सबै ठूला तथा साना भनिएका राजनीतिक दलहरूका प्रत्यासीहरू आचार संहिताले तोकिएको संख्या (२५ जना) भन्दा ठूलो दलबल लिएर नामाङ्कन गर्न पुगेका थिए। निर्वाचनको प्रथम प्रहरदेखि नै शक्ति प्रदर्शनको रूपमा हुल देखाएर नाराबाजी गर्दै हिँड्नु आचार संहिताको उल्लंघन हो।

## ९. चुनाव प्रचारमा बालबालिकाहरूको प्रयोगः

यो निर्वाचनमा पनि केही प्रत्यासीहरूले चुनावी प्रचारमा बालबालिका प्रयोग गरेकामा उजुरी परेको थियो। बालबालिकाहरूको प्रयोग निर्वाचन आचारसंहिता विपरित भएको हुँदा कारवाहिको लागि समेत अनुरोध गरिएको थियो। बालबालिका ऐन, २०७५ को परिच्छेद २, दफा ७ को उपदफा ९(७) अनुसार पनि बालबालिकाहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न नपाइने स्पष्ट कानुनी व्यवस्था रहेको स्मरण गराइएको र बालबालिका प्रयोग गरेको प्रमाणित भएमा निर्वाचन आचारसंहिता उल्लघंन गरेको सजाय स्वरूप एकलाख रूपैँया जरिवाना र उम्मेदवारी दर्ता समेत खारेज हुनसक्ने प्रावधान रहेको व्यवस्थातर्फ आयोगको ध्यानाकर्षण गराईएको थियो।

## १०. हिमाली क्षेत्रमा मतदानः

यस निर्वाचनमा हिउँदको जाडो छल्न उच्च हिमाली क्षेत्रबाट तल बेसीतिर झरेका बासिन्दाहरू मतदानकै लागि भनेर हिमाली क्षेत्रमा उक्लन सक्ने सम्भावना नरहेको कारणले मतदान न्युन भएको हुन सक्ने देखिन्छ। यस किसिमका विशेष परिस्थितीमा हिमपातकै समयमा निर्वाचन गर्नुपर्ने अवस्था आएमा बेसीतिरै मतदान केन्द्रको व्यवस्था गर्नुपर्ने हुन्छ।

## ११. प्रवासीहरूले यस पटक पनि पाएनन् मतदान गर्ने सुविधाः

विदेशमा रहेका नेपालीहरूलाई मतदान गर्न दिने बारे निकै लामो समयदेखि छलफल हुँदै र त्यसको आवश्यकता समेत जानेर निर्वाचन आयोगले कानुनी मस्यौदा समेत गरी त्यसलाई पारित गर्न सम्वन्धित निकायमा पठाएकोमा समयमा कानुन बनेर नआउँदा यसपालिको निर्वाचनमा पनि उनीहरूले मतदान गर्ने अवसरबाट बञ्चित हुनु परेको देखियो। यसैलाई लक्षित गरेर "पैसा चल्ने, भोट नचल्ने" भन्ने उक्ति सामाजिक सञ्जालमा चर्चित थियो। विदेशी मुलुकहरूमा बसोबास गरेका करिव ३० लाख भन्दा बढी नेपालीहरूलाई मतदानमा सरिक गराउन विभिन्न कारणले सहज भने छैन। यद्यपि, अनुकुलता हेरी "समावेशी" मतदानको लागि नेपाली राजदूतावासहरूमा सशरीर उपस्थित भएर वा अनलाईनको माध्यमबाट प्राप्त अधिकारको प्रयोग गर्न सक्ने गरी व्यवस्था मिलाउन सकिने तर्फ

ध्यानाकर्षण गराउँदा गराउँदै पनि यसतर्फ उपलब्धी हुन नसकेकोमा प्रवासी नेपालीहरू क्षुब्ध देखिएका हुन्। एक तिहाइ जनतालाई मतदानको अधिकारबाट बञ्चित गराएर लोकतन्त्रको रक्षा हुन सक्दैन।

## १२. निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक तथा निर्वाचनका दिनमा विदेश जाने मतदाताहरू मतदान गर्नबाट वञ्चितः

निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक तथा निर्वाचनकै दिन वैदेशिक रोजगारीका लागि प्रस्थान गर्ने मतदाताहरूको ठूलो संख्या मतदान गर्नबाट वञ्चित भएको पाइयो। प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै गर्दा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या उल्लेखनीय रूपमा बढेको देखिन्छ। वैदेशिक रोजगार विभागका अनुसार २०८२ साल माघ महिनामा मात्र ७० हजार ५०३ जनाले श्रम स्वीकृति लिएकामध्ये ६२ हजार १६२ जना पुरुष र ८ हजार ३४१ जना महिला रहेका छन्। यी व्यक्तिहरू १०७ विभिन्न देशमा रोजगारीका लागि प्रस्थान गर्ने क्रममा थिए, जसका कारण उनीहरू मतदान प्रक्रियामा सहभागी हुन सकेनन्।

यससँगै, देशभर लाखौँको संख्यामा निर्वाचनमा खटिने कर्मचारी, पर्यवेक्षक, सुरक्षाकर्मी तथा अन्य अत्यावश्यक सेवामा संलग्न जनशक्तिहरू पनि आफ्नो कार्य जिम्मेवारीका कारण मतदान गर्नबाट वञ्चित भएको अवस्था देखियो। यसले समग्रमा ठूलो संख्यामा मतदाताहरूको मताधिकार प्रयोग गर्न नपाउने स्थिति सिर्जना भएको संकेत गर्दछ।

## १३. मनोनयन दर्ता गर्दा खर्चको अनुमानित रकम र त्यसको श्रोत खुलाउनु पर्ने कानुनी व्यवस्था धेरैले पालना गरेनन्:

निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा निर्वाचन प्रचारप्रसार र अन्य कामको लागि समेत लाग्ने खर्चहरूको अनुमानित विवरण र त्यसको लागि चाहिने आर्थिक श्रोतको जोहो कसरी गर्ने भन्ने विवरण पेश गर्नु पर्ने वाध्यकारी कानुनी व्यवस्था छ। पेश नगरेको अवस्थामा के हुने भन्ने प्रावधान नभएको कारणले यस निर्वाचनमा अधिकांश उम्मेदवारहरूले खर्चको अनुमानित विवरण पेश गरेको देखिए पनि त्यसको लागि आवश्यक श्रोतको विवरण उल्लेख गरेको भने पाईएन।

निर्वाचन आचार संहिताले उम्मेदवारले २५ लाखदेखि अधिकतम ३३ लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरेको छ। उम्मेदवारले निर्वाचन प्रचारप्रसारका लागिआम्दानी र खर्च गर्न बैंकमा एउटा छुट्टै खाता खोल्नु पर्ने व्यवस्था भए पनि सवै उम्मेदवारले त्यस्तो बैंक खाता नखोलेको पाईयो। खर्चको अनुमानित रकम र श्रोत अनिवार्य बुझाउनु पर्ने कानुनी वाध्यताको पालना नहुँदा आचारसंहिताको उल्लंघन भएको देखिन्छ। यस्तो हुँदा कानुनी छिद्र प्रयोग गर्न खोजेको देखियो।

## १४. राज्यको श्रोत दुरुपयोगः

निर्वाचन प्रचारको सिलसिलामा बहालवाला प्रदेश सरकारका पदाधिकारी र स्थानीय सरकार प्रमुखहरूले राजकीय स्रोत र साधनहरू दलगत प्रचारमा फाइदा पुग्ने गरी प्रयोग गरेका कुरा पर्यवेक्षणको सिलसिलामा देखिएका थिए। निर्वाचनको समयमा केही उम्मेदवारहरूले विकास निर्माणका काम गरेको, विद्युत पोलहरू वितरण गरेको पाईएको थियो।

## १५. भोजभतेर र मदिराः

विगतका निर्वाचनहरूमा जस्तो यसपटकको निर्वाचनमा मतदान केन्द्र वरिपरी देखिने गरी भोजभतेर तथा खानपिनको व्यवस्था गरेको देखिएन। निर्वाचन पर्यवेक्षणको सिलसिलामा तरिका फेरिए पनि यस्तो प्रवृत्ति रोकिएको

देखिएन। भोजभतेरमा तुलनात्मक रूपमा कमी भने देखिएको छ। तर तात्विकरुपमा अन्तर पर्नेगरी रोकिएको छैन। मतदान केन्द्रको ३०० मिटर भन्दा टाढा गोप्यरूपमा सहजै नदेखिने गरी मतदानको दिन दिनैभर मतदाताहरूलाई खानपिनको व्यवस्था मिलाईएको पाईएको छ। तराई तथा पहाडका अधिकांश ठाउँहरूमा मतदानको अघिल्लो दिन मदिरासहितको भोजभतेर गरेको देखिन आयो।

## १६. राष्ट्रिय झण्डाको अपमानः

निर्वाचन प्रचार तथा र्‍यालीमा राष्ट्रिय झण्डाको प्रयोग जथाभावी गरेको देखिएको हुँदा दलहरूलाई सजग गराउनु पर्ने देखिन्छ।

## १७. तोकिएको संख्या भन्दा अत्यधिक बढी सवारी साधनको प्रयोगः

आचार संहिताले तोकेको सवारी साधन भन्दा अत्यधिक संख्यामा सवारी साधन प्रयोग गरिएको देखियो। अधिकांश ठाउँमा उम्मेदवारहरूले निकालेको र्‍यालीमा प्रशस्त बस, कार, तथा मोटरवाईकहरूको प्रयोग भएको थियो। मतदानको दिन मतदाताहरू ओसार्न पनि साना फोरह्वील सवारी, अटो, टेम्पो र मोटरसाईकलहरूको प्रयोग भएको थियो। सवारी साधन प्रयोगको मामिलामा अत्यधिक आचारसंहित उल्लंघनका घटनाहरू देखिए। उम्मेदवार र राजनीतिक दलहरू आचारसंहिताप्रति जिम्मेवार नहुँदा र आयोगले सचेत गराएको भएतापनि अनुगमन र निगरानी प्रणाली कमजोर रहँदा आचारसंहिता उल्लंघनले प्रश्रय पायो।

## १८. राम्रा अभ्यासहरूः

- **आचारसंहिताको तुलनात्मक रूपमा पालनाः** निर्वाचन आयोगले जारी गरेको आचारसंहिताको पालना गर्ने प्रयास अधिकांश दल र उम्मेदवारले गरेका देखिए। अत्यधिक उत्तेजक भाषण, हिंसात्मक गतिविधि र खुलारूपमा मतदातालाई प्रभाव पार्ने कार्यहरू अघिल्ला निर्वाचनको तुलनामा केही कम देखिए।
- **फोहोरमैला व्यवस्थापनमा ध्यान –** प्रचारसामग्री (पोस्टर, ब्यानर, पम्प्लेट) प्रयोगपछि तोकिएको ठाउँमा मात्र राख्ने र मतदानपछि सरसफाइ गर्ने अभियान धेरै स्थानीय तहमा देखियो।
- अधिकांश मतदान केन्द्रहरूमा मतदाताको सहज पहुँच, स्पष्ट संकेत चिन्ह, मतदाताको लाइन व्यवस्थापन र आवश्यक सुरक्षाको राम्रो व्यवस्था गरिएको पाइयो।
- जेष्ठ नागरिक, अशक्त र अपाङ्गहरूलाई विश्राम स्थलको निर्माण, लाइनमा बस्न नपर्ने व्यवस्था गरिएको।
- **मतगणना र मतपरिणामलाई व्यवस्थित गरिएकोः** मतपरिणाम इन्ट्री भए पछि मतगणनास्थलमा राखिएको टिभी स्कृनमा नै लाईभ हेर्न मिल्ने गरी व्यवस्था गरिएको।
- प्रशासन, सुरक्षा निकाय, संचारकर्मी र निर्वाचन कार्यालय बीच राम्रो समन्वय रहेको।
- उमेद्वारका मतदान प्रतिनिधिहरु, कर्मचारी र सुरक्षाकर्मीहरु बीचको आपसि समझदारी, सहयोग र समन्वय राम्रो रहेको पाइयो।

•••

# डिजिटल क्षेत्रः मिडिया र सीमान्त

अघिल्ला निर्वाचनहरूमा जस्तै यस पटक पनि स्वदेशी तथा विदेशी मिडियाहरूको प्रभाव परेको कुरा यसै क्षेत्रमा अध्ययन गरेका मिडियाकर्मीहरू नै बताउँछन्। लोकतन्त्रमा स्वतन्त्र मिडियाको भूमिका नागरिकलाई सूचित गर्ने, सही, सत्य र तथ्य सूचनाहरू उपलव्ध गराउने हो। यो एउटा सशक्त नागरिक आवाजको रूपमा मुखरित हुने माध्यम र साधन पनि हो। यसको धार अतिसय तिख्खर र धारिलो हुन्छ। नागरिकहरूको विश्वास सरकारमा भन्दा मिडियाले पस्कने सूचना सामग्रीहरूमा हुन्छ। यो तथ्यलाई हामीहरू सवैले बुझेका नै छौं।

यस पटक मूलधारका मिडियाहरू चाहे ती छापा हुन् या अनलाईन प्रष्टरूपमा दुईधारमा बाँडिएका देख्यौं। एउटा धार राजनीतिक दलहरूका मुखपत्र जस्तै मिसन पत्रकारिता गर्ने हुँदा उनीहरूले दिने सूचना सामग्री आफू अनुकुल र आग्रह प्रेरित हुने नै भए। अर्को मिडिया आफूलाई स्वतन्त्र भनाउन रूचाउने र केही हदसम्म त्यो विश्वसनीयता कायम राख्न प्रयत्नशील पनि देखिने भएकाले खोजमूलक समाचार संप्रेषण गर्न अग्रसरता लिएका देखिए॥ तसर्थ, आफ्ना पेशागत मूल्यमान्यता र नैतिक धरातलमा उनीहरू सवै स्तुत्य नै छन्।

तर, यो पटकको निर्वाचनमा मतदाताहरूमा मनोवैज्ञानिक प्रभाव पार्न विदेशी तथा स्वदेशी मिडियाहरू प्रयत्नशील रहे। समयको जटिलतालाई बुझेर सूचना संप्रेषण गर्ने र अध्ययन अनुसन्धानको निस्कर्ष भन्दै प्रायोजित सामाग्रीहरूले मतदातालाई अप्रत्यक्ष प्रभाव पार्ने कामहरू गरेका थिए।

यसै सिलसिलामा केही छापा तथा अनलाईन मिडियाहरूले निर्वाचन आयोगले जारी गरेको आचार संहिता समेत उल्लंघन गर्ने प्रयास गरेका थिए। आयोगले जारी गरेको आचारसंहितामा निर्वाचन प्रचार अवधिमा मत सर्वेक्षण गर्न, गराउन र त्यसबाट देखिएका निस्कर्षहरू प्रकाशित गर्न हुँदैन भनेको थियो। यो एउटा निर्वाचनको सर्वमान्य सिद्धान्त पनि हो। तर, यही बीचमा प्रतिष्ठित अनलाईन पत्रिकाले मत सर्वेक्षण पनि गऱ्यो र त्यसको निस्कर्ष पनि सार्वजनिक गऱ्यो. । निर्वाचन आचारसंहिताको उल्लंघनका प्रश्न उठ्दा वाक तथा प्रकाशन स्वतन्त्रताको संवैधानिक अधिकारको मूलभूत अधिकार हनन् गर्न नसकिने भनेर टार्ने काम भयो।

यो घटनाबाट आयोगले गतिलो पाठ सिकेर कानूनी वाध्यता भन्दा पनि अझ फराकिलो नैतिक बन्धनको बाटोलाई कसिलो बनाउने उपायहरूको अवलम्वन गर्न आवश्यक देखिन्छ। खुला छुट दिंदा मिडिया शक्ति सम्पन्नहरूको क्रिडास्थल बन्न सक्ने हुँदा निरपेक्ष बस्न सकिंदैन र नियन्त्रणका वाध्यात्मक उपायहरू अवलम्वन गरिनु पर्दछ।

## मिथ्या सूचना तथा सामाजिक सञ्जालको दुरूपयोग

सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मबाट निर्वाचनका समयमा प्रवाह हुने मिथ्या सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा भ्रमपूर्ण जानकारीको नियन्त्रण गर्ने विषयमा विशेष सतर्कता आवश्यक देखिन्छ। यसको लागि सचेतनामूलक, प्रवर्द्र्धनात्मक र दण्डात्मकजस्ता विधिलाई एकसाथ अघि बढाउन उपयुक्त नै थियो। सहजै उपलब्ध प्रविधि दुरुपयोग रोक्न प्रभावकारी संयन्त्रको अभावमा यसको दुरुपयोगको सम्भावना अत्यधिक थियो, जसको कारण निर्वाचनको स्वछता, निश्पक्षता र तटस्थता सहित यसको वैध्यतामा समेत प्रश्न उठ्न सक्ने सम्भावना थियो। निर्वाचनलाई स्वतन्त्र, निस्पक्ष, भयरहित र विश्वसनीय बनाउन सम्भावित चुनौतिहरू निराकरणको लागि सम्वद्ध निकायहरुबाट कतिको आवश्यक पहल गरिए भन्ने अहंम् सवाल विद्यमान रहेका थिए।

डिजिटल डिभाईडको प्रत्यक्ष असर नेपालमा परेको देखिन्छ। मतदाताहरूको ठूलो समुह सामाजिक सञ्जालमा आएका हरेक विषयहरूलाई सत्य र तथ्य मान्ने रहेछन्। यस्तोमा एआईको प्रयोग, डिपफेक लगायत "डेटा ब्रीच" र "ट्रस्ट ब्रिच"को जोखिम उच्च रहन्छ। नेपालमा सिमित श्रोत र साधनको कारणले यस किसिमको डेटा ब्रीच रोक्न सक्ने न्युन सम्भावना रहेका छन्। प्रविधिको कारणले निर्वाचन सुरक्षा भनेको प्रहरीको पुलिसिङ काममा मात्र सिमित नरहेर साईवर सुरक्षाको क्षेत्रले समेत ब्यापकता लिएको अवस्था रहेको छ।

आर्टिफिसियल ईन्टेलिजेन्सको प्रयोग बढ्दा चुनावी नतिजालाई गलत ढंगले प्रभावित बनाउने सम्भावना बढ्दो देखिन्छ। डिपफेक, चीपफेक, एआई भ्वाईस क्लोनिङ, फेक–च्याट, म्यान्युपुलेशन लगायतका विधिहरू प्रयोग गरेर मतदाताहरूलाई मिथ्या सूचना संप्रेषित गर्दै भ्रमित पार्ने प्रयासहरूमा तिब्रता आउने देखिएको थियो र यस्ता सम्भावनाहरूको प्रवलता रहिरहने देखिंदैछ।

हुन त निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहितामा एआईको प्रयोग गरी निर्वाचनलाई प्रभाव पार्ने, होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने काम नगर्न आयोगले सूचित गरेको थियो। सामाजिक सञ्जालमा एआईको प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्धश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषणजस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुने उल्लेख थियो। त्यस्तै कुनै एक प्रयोजनका निम्ति प्रकाशित वा प्रसारित सूचना/सामग्रीलाई एआईको प्रयोग गरी/नगरी निर्वाचनमा प्रभाव पार्ने उद्धेश्यले तोडमोड गरेर सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायत पनि गर्न नहुने उल्लेख गरिएको थियो।

## सामाजिक सञ्जालको भूमिका र प्रभावः

यो निर्वाचनमा जसरी जुन घनत्व, दायरा र फैलावटमा निर्वाचन प्रचारको सामग्री तथा सूचनाहरू प्रयोग गरियो र त्यसको प्रभाव निर्वाचनमा परेको देखियो यसले केही सकारात्मक र केही नकारात्मक पक्षहरूको उजागर गरेको छ।

### सकारात्मक पक्षः

- नेपाली समाजमा प्रविधिमैत्री सोचको विस्तार हुँदै गएको देखिन्छ। विशेष गरी युवा पुस्ता परम्परागत प्रचारका सीमित तरिकाभन्दा बाहिर गएर आधुनिक र डिजिटल माध्यमको प्रयोगतर्फ उन्मुख भएको पाइयो।
- सूचना प्रविधिको प्रयोगका कारण राजनीतिक सन्देश, कार्यक्रम तथा उम्मेदवारका धारणा समाजका विभिन्न तहसम्म अपेक्षाकृत छिटो र सहज रूपमा पुग्ने वातावरण बनेको छ।
- डिजिटल माध्यम तथा सामाजिक सञ्जालको तीव्र विस्तारले सूचना आदान–प्रदान र जनसम्पर्कका अवसरहरू उल्लेखनीय रुपमा बढाएको देखिन्छ।
- सूचना संप्रेषण प्रक्रिया पहिलेको तुलनामा सरल, द्रुत र सुलभ भएको पाइयो, जसले मतदाता र उम्मेदवारबीचको अन्तरक्रियालाई सहज बनाएको छ।
- डिजिटल तथा अनलाइन माध्यमको प्रयोगले प्रचारप्रसारका लागि आवश्यक भौतिक सामग्री तथा ठूलो जनशक्ति परिचालनमा लाग्ने खर्चलाई केही हदसम्म घटाउन सहयोग पुऱ्याएको देखिन्छ।
- प्रचारप्रसारका क्रममा केही स्थानमा वातावरणमैत्री अभ्यास (जस्तै अत्यधिक कागजी पोस्टर तथा पर्चाको प्रयोग कम गर्ने प्रयास) पनि देखिएको पाइयो।
- सूचना प्रवाहको तीव्रताले मतदातालाई चुनावसँग सम्बन्धित गतिविधि, कार्यक्रम तथा समय तालिकाबारे छिटो जानकारी प्राप्त गर्न सहयोग पुगेको देखिन्छ।
- मतदाता शिक्षा तथा जनचेतनामूलक कार्यक्रमहरू सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन भई मतदातालाई मतदान प्रक्रियाबारे जानकारी दिने प्रयास भएको पाइयो।

### नकारात्मक पक्षः

- व्यक्तिगत तथा संवेदनशील डेटाको दुरुपयोग हुने सम्भावना उल्लेखनीय रुपमा देखिएको छ। विशेषगरी डिजिटल माध्यम र सामाजिक सञ्जालमार्फत मतदातासँग सम्बन्धित सूचनाको प्रयोगमा पर्याप्त निगरानीको अभाव देखिन्छ।
- अधिकांश सामाजिक सञ्जाल प्लेटफर्महरूको स्वामित्व तथा व्यवस्थापन बाह्य देशका संस्थाहरूसँग सम्बन्धित भएकाले तिनको प्रभावकारी नियमन तथा नियन्त्रण गर्न राज्यका निकायहरूलाई चुनौतीपूर्ण अवस्था सिर्जना भएको देखिन्छ।
- सामाजिक सञ्जाल विदेशी हस्तक्षेप वा बाह्य प्रभावमार्फत निर्वाचन प्रक्रियामा अप्रत्यक्ष प्रभाव पार्न सक्ने सम्भावित माध्यमका रूपमा पनि देखिएको छ।
- मिथ्या सूचना, गलत सूचना, घृणास्पद अभिव्यक्ति तथा उत्तेजक सामग्रीहरूको प्रसारले मतदाताको धारणा र निर्णय प्रक्रियामा नकारात्मक प्रभाव पार्ने जोखिम बढेको छ।
- सामाजिक सञ्जालमा प्रसारित मिथ्या सूचना, गलत सूचना, घृणास्पद अभिव्यक्ति, उत्तेजक सामग्रीहरू, अपुष्ट तथा दुराशययुक्त सामग्रीहरूले मतदातालाई भ्रमित पार्न सक्ने र यसले निर्वाचनको निष्पक्षता तथा विश्वसनीयतामा प्रभाव पार्ने सम्भावना देखिन्छ।

- सामाजिक सञ्जालमार्फत लक्षित प्रचार (Targeted Messaging) को प्रयोगले मतदाताका निश्चित समूहहरूलाई प्रभाव पार्ने प्रयास हुने सम्भावना पनि देखिएको छ।
- अनलाइन माध्यममा सूचना प्रसारको तीव्रताका कारण गलत वा भ्रामक सामग्री छिटो फैलिने र त्यसको समयमै तथ्य जाँच तथा नियन्त्रण गर्न कठिन हुने अवस्था देखिन्छ।

एआईको उच्चतम प्रयोगले डिपफेकको प्रयोग यो निर्वाचनमा देखियो। गत निर्वाचन अर्थात २०७९ को निर्वाचनमा निर्वाचन आयोगले मेटासंग सहकार्य गर्दै सामाजिक सञ्जालका प्लेटफार्महरूमाथि सिमित निगरानी गरेको थियो। यसैको निरन्तरता यो निर्वाचनमा पनि देखियो जुन अपर्याप्त थियो। युएनडिपि र एशीया फाउन्डेसनको सहयोगमा ईलेक्ट्रोनिक तथा सामाजिक सञ्जालमा प्रकाशित सामग्रीहरूको निगरानी गर्न विशेष सफ्टवेयर प्रयोग गरिएको थियो प्रविधिले फराकिलो गति लिँदै गएको अवस्थामा सिमित श्रोत र साधनले नियामक नियन्त्रण सम्भव थिएन। त्यसमाथि उल्लंघनकर्ताहरू माथि  कारवाही भएको पनि देखिएन।

## सुरक्षा निकायहरूको संयुक्त सामाजिक सञ्जाल अनुगमनः

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, र राष्ट्रिय अनुसन्धान विभागको संयुक्त प्रयासमा एउटा एकिकृत निर्वाचन सुरक्षा योजना अन्तर्गत सामाजिक प्लेटफर्महरूको अनुगमन तथा अनुसन्धान गर्न एउटा विशिष्ट दक्षताले युक्त जनशक्ति सहितको इकाई गठन गरेको थियो। यसलाई निर्वाचन आचारसंहिता उल्लंघनका घटनाहरूमाथि निगरानी राख्न र नियमसंगत कानुनी दायरामा ल्याउने गरी जिम्मेवारी प्रदान गरिएको थियो। यत्तिको तयारीको वावजुद सामाजिक सञ्जालको दुरूपयोग रोक्न केही सहयोग गरे पनि पूर्ण रुपमा दुरूपयोग रोकिएन र दुरूपयोगकर्ताहरूलाई कानुको दायरामा ल्याउन पनि सकिएन।

## डिजिटल युगसंग मेल नखाने कानुनी संरचनाः

सूचना तथा सञ्चार प्रविधिको तिब्र विकाससंगै निर्वाचन अभियानको स्वरूपमा पनि सारभूतरूपमा उल्लेखनीय परिवर्तन आएको प्रष्टरूपमा देखिएको छ। यसका संकेतहरू गत २०७९ को निर्वाचनले नै प्रष्ट गरेको थियो। यस पटकको निर्वाचनमा साईबर संसारमा प्रविधिको फड्को, अल्गोरिदम र एआईको प्रयोगले डिपफेकको आक्रमण देखियो। हुबहु उस्तै आकार, प्रकार, र स्वर सहितको भिडियो, भाषण र सम्वादको प्रयोगले व्यापक सामाजिक सञ्जाल भरियो। सामाजिक सञ्जाल, डिजिटल अनलाईन अभियानका कारण निर्वाचन आचार संहिता कार्यान्वयनमा नयाँ थप जटिलता सिर्जना भएको छ। विद्यमान कानुनी प्रावधानहरूले यी नयाँ सिर्जित जटिलताहरूलाई सम्वोधन गर्न सक्ने देखिदैनन्। अतः यस तर्फ सचेत रहेर प्राविधिक दक्षता र विज्ञता समेत भएको एउटा टिम नै बनाएर उपयुक्त समसामयिक कानुनको मस्यौदा गरिनु पर्दछ।

निर्वाचन पर्यवेक्षण समिति नेपालले सामाजिक सञ्जाल, अनलाईन मिडियाहरूको कन्टेन्टसहितका प्रचार सामग्रीहरूको डिजिटल उल्लंघनका घटनाहरूको पर्यवेक्षण गरेको थियो। यो डिजिटल पर्यवेक्षण गर्दा कुनै विशेष सफ्टवेयरको डिजाईन गरेर गरिएको थिएन। उपलव्ध श्रोत र साधनहरू प्रयोग गरेर गरिएको थियो। यसको लागि दक्ष सूचना तथा सञ्चार विज्ञहरूको एउटा टिम बनाएर भेटेसम्मका निर्वाचन आचारसंहिता उल्घनका प्रयासहरूलाई संहितावद्ध गरिएको थियो।  निर्वाचन अवधिको करिब दुई महिनामा, आवश्यक तथ्याङ्कहरू सामाजिक सञ्जाल प्लेटफर्महरू, अनलाइन मिडियाहरू, मेटा एड्स लाइब्रेरी तथा नेपालसँग सम्बन्धित राजनीतिक, सामाजिक र

निर्वाचन लक्षित विज्ञापनहरूको अध्ययन गरी प्राप्त गरिएका थिए। साथै, दीर्घकालीन पर्यवेक्षकहरूमार्फत पनि सो तथ्याङ्क सङ्कलन गरिएको थियो।

यो प्रतिवेदन तयार गर्ने सिलसिलामा १२,८०० कन्टेन्टहरू अर्थात विषय सम्वद्ध सामग्रीहरू छानविन गरी, तिनीहरूको अध्ययन तथा पुनरावलोकन गरी  विश्लेषण सहितको निस्कर्ष निकालिएको हो। यी १२,८०० सामग्रीहरूमाथि अध्ययन गर्दा ८८२ सामग्रीहरूले निश्चितरूपमा निर्वाचन आचारसंहिता उल्लंघन गरेका देखिए। डिजिटल प्रचारमा अर्थात सामाजिक प्लेटफर्महरूमार्फत हुने निर्वाचन प्रचारमा ६.९ प्रतिशतको उभार देखियो र यो भनेको  दक्षिण एशीयामा हुने निर्वाचन आचारसंहिता उल्लंघनको दरभन्दा उच्च हो।

२०८२ को माघ महिनासम्ममा नेपालमा करिव १ करोड ६५ लाख ईन्टरनेटको उपभोक्ता रहेका छन् भने त्यसमध्ये १ करोड त्रिचालिस लाख उपभोक्ता कुनै न कुनै किसिमको सामाजिक सञ्जाल प्रयोग गर्दछन्। सामाजिक सञ्जाल प्रयोगकर्ताहरूमध्ये सवैभन्दा धेरैले फेसबुक (करिव एक करोड) र त्यसपछि टिकटक प्रयोग गर्दछन्। यो निर्वाचनमा पनि यिनै सामाजिक सञ्जालहरूको अत्यधिक प्रयोग भएका थिए।

## निर्वाचन आचार संहिताको डिजिटल उल्लंघनको प्रतिवेदन

**११ माघ–चैत्र १२, २०८२**

**आचार संहिता उल्लंघन — सारांश तथ्याङ्क**

| कुल उल्लंघनका घटना | अनुमानित विषयसूची | उल्लंघन दर | अध्ययनको क्षेत्र / प्रदेश |
|---|---|---|---|
| ८८२ | १२,८०० | ६.९ | ७ |
| दर्ता भएका घटनाहरू | अनुमानित कुल संख्या | प्रति इकाइ औसत दर | सबै प्रदेश समेटिएका |

**रिपोर्टिङ अनुपात**


दर्ता: ८८२

अनुमानित: १२,८००

~६.९%

मात्र रिपोर्ट भयो

## आचार संहिता उल्लंघनका प्रकारहरूः




## डरधाक र धम्कीः

अध्ययनबाट १७४ वटा सामग्रीहरू डरधम्की र त्रास सिर्जना गर्ने अभिप्राय लक्षित घटनाहरू थिए। लक्षित समुहसम्म पुग्ने गरी तयार गरिएका यस्ता भयभित पार्ने सामग्रीहरू मतदाताहरू, उम्मेदवारहरू र पत्रकारहरू लक्षित थिए। यस्ता सामग्रीहरू मध्ये ५४ प्रतिशत फेसबुकमार्फत गरिएका थिए भने टिकटकको प्रयोगको दायरा यो भन्दा अत्यधिक धेरै फराकिलो थियो।

### मतदाताहरूलाई प्रभाव पार्ने दुरासययुक्त सामग्रीः


अध्ययनको अवधिमा मतदाताहरूलाई मनोबैज्ञानिक प्रभावमा पार्नसक्ने किसिमका सामग्रीहरू फेसबुक र टिकटकमा गरेर १४९ वटा फेला परेका थिए। अध्ययन अवधिमा मिथ्या सूचना, भ्रमित पार्ने सूचना र दुस्प्रचारका सामग्रहिरू ६६ वटा फेला पारिएका थिए। एआई जेनेरेटेड मिथ्या सामग्रीहरू सामाजिक सञ्जालमा पोष्ट गरिएका थुपप्रै प्रमाणहरू भेटिए।

### बालबालिकाहरूको प्रयोगः

निर्वाचन प्रचारमा बालबालिकाहरूको प्रयोगका २९ वटा घटनाहरू देखिएका थिए।

### आचारसंहिता उल्लंघन मासिकरूपमाः

आचार संहिताको उल्लंघन मूलतः प्रचार अभियानको समयमा भएको देखिन्छ।



### सामाजिक सञ्जाल अनुसार आचारसंहिताको उल्लंघन

**फेसबुक**
सर्वाधिक उल्लंघन
४१० उल्लंघन | ५४.३% प्रतिशत
डरधाक, र धम्की


**टिकटक**
दोस्रो
१४२ उल्लंघन | १८.८% प्रतिशत
मिथ्या सूचना, भ्रामक सूचना, दुराग्रह र दुरासययुक्त प्रभाव

**इन्स्टाग्राम**
तेस्रो
१०६ उल्लंघन | १४.०% प्रतिशत
राजनीतिक सामग्री सहितको प्रचार

**अन्य (युट्युब, ट्वीटर, वेबसाइट आदि)**
चौथो
१७ उल्लंघन | २.३% प्रतिशत
समाचार सामग्री, राजनीतिक कमेन्ट तथा विश्लेषण

**दीर्घकालिन पर्यवेक्षकहरूले फिल्डबाट प्रेषित**
पाँचौं
७० उल्लंघन | ९.३% प्रतिशत
स्थानीय सञ्चार माध्यमबाट प्रचारप्रसार

### तुलनात्मक बार चार्ट




- रिल्स, छोटा किसिमका टिकटक क्लिप भिडियो र सामान्य भिडियो क्लिपहरू भएको कन्टेन्टको प्राधान्यता रह्यो। यस्ता सामग्रीहरूको स्थान ७४ प्रतिशत थियो।
- आचारसंहिता उल्लंघन गर्नेहरूमा कमेन्ट, आलेख वा विचारजन्य सामग्रीहरूको स्थान ४६ प्रतिशत थियो भने समाचार सामग्रीहरूको स्थान २६ प्रतिशत थियो। प्रमुखरूपमा यस्ता उल्लंघनहरू स्थापित नामचलेका प्रयोगकर्ताहरूबाट भएका थिए।

## आचार संहिता उल्लंघनको प्रादेशिक अवस्थाः

सातवटा प्रदेशहरू मध्ये सवैभन्दा धेरै आचारसंहिता उल्लंघनका घटनाहरू वागमती प्रदेशमा रेकर्ड गरिए। यस्तो हुनुमा जनघनत्व बढी र ईन्टरनेटको पहुँचको मात्रा ठूलो र सशक्त भएको कारणले हो। सुदुरपश्चिममा न्युन

डिजिटल आचारसंहिता उल्लंघन हुनुको कारणमा न्युन डिजिटल पूर्वाधार भएको कारणले हो। बारा, सिराहा, सप्तरी, सिन्धुपाल्चोक र पर्सा उच्च प्रतिसस्पर्धात्मकक र तनावयुक्त क्षेत्र रह्यो।

### प्रदेश अनुसार उल्लंघन — विस्तृत विवरण

| प्रदेश | स्थान | प्रारम्भिक संकलन | स्थानीय पर्यवेक्षक | जम्मा | जिल्ला |
|---|---|---|---|---|---|
| वागमती | सर्वाधिक | २०३ | ४२ | २४५ | सिन्धुपाल्चोक, ललितपुर, नुवाकोट र रसुवा |
| कोशी | दोस्रो | १३५ | २८ | १६३ | मोरङ, सुनसरी, धनकुटा, र खोटाङ |
| मधेश | तेस्रो | १२२ | २० | १४२ | बरा, सप्तरी, सिरहा र पर्सा |
| लुम्बिनी | चौथो | ९३ | ११ | १०४ | रुपन्देही, दाङ र कपिलवस्तु |
| गण्डकी | पाँचौं | ६८ | १३ | ८१ | कास्की, गोरखा, र नवलपरासीपूर्व |
| कर्णाली | छैटौं | ४२ | ६ | ४८ | सुर्खेत, जाजरकोट र जुम्ला |
| सुदूरपश्चिम | सातौं | ३२ | ७ | ३९ | कैलाली, आछाम, र डोटी |

### कुल जम्मा

| प्रारम्भिक संकलन | स्थानीय पर्यवेक्षकबाट प्राप्त | कुल जम्मा |
|---|---|---|
| ७५५ | १२७ | ८८२ |

*यहाँ उपलब्ध गराइएका सम्पूर्ण तथ्यांकहरू निर्वाचन पर्यवेक्षण समिति नेपालको मिडिया अब्जर्भेसन टोलीले गरेको पर्यवेक्षणमा आधारित छन्। थप विस्तृत जानकारीको लागि निम्न लिङ्कमा गएर हेर्न सकिन्छ।*[https://watch.eocnepal.org.np](https://watch.eocnepal.org.np)

•••

# निर्वाचन खर्च

निर्वाचन प्रचार अभियानको लागि निर्वाचन आयोगले खर्चको सिमा निर्धारण गरेको थियो। गत निर्वाचनको भन्दा खासै भिन्नता नभए पनि यस पटक खर्चको सिमालाई सहर तथा गाउँको जनघनत्व तथा भौगोलिक सिमान्ततालाई आधार लिएर फरक–फरक खर्चका सिमाहरु निर्धारण गरिएका थिए। प्रत्यक्षतर्फका उम्मेदवारहरूको लागि खर्च गर्ने सिमा रु. २५ लाख देखि अधिकतम रु. ३३ लाख सम्म निर्वाचन क्षेत्रअनुसार तोकिएको थियो। समानुपातिकतर्फका उम्मेदवारहरूका लागि प्रति उम्मेदवार रु. २ लाख तोकिएको थियो। निर्वाचन प्रचारमा भएको आम्दानी र खर्च विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र सम्बन्धित दलले आयोगमा र उम्मेदवारले जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानुनी व्यवस्था छ।

## खर्च सीमा निर्धारणको सैद्धान्तिक पक्ष

नेपालको निर्वाचनमा निर्वाचन अभियानको सिलसलामा हुने खर्चको अधिकतम हद निर्धारण गर्ने परम्परा नै बनेको छ। यस किसिमको अभ्यास सिद्धान्ततः आर्थिक श्रोतमा समान पहुँच र लेवल प्लेईङ फिल्ड अर्थात सबैलाई समान क्षेत्र सिर्जना गर्ने प्रयासको रूपमा लिईएको छ। सिद्धान्ततः यस किसिमको परम्परा राम्रो भएता पनि आर्थिक श्रोतमा पहुँच भएका र सम्पन्न उम्मेदवारहरूले दृश्य अदृश्यरूपमा मतदानमा पैसाको प्रभाव विस्तार गर्दै आएका छन्। निर्वाचन आचार संहिताको अनुगमनलाई सशक्त बनाउने हो भने यसको प्रभाव राम्रो देखिन्छ। नियमन, नियन्त्रण तथा दण्डको माध्यमबाट निर्वाचनमा समान पहुँचको सैद्धान्तिक पक्ष व्यवहारमा रूपान्तरण हुन्छ।

## निर्वाचन र आर्थिक गतिविधिः

निर्वाचन हुँदा राज्य कोषबाट निर्वाचन व्यवस्थापन, सुरक्षा तथा सामाजिक दायित्व निर्वाह गर्ने जस्ता कामहरूको लागि आवश्यक बजेट विनियोजन गर्नु पर्दछ। यस किसिमको बजेटको आकार सारभूत नै हुने गर्दछ, जसको असर सिधै अर्थतन्त्रमा पर्दछ। अर्को तर्फ राजनीतिक दलहरू र उम्मेदवार आफैले पनि निर्वाचन प्रचारप्रसारको सिलसिलामा निर्वाचन आयोगले तोकेको सिमा भित्र रहेर वा नरहेर, दृश्य अदृश्य रूपमा प्रचुर मात्रामा रकमहरू खर्च गरेका हुन्छन्।

उदाहरणको लागि बजेटरी व्यवस्थाबाट एकलाख भन्दा बढी निर्वाचन सुरक्षाको लागि नियुक्त निर्वाचन प्रहरीलाई वितरण गरिने पारिश्रमिक सिधै गाउँसम्म पुग्ने हुन्छ। नेपाल प्रहरीले निर्वाचन प्रहरीलाई प्रतिदिन ८६९.४० रुपैंया तलव दियो भने खटिएको ठाउँमा जाने र आउने तयारी खर्च एकमुष्ट ८४६ पनि दियो। यसका

साथै रासन, पोसाक, र भत्ता पनि पाए। पोसाकको लागि हिमाली क्षेत्र भए ११ हजार, पहाडको लागि ७ हजार र तराईको लागि ६ हजार दिईएको थियो। औसतमा निर्वाचन प्रहरीले ४० दिनमा करिव ५० हजार हाराहारी पाएका छन्। यसरी निर्वाचन मार्फत डेडलाख मानिसको हातमा करिब ८ अर्ब रुपैंया गयो। यसको अतिरिक्त पर्चा, पम्पलेट, ब्यानर, सवारी साधन भाडा, लगायतका खर्चहरुले बजार चलायमान हुन्छ।

निर्वाचनको लागि सरकारी बजेट विनियोजनबाट खर्च हुने रकम र राजनीतिक दलहरूबाट गरिने खर्च सोही अनुपातमा र प्रत्यासी उम्मेदवाहरूबाट गरिने खर्चको ठूलो हिस्साको कारणले बजारमा ठूलो तरलता प्रवाह भई आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने गर्दछ।

## अपारदर्शी खर्च र कानुनी छिद्रः

निर्वाचन आयोगले चुनावी खर्चलाई मितव्ययी र पारदर्शी बनाउन गरेको प्रयासलाई धेरैजसो उम्मेदवारले अटेर गरेका छन्। चन्दा संकलन तथा खर्च प्रयोजनका लागि उम्मेदवारलाई नयाँ खाता खोल्न आयोगले निर्देशन दिएको भएता पनि धेरै प्रत्यासी तथा राजनीतिक दलहरूले निर्वाचन प्रचारको लागि भनेर छुट्टै बैंक खाता खोलेनन्।

२५ हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक तथा वित्तीय संस्थामा छुट्टै खाताबाट लिने र खर्च गर्नुपर्ने आयोगको निर्देशन थियो। आयोगले माग गरेमा खर्चको सक्कल बिल, भर्पाई तथा बैंक खाता विवरण पेस गर्नुपर्ने उल्लेख थियो। निर्वाचन प्रचार खर्च गर्दा आफू वा आफ्नो निर्वाचन प्रतिनिधिमार्फत मात्र खर्च गर्ने र आयोगले तोकेको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गराउन नहुने आचारसंहिताको प्रावधान थियो। यद्यपि, यी सवै प्रावधानहरू कानुनको छिद्र खोजेर टार्ने गरिएको देखिन्छ।

पर्यवेक्षकहरूले भरेको फारमलाई आधार मान्दा राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन खर्चको कारोबार बैंकमार्फत गरेका छन् वा छैनन् भन्ने प्रश्नमा ४९ प्रतिशतले मात्रै गरेका छन् भने बाँकी ५१ प्रतिशतले गरेका छैनन् भन्ने जवाफ दिएका छन्। यसले झण्डै आधाभन्दा बढी उम्मेदवार तथा दलहरूले खर्च कारोबारलाई औपचारिक बैंकिङ प्रणालीभन्दा बाहिर राखेको देखाउँछ, जसले अपारदर्शितालाई मूर्त रूप दिन्छ। जबकि निर्वाचन आयोगले पारदर्शिताका लागि अनिवार्य रूपमा बैंक खातामार्फत कारोबार गर्न निर्देशन दिएको थियो। यो तथ्यले कानुनी व्यवस्था र त्यसको कार्यान्वयनबीचको खाडललाई उजागर गर्दै, आधाभन्दा बढी उम्मेदवार यस प्रावधानभन्दा बाहिर रहेको पुष्टि गर्दछ। अतः बैंकिङ कारोबारलाई अनिवार्य र प्रभावकारी बनाउने पक्षमा आयोगले कानुनी छिद्रलाई थुन्दै कडाइका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

विद्यमान कानुन, निर्वाचन आचारसंहिता र निर्वाचन आयोगले निर्धारित गरेको निर्वाचन प्रचारप्रसारको तौरतरीका तथा निर्वाचन खर्चको 'सिलिङ' लाई अनुसरण गर्न दल तथा उम्मेदवार उदासीन देखिएका छन्। खर्चलाई पारदर्शी र व्यवस्थित बनाउन आयोगले नयाँ खाता खोलेर कारोवार गर्न भनेको हो। तर, खाता नखोल्दा के कारबाही हुने कानुनमा कुनै प्रबन्ध छैन।

## निर्वाचनमा मतदाता प्रलोभनको अवस्था

पर्यवेक्षकहरूको फारम विश्लेषणबाट मतदातालाई प्रलोभन दिने गतिविधिबारे मिश्रित तथ्यांक प्राप्त भएको छ। अधिकांश पर्यवेक्षकले (करिब ६०–७० प्रतिशत) नगद, उपहार, भोजभतेर वा यातायात सुविधा जस्ता प्रलोभन देखेको वा सुनेको छैन भन्ने जवाफ दिएका छन्। अतः यसलाई सकारात्मक रुपमा लिन सकिन्छ।

यसपटकको निर्वाचन विगतको तुलनामा अपेक्षाकृत स्वच्छ रहेको संकेत गर्दछ। धेरैजसो पर्यवेक्षकले "देखिएन", "छैन", "थिएन", "देखिएन र सुनिएन" जस्ता जवाफ दिएका छन् भने कतिपयले "सुनेको तर देखिएन" भन्ने प्रतिक्रिया दिएका छन्।

यद्यपि, केही पर्यवेक्षकहरूले भोजभतेर, यातायात सुविधा तथा नगद वितरणको घटना देखेको वा सुनेको उल्लेख गरेका छन्। केही उमेद्वारहरुले मतदातालाई खाजा, पेट्रोल कुपन, मोटरसाइकलमा तेल, मासु, रक्सी तथा नगद रकम वितरण गरेको रिपोर्ट छ। कञ्चनपुर, बागलुङ, नवलपरासी, दाङ, दार्चुला, कैलाली लगायतका जिल्लाहरुमा मौन अवधिमा समेत नगद तथा मासु वितरण भएको जानकारीमा आएको छ। साथै, अपाङ्गता भएका तथा ज्येष्ठ नागरिकका लागि भन्दै यातायात सुविधा उपलब्ध गराउने नाममा प्रलोभन दिने प्रयास पनि भएको देखिन्छ।

समग्रमा, यसपटकको निर्वाचनमा प्रलोभनका गतिविधि पहिलाको तुलनामा कम रहे पनि पूर्ण रूपमा अन्त्य भने भइसकेको छैन। अधिकांश स्थानमा सुरक्षा संयन्त्र चुस्त रहेको र मतदाता स्वयं पनि सचेत बन्दै गएकोले खुलेआम प्रलोभन दिने अवस्था नरहेको देखियो। तर, गुपचुप रूपमा हुने यस्ता गतिविधिलाई नियन्त्रण गर्न अझै कडा अनुगमन, तत्काल कारबाही र मतदाता शिक्षामा जोड दिनु आवश्यक छ।

### डिजिटल कन्टेन्ट क्रियट गर्ने र सामग्री बनाउनेमा खर्चः

निर्वाचन मिति घोषणा भएदेखि नै सामाजिक सञ्जालमा पोष्ट गरिने सामग्रीहरू निर्माण गर्न विशिष्टिकृत दक्षता हासिल गरेका कन्टेन्ट क्रियटरहरूको माग बढ्न थालेको थियो। यस्ता कन्टेन्ट क्रियटरहरूको मासिक पारिश्रमिक चार लाखभन्दा माथि रहेको पाईयो। सबै मुख्य राजनीतिक दलहरू र अन्य नयाँदलहरू विशेषले यस किसिमको सेवाको पूरा उपयोग गरेको देखियो। यस्ता खर्चहरू स्थानीय विज्ञलाई भुक्तानी गरिने हुँदा सामाजिक सञ्जालमा वाहिरका शुभेच्छुकहरूले पोष्ट र बुष्ट गर्न देश बाहिर नै प्रायोजित भुक्तानी हुने भएकोले यस्ता खर्चहरू लेखा प्रणालीभन्दा वाहिर रहने गरेका छन्। सबै उम्मेदवारहरूले आयोगलाई पेश गरेका खर्चको आर्थिक विवरणहरूमा यस किसिमको खर्च समावेश छैन। निर्वाचन अभियानमा यस्तो खर्चको ठूलो हिस्सा रहेको छ।

### खर्चको ठूलो हिस्सा घरदैलो, स्थानीय सम्पर्क कार्यालय स्थापना, सवारी साधन र भोजभतेरमाः

मत खरिदका उदाहरणहरू यो निर्वाचनमा कमै सुनिए। यद्यपि, एकदुई ठाउँमा पैसा बाँडेको खवर आएको र स्थानीयले कारवाही गरेको खवरहरू पनि आएका थिए। तर, भोजभतेर, मदिरा लगायत मतदातालाई प्रभाव पार्ने भौतिक सहयोगका कामहरू पूर्ववत रूपमा नै गर्ने प्रयासहरु भए। प्रमुख दलहरूका प्रमुख उम्मेदवारहरू प्रतिस्पर्धा गरेको ठाउँहरूमा निर्वाचन खर्चको सिमा उल्लंघन अत्यधिक देखियो॥

चुनावी प्रचार प्रसारको लागि स्थानिय रुपमा पालिका र वडा स्तरमा सम्पर्क कार्यालय खोल्न, संचालन गर्न र पटकपटक घरदैलो र र्‍यालीमा भिड जुटाउन करिब सबै उम्मेदवारले सहभागिलाई खाना, खाजा र सवारी साधनको इन्धनको सुविधाका लागि ठुलो रकम खर्च गरेको देखियो।

### मतदाता खरीद प्रयासः

तुलनात्मक रूपमा यो पटकको निर्वाचनमा मतदाता खरिद गरेर मत परिणाममा प्रभाव पार्ने प्रयासहरू कमै देखिए। यद्यपि, छिटपुट यस्ता घटनाहरू रिपोर्ट नभएका भने होईनन्। मतदाताहरूले रकम पाएसम्म लिने तर मत

परिवर्तन आफूले चाहेको ठाउँमा गर्ने मनस्थिति बनाएका रोचक घटनाहरू पनि जानकारीमा आएका थिए। एउटा रोचक घटनालाई यहाँ उल्लेख गर्नु प्रासंगिक हुने देखेर उल्लेख गरिएको छ।

घटना कञ्चनपुरको हो । मतदान कसलाई गर्ने भन्ने सिलसिलामा श्रीमानले एउटा अमुक दलबाट पैसा सहित मदिरा सेवन समेत गरि आएका रहेछन् । श्रीमतीलाई सोही दलको उमेदवारलाई मत दिन भनेपछिको सम्वाद हो यो । “नेतासँग रक्सी खाने तपाईं, पैसा लिने तपाई, भोट हाल्न म किन जाने ?” भन्दै असन्तुष्टि व्यक्त गरिछन् । अन्ततः उनी आफ्ना छोरासँग मतदान गर्न गईन र मतदान गरिन् । यो घटनाले मतदाताको स्वतन्त्र निर्णय क्षमतालाई संकेत गर्छ ।


•••

# सुरक्षा संयन्त्र व्यवस्थापन

## सुरक्षा संवेदनशीलता र व्यवस्थापनः

पछिल्लो अनुमान अनुसार चार हजार छ सय मतदानस्थल अतिसंवेदनशील देखिएका थिए। मुलुकभरका १०९६७ निर्वाचनस्थलमा २३११२ निर्वाचन केन्द्र निर्धारण गरिएका थिए। त्यस्तै, ४४४२ मतदानस्थल सुरक्षा चुनौती विश्लेषणका आधारमा संवेदनशील सूचीमा राखिएका थिए। जसमध्ये काठमाडौं उपत्यकामा २३७, कोशीमा ८२१, मधेसमा ७५५, बागमतीमा ४९७, गण्डकीमा ५७७, लुम्बिनीमा ७३८, कर्णालीमा ४२२ र सुदूरपश्चिममा ३९५ थिए। बाँकी २८४५ स्थल भने सामान्यमा राखिएका थिए।

देशभरका १०,९६७ मतदानस्थलहरूमध्ये २,८४५ सामान्य, ४,४४२ संवेदनशील र ३,६८० अतिसंवेशनशील क्षेत्रको रूपमा रहेका भन्ने निश्कर्ष केन्द्रीय सुरक्षा समितिले निकालेको थियो। सबैभन्दा धेरै सुरक्षा संवेदनशीलता मधेश प्रदेशलाई लिईएको थियो, जहाँ १,२४६ मतदान केन्द्रहरू अतिसंवेदनशील क्षेत्रको रूपमा लिईएको थियो। यस हिसावले २०७९ मंसिर ४ मा भएको निर्वाचनमा भन्दा यसपटक बढी सुरक्षा चुनौती रहेको थियो। समितिको तथ्यांकअनुसार गत निर्वाचनमा भन्दा यसपटक ५७२ वटा बढी मतदान केन्द्रमा सुरक्षा चुनौती थपिएको थियो। २०७९ मंसिरको निर्वाचनमा २९४६ वटा मतदान केन्द्रलाई अति संवेदनशील मानिएको थियो। यसपटक पनि तीन तहकै एकिकृत सुरक्षा योजना लागू गरिएको थियो। निर्वाचनको भित्री काममा नेपाल प्रहरी, बाहिरी घेरामा सशस्त्र प्रहरी र त्यो भन्दा बाहिर नेपाली सेना रहेका थिए। साथै राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरु पनि परिचालन गरिएका थिए। नेपाल प्रहरी ७५,४९७, सशस्त्र प्रहरी ३४,५७६, नेपाली सेना ७९,७२७, राअविका कर्मचारी १,९२१ र निर्वाचनको लागि भर्ना गरिएका अस्थायी निर्वाचन प्रहरी १,४९,०९० समेत कूल ३,३८,८९० सुरक्षाकर्मी परिचालन गरिएका थिए।




## निर्वाचन प्रहरी भर्ना:

यस निर्वाचनमा निर्वाचन प्रहरीको लागि नेपाल प्रहरीले १ लाख ३३ हजार ९ सय ८० जना र सशस्त्र प्रहरीले १५ हजार निर्वाचन प्रहरीहरू नियुक्त गरेका थिए।

## फरार कैदीबन्दी

जेनजी आन्दोलनको मौकामा देशका विभिन्न कारागारहरूबाट फरार भएका ४५५४ कैदीबन्दी निर्वाचन अवधिमा पनि फरार रहेकै अवस्थामा थिए। कारागार व्यवस्थापन विभागकाअनुसार फरार हुनेमा कारागारमा रहेका ४२५० र बाल सुधार गृहमा रहेका ३०४ जना थिए। आन्दोलनको मौकामा कारागारबाट १३५८५ जना र बाल सुधार गृहबाट ९७४ जना गरी १४५५९ कैदीबन्दी फरार भएका थिए। जसमध्ये यो प्रतिवेदन तयार गर्दा सम्म ९९८६ जना कैदीबन्दी मात्र कारागार फिर्ता आएका थिए।

## लुटिएका हतियारहरू

जेनजी आन्दोलनको बेला भाद्र २४ गते बिद्रोहीहरूले सुरक्षामा तैनाथ प्रहरीबलका हातमा भएका अत्याधुनिक ईन्सास राईफल र एसएलआर लगायत साना हतियार सहित १२७६ थान बन्दुकहरू लुटेका थिए। त्यसै गरी प्रहरीलाई निशस्त्र गर्ने बेलामा उनीहरूले लगाएको पोषाक र परिचयपत्रहरू समेत लुटेका थिए। ती लुटिएका हातहतियारहरूमध्ये यो प्रतिवेदन तयार गर्दासम्म ७२० थान फिर्ता पाईए पनि ५०० थान यस्ता बन्दुकहरू फेला परेका छैनन॥ प्रहरीका परिचयपत्रहरू पनि सबै फिर्ता लिन सकिएको थिएन। लुटिएका हतियारहरू निर्वाचनको समयमा प्रयोग हुनसक्ने सम्भावना सुरक्षा संवेदनशीलता बढाउने प्रमुख कारण थियो॥

•••

# निष्कर्ष

## निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्नः

विगतका निर्वाचनहरूमा केही न केही छिटपुट घटनाहरू भएका नै हुन्थे। २०७९ को निर्वाचनमा त झडप, मानवीय क्षति र मतदान अवरूद्ध जस्ता घटनाहरू भएका थिए। कतिपय ठाउँहरूमा बुथ कब्जा हुनुका साथै मतदानस्थलमा निर्वाचन कार्य अवरूद्ध समेत भएका थिए। निर्वाचन पर्यवेक्षण गरेर जारी गरिने प्रतिवेदनहरूमा पनि "निर्वाचन तुलनात्मक रूपमा शान्तिपूर्ण रूपमा सम्पन्न भयो" भनेर विज्ञप्तिहरु जारी गरिएका हुन्थे। तर यसपालीको अवस्था भने नितान्त फरक देखियो। निर्वाचन गराउनु पर्नाको विशिष्ट अवस्था र त्यसबाट सिर्जित सुरक्षा चुनौतिहरू जटिल थिए। जेन जी आन्दोलन र त्यसपछिका आगजनी लगायतका घटनाहरूले देश सुरक्षा चुनौतिको घेरामा थियो। हतियारहरू खोसिएका, लुटिएका, कैदीबन्दीहरू फरार रहेका र प्रहरीहरूको कार्यालयहरू जलाईएका अवस्थामा उनीहरूको मनोबल गिरेको अवस्था थियो। यी सवै चुनौतिहरूलाई पार गरेर निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ।

दलहरूबीच आपसी तिक्तता, दोषारोपण, मनोमालिन्य, मुठभेड र पूर्वाग्रही ब्यवहार भए गरेको देखिएन। यस किसिमको व्यवहार प्रदर्शनले नेपालको राजनीति परिपक्क र संस्कारित हुँदै गएको आभाष मिल्दछ।

कुनै पनि हिंसात्मक घटना वा गम्भीर अवरोध नभई शान्तिपूर्ण निर्वाचन सम्पन्न हुनु यो निर्वाचनको विशेषता हो। निर्वाचनमा कुनै वाधा, अवरोध, झडप वा अशान्तिपूर्ण व्यवहार नभई सम्पन्न भएकोले यो निर्वाचन ऐतिहासिक पनि हो। यसको सफलताको लागि सम्वद्ध सबै पक्ष धन्यवादको पात्र छन्।

मतदाताहरूले समग्रमा निर्वाचनलाई लोकतान्त्रिक अधिकारको अभ्यासका रूपमा मूल्याङ्कन गरेका थिए। धेरैले मतदानलाई आफ्नो सामाजिक दायित्व र स्थानीय विकाससँग सम्बन्धित महत्वपूर्ण अवसरको रूपमा हेरेका थिए। युवा मतदाताहरूको ध्यान सुशासनप्रति लक्षित थियो।

निर्वाचनप्रति नागरिक चेतना, जागरुकता र सहभागिता पनि यो निर्वाचनको अर्को उल्लेखनीय पक्ष रह्यो। नागरिकको स्वेच्छिक सहभागिता विना कुनै पनि निर्वाचनले सफलता पाउन सक्दैन। यो निर्वाचन घोषणाको प्रारम्भिक अवस्थामा केही राजनीतिक दलहरूले अनिच्छा देखाएको भएता पनि मुख्य राजनीतिक दलहरू सवैको सकृय सहभागिता रह्यो। केही स–साना राजनीतिक दलहरूले निर्वाचन बहिस्कारको घोषणा गरेका भएता पनि निर्वाचनमा खासै असर परेन। उनीहरूले निर्वाचनको वहिस्कारलाई सैद्धान्तिक रूपमा लिएपनि व्यवहारिक रूपमा कुनै विघ्न वाधा गर्ने कामहरू गरेनन्।

निर्वाचनमा महिला दलित, जनजाति, तथा अल्पसंख्यक समुदायको सहभागिता सक्रिय र समावेशी रह्यो।

निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त सहित पाँच जना आयुक्तहरूको दरवन्दी रहेकोमा २ वटा खाली रही ३ जना आयुक्त मात्र भएको अवस्थामा १५० दिन भित्र निर्वाचन तयारी गरी शान्तिपूर्णरूपमा सम्पन्न गराउनु आयोगको सफलता हो।

राम्रा अभ्यासको रूपमा निर्वाचन कार्यालयहरूले मतदाता नामावली सजिलै पहुँचयोग्य स्थानमाउपलब्ध गराएका  थिए र जानकारीका लागि हेल्प डेस्क सञ्चालन गरिएको थियो।

संवेदनशील तथा अति–संवेदनशील मतदान केन्द्रमा सुरक्षाकर्मीको समयमै र पर्याप्त परिचालन गरिएकोले शान्तिपूर्ण मतदान सुनिश्चित भएको छ।

अतः यो निर्वाचन निश्पक्षता, तटस्थता, स्विकार्यता र वैधताको हिसावले समग्ररूपमा सफल रह्यो।

यो निर्वाचनको सफलताको पाटो सहित पूर्ववर्ति निर्वाचनहरूजस्तै यो निर्वाचनलाई पनि असर गर्ने गरी आचार संहिता उल्लंघनका केही घटनाहरू भए। केही व्यवहारिक र केही सैद्धान्तिक कमी कमजोरीहरू यस निर्वाचनमा पनि देखिए।

अनुगमन संयन्त्र कृयाशील भएर पनि कार्यान्वयन तहमा कमजोर देखियो।

### मतदाता शिक्षाको कमीः

निर्वाचनमा निर्वाचन शिक्षा, नागरिक शिक्षा र मानव अधिकार शिक्षा आधारभूततहसम्म पुगेको देखिएन। मतदाता शिक्षा निकै दुर्वल देखियो। करिव ५ प्रतिशत मत बदर हुनु भनेको निर्वाचनको परिणामलाई गुणात्मक असर पार्नसक्ने मतको दुरूपयोग भएको मान्नु पर्दछ।

निर्वाचनको मतपत्र गणना गर्ने सिलसिलामा जे देखियो त्यसले मतपत्र बदर हुनुका कारणहरू प्रष्टरूपमा बुझ्न सघाएका छन्। प्रत्यक्ष र समानुपातिकतर्फका गरेर दुईवटा मतपत्रहरू थिए र स्वस्तिक चिन्ह लगाएर पालैपालो दुईवटा बाकसमा खसाल्न पर्ने थियो। अर्थात मतदातालाई भनिएको थियो कि एउटा प्रत्यक्षको लागि र अर्को समानुपातिकको लागि गरेर दुईवटा छाप लगाउनु पर्दछ। सोही वमोजिम् एउटै मतपत्रमा पनि दुईचिन्हमा छाप लगाईए र परिणामतः मतपत्रहरू बदर भए। यसको सिधा अर्थ हो मतदाता शिक्षाको कमी।

### मतदान गर्ने संख्या महिलाहरूको धेरैः

अधिकांस पुरुषहरू वैदेशिक रोजगार, अन्य पेशा र व्यवशायको कारणले मुलुक वाहिर रहेका हुँदा मतदान प्रकृयामा सहभागिता संख्या अधिकाँश महिलाको रहेको देखियो।

### डिजिटल युगसंग मेल नखाने कानुनी संरचनाः

सूचना तथा सञ्चार प्रविधिको तिव्र विकाससंगै निर्वाचन अभियानको स्वरूपमा पनि सारभूतरूपमा उल्लेखनीय परिवर्तन आएको प्रष्टरूपमा देखिएको छ। सामाजिक सञ्जाल, डिजिटल अनलाईन अभियानका कारण निर्वाचन आचार संहिता कार्यान्वयनमा नयाँ एवम् थप जटिलता सिर्जना भएको छ। विद्यमान कानुनी प्रावधानहरूले यी नयाँ सिर्जित जटिलताहरूलाई सम्वोधन गर्न सक्ने देखिदैनन्। अतः यसतर्फ सचेत

रहेर प्राविधिक दक्षता र विज्ञता समेत भएको कार्यदल  बनाएर उपयुक्त समसामयिक कानुनको मस्यौदा गरिनु पर्दछ ।


### प्रत्यक्षतर्फ महिला उमेदवारः

संघीय तथा प्रदेश निर्वाचनमा ३३ प्रतिशत महिला उमेदवार हुनुपर्ने वाध्यात्मक कानुनी आधार रहेको छ। कानुनी छिद्रलाई प्रयोग गरेर यो वाध्यात्मक अवस्थालाई राजनीतिक दलहरूले महिलाहरूको उमेदवारी समानुपातिकमा सिमित गरेका छन्। केही सिमित संख्याका महिलाहरू जो प्रत्यक्ष निर्वाचन जित्ने क्षमता राख्दछन्, उनीहरूलाई भने दलहरूले टिकट दिएका थिए।

यस निर्वाचनमा प्रत्यक्षतर्फ ३४०६ जनाले उम्मेदवारी दर्ता गराएकोमा ३८८ जना मात्र महिलाहरूको उम्मेदवारी परेको छ भने एक जना अन्यबाट छन्। यो भनेको जम्मा उमेदवार संख्याको ११.३९ प्रतिशत हो। नेपाली कम्युनिष्ट पार्टीले प्रत्यक्षतर्फ १२ जना महिला उमेदवार उठाएको थियो। त्यसैगरी नेपाली काँग्रेसले ११ जनालाई उम्मेदवार बनाएको थियो। नेकपा (एमाले) ले १० र रास्वपाले १६ जना महिला उम्मेदवार उठाएका थिए.।

राजनीतिक दलहरूको तर्फबाट २२१८ जना उम्मेदवार दर्ता हुँदा १९८७ पुरुष, २३१ महिला र एक अन्य समुहबाट थिए। स्वतन्त्र उम्मेदवारको संख्या ११८८ रहेकोमा १०३१ पुरुष र १५७ महिला थिए।[1]

1 https://english.onlinekhabar.com/no-women-candidates-in-31-electoral-constituencies.html




## प्रत्यक्षतर्फ दलित उम्मेदवारः

यसनिर्वाचनमा प्रत्यक्षतर्फ दलित उम्मेदवारहरूको संख्या न्युन देखियो। दलिततर्फ नेपाली काँग्रेसले एक जनालाई उम्मेदवार बनाएको छ भने नेपाल कम्युनिष्ट पार्टी (एमाले) २ जनालाई उम्मेदवार बनाएको थियो। त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीले पनि २ जनालाई मात्र उम्मेदवार बनाएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीले एक जनालाई उम्मेदवार बनाएको थियो।

१३ प्रतिशत जनसंख्या रहेको दलितहरूको संसदीय प्रतिनिधित्वलाई हेर्दा यी माथिका संख्याहरू अति नै न्युन देखिन आउँछ। दलित, पिडितहरूको वकालत गर्ने साम्यवादी दलहरूको अवस्था समेत दलित मैत्री नदेखिँदा समग्रमा राजनीतिक प्रतिनिधित्व गराउने कुरामा अनुदार देखिएको हो कि भन्ने लाग्दछ। यसरी हेर्दा समावेशी सिद्धान्तको मर्मलाई आत्मसात गर्न कठिन परेको जस्तो पनि देखिन्छ।

प्रत्यक्षतर्फ न्यून उम्मेदवार हुँदा पनि समावेशी कोटाबाट संसदीय प्रतिनिधित्वको स्थान पूर्ति गरिने हुँदा प्रतिनिधित्वविहिन हुने अवस्था भने रहँदैन। २०७९ को प्रतिनिधिसभामा १५ जना (५.८१ प्रतिशत) दलितहरूको प्रतिनिधित्व रहेको थियो समानुपातिक सिद्धान्तको अभ्यासको एक दशकको अनुभवमा संसदमा दलितहरूको न्युन उपस्थिति हेर्दा नेतृत्व विकासमा अझै पछि परेको देखिन्छ र यसतर्फ थप उदार ब्यवहारको योजना तथा कार्यक्रम कार्यान्वयन सहित राजनीतिक दलहरूको सहयोग प्रत्याभुत अपेक्षित देखिन्छ।

### युवाहरुलाई टिकटः

२५ देखि ३५ वर्षको उमेर समुहमा ५३८ (५१२ पुरूष र ६७ महिला र एक अन्य) जनाले उम्मेदवारी दिएका थिए। जसमध्ये २९४ जना स्वतन्त्र थिए। यसको अर्थ हो अझै पनि राजनीतिक दलहरूको विश्वास एवम् रोजाईमा युवाहरू पर्न सकेको देखिएन।

### मनोनयन दर्ता गर्दा खर्चको अनुमानित रकम र त्यसको श्रोत खुलाउन पर्ने कानुनी आवस्यकता धेरैले पुरा गरेननः

निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा निर्वाचन प्रचारप्रसार र अन्य कामको लागि समेत लाग्ने खर्चहरूको अनुमानित विवरण र त्यसको लागि चाहिने आर्थिक श्रोतको जोहो कसरी गर्ने भन्ने विवरण पेश गर्नु पर्ने वाध्यकारी व्यवस्था निर्वाचनआचार संहिता र कानुनमा रहेको छ। पेश नगरेको अवस्थामा के हुने भन्ने प्रावधान नभएको कारणले यस निर्वाचनमा अधिकांश उम्मेदवारहरूले खर्चको अनुमानित विवरण पेश गरेको देखिए पनि त्यसको लागि आवश्यक श्रोतको विवरण उल्लेख गरेको भने पाईएन।

### मतदाता शिक्षामा स्वयंसेवकहरू परिचालनः

मतदाताहरुलाई निर्वाचन प्रक्रिया, मताधिकारको महत्व तथा मतदान विधिबारे समयमै जानकारी दिन निर्वाचन आयोगले ३–१७ फागुनसम्म स्वयंसेवक परिचालन गर्ने गरी विशेष कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रमको उद्धेश्यहरूमा मतदाता सहभागिता बढाउने तथा बदर मत कम गर्ने रहेको थियो। आमनागरिकलाई निर्वाचन प्रक्रिया, मताधिकारको महत्व तथा मतदान विधिबारे समयमै जानकारी दिन विशेष कार्यक्रम तयार पारी लागू गरिएको थियो।

आममतदातालाई सही, तथ्यपरक र उपयोगी जानकारी प्रदान गरी जिम्मेवार र सचेत मतदान संस्कृतिको विकास गर्न खोजिएको थियो। यससँगै मतदानको कार्यमा आममतदाताको सहभागिता अभिवृद्धि र बदर मतको संख्या न्यूनीकरण गर्नु पनि यस कार्यक्रमको उद्देश्य रहेको थियो। कार्यक्रमअनुसार मतदाता शिक्षाका लागि आमसञ्चारमाध्यम, सामाजिक सञ्जाल र स्वयंसेवक परिचालन गरिएको थियो। देशभरका नगरपालिका तथा गाउँपालिकाका जम्मा ६,७४३ वडामा ३–१७ फागुनसम्म मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको थियो। यस कार्यक्रमबाट मतदाताहरूले मतदान प्रक्रिया, मतपत्रको प्रयोग, गोप्य मतदानको महत्व, निर्वाचन

आचारसंहिता तथा गलत एवं भ्रामक सूचनाबाट बच्ने उपायबारे जानकारी प्राप्त गर्नेछन् भन्ने अपेक्षा गरिएको थियो। मतदाता शिक्षाका लागि २५ करोड बजेट विनियोजन गरिएको थियो।

यो कार्यक्रममा स्वयंसेवकलाई घरदैलो तथा विद्यालयस्तरमा परिचालन गरिएको थियो। आयोगले आमसञ्चार तथा सामाजिक सञ्जालबाट पनि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो। मतदाता शिक्षाका लागि स्थानीय तहका सबै वडामा एक–एकजना योग्य र अनुभवी स्वयंसेवक नियुक्त गरिएको थियो। नियुक्त भएका स्वयंसेवकहरू कार्यक्रम सञ्चालन गर्न आफ्नो वडाभित्रका विद्यालय र घरधुरीसम्म पुग्नुपर्ने थियो। आममतदाता लगायत राज्यको मूलप्रवाहबाट पछि परेका वर्ग, लिंग, समुदाय र क्षेत्रका मतदाताहरूको निर्वाचन सम्बन्धी सचेतना अभिवृद्धिका लागि स्थानीय स्वयंसेवकहरूले बुझ्ने भाषामा मतदाता शिक्षा प्रदान गर्नुपर्ने थियो। स्वयंसेवकलाई १० हजार पारिश्रमिक व्यवस्था गरिएको थियो।

सत्यतथ्य सूचनाको सम्प्रेषण, सामाजिक सञ्जालको सही उपयोग, मतदाता शिक्षा, निर्वाचन सचेतना तथा प्रचारका तीनवटा कार्य गरिनेछ भनिएकोमा पहिलो– आयोगले प्रवाह गर्ने निर्वाचनसम्बन्धी सूचना तथा जानकारी लक्षित वर्गसम्म उपयुक्त समयमा सहज रूपमा पुर्‍याउने, दोस्रो– निर्वाचन प्रचार–प्रसार तथा मतदाता शिक्षामा सञ्चार संस्था, सञ्चारगृह र आमसञ्चार माध्यमसँगको साझेदारी अभिवृद्धि गर्ने तथा तेस्रो– निर्वाचनसम्बन्धी सूचना सम्प्रेषण र मतदाता शिक्षाका लागि सामाजिक सञ्जालको प्रभावकारी उपयोग गर्ने थियो। सबैखाले सञ्चारमाध्यमबाट निर्वाचनसम्बन्धी सन्देशमूलक अडियो, भिडियो सामग्री प्रकाशन तथा प्रसारण गरिएको थियो। मोबाइल तथा ल्यान्डलाइन फोनमा कलररिङ ब्याक टोन (सिआरबिटी) र एसएमएस व्यवस्था गरिएको थियो।

यी सवै प्रयत्नका वावजुद ब्यवहारिक रूपमा यो कार्यक्रम प्रभावकारी भएको देखिएन। यस्तो हुनुमा निम्न कारणहरू प्रत्यक्षरूपमा जिम्मेवार रहेका देखिन्छन्।

(क) साँस्कृतिक तथा परम्परागत मूल्य र मान्यताप्रति दृढ रहेको समाज

(ख) खटाईएका स्वयम्सवकहरूको कम सकृयता

(ग) नागरिक शिक्षासंग मतदाता शिक्षा नजोडिनु

(घ) समयाभाव (छोटो समयमा प्रभावकारी उपलव्धी हातमा आउन सम्भव नहुनु)

(ङ) निर्वाचन शिक्षालाई मानव अधिकार तथा नागरिक अधिकारसंग जोडेर ब्यवहारिक शिक्षामा रूपान्तरण नगरिनु।

## दल र उम्मेदवार आचारसंहिता उल्लंघन गरेका गर्‍यै, तर आयोगको कारबाही सिमित

आयोगकै अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनको आचारसंहिता दल, उम्मेदवार र सार्वजनिक पदाधिकारीहरूबाट उल्लंघन भएका सूचनाहरू पाईरहँदा पनि आयोगले आचारसंहिता उल्लंघनमा कठोर र सजायमुखी कारबाही गरेको देखिएन। आयोगले ४ माघ रातिदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू गरेको थियो। ऐन अनुसार दल र उम्मेदवारले आचारसंहिता उल्लंघन गरेमा एक लाख रूपैयाँसम्म जरिवाना र राष्ट्रसेवक कर्मचारीले उल्लंघन गरेमा विभागीय कारबाही हुने व्यवस्था छ। यदि उल्लंघनले निर्वाचनको विश्वसनीयतामा असर पुर्‍याए ६ वर्षसम्म चुनावमा रोक वा उम्मेदवारी रद्द गर्न सकिने व्यवस्था निर्वाचन कसुर तथा सजाय ऐनमा छ।

आचारसंहिता लागू भएपछि दल, उम्मेदवार र पदाधिकारीहरूलाई कारवाही स्वरूप स्पष्टीकरणहरू सोधिएका थिए। आयोगले विभिन्न दल र उम्मेदवार, सार्वजनिक संस्था र पदाधिकारीलाई स्पष्टीकरण सोधेको थियो।

### मतदाताहरुले गरे 'नो भोटको' निर्णयः

यस पटक दार्चुला, दाङ, ओखलढुँगा, र दोलखाका केही मतदान केन्द्रहरूमा त्यहाँका कुनै पनि मतदाताले मतदान गरेनन्। मतदाताहरुले निर्वाचन बहिस्कार गरेर नो भोटको अभ्यास गरिसकको अवस्थामा यसलाई कानुनी हिसावले निरोपण गरिन आवश्यक देखिएको छ।

### अपारदर्शी खर्च र कानुनी छिद्र

समग्र विश्लेषणले नेपालको निर्वाचन खर्च व्यवस्थापनमा सकारात्मक र नकारात्मक दुवै पक्ष रहेको देखाउँछ। सकारात्मक पक्षमा, निर्वाचन आयोगले खर्चको सीमा तोकेको, सरकारी बजेटबाट खर्च हुने रकम (जस्तै निर्वाचन प्रहरीलाई करिब ८ अर्ब रुपैयाँ) ले अर्थतन्त्रमा तरलता प्रवाह गरी आर्थिक गतिविधि चलायमान बनाएको, र अधिकांश स्थानमा प्रलोभनका गतिविधि विगतको तुलनामा कम देखिएको छ। तर, नकारात्मक पक्षमा, झण्डै आधाभन्दा बढी (५१ प्रतिशत) उम्मेदवारले बैंकिङ कारोबार नगरेको, डिजिटल कन्टेन्ट निर्माणमा भारी खर्च (मासिक ४ लाखसम्म) लेखाबाहिर रहेको, मतदाता प्रलोभन पूर्ण रूपमा अन्त्य नभई गुपचुप रूपमा जारी रहेको, र खर्च सीमा उल्लङ्घन गर्ने प्रवृत्ति कायमै रहेको पाइयो।

विद्यमान कानुनमा खाता नखोल्दा के कारबाही हुने भन्ने प्रबन्ध नहुनु एउटा गम्भीर कानुनी छिद्र हो। अतः निर्वाचन खर्चलाई पारदर्शी र प्रभावकारी बनाउन बैंकिङ कारोबार अनिवार्य गर्ने, डिजिटल खर्चलाई समेत अनुगमन दायरामा ल्याउने, प्रलोभन नियन्त्रणका लागि कडा निगरानी बढाउने, र कानुनी छिद्रलाई थुन्ने गरी एकीकृत कानुन निर्माण गर्नु आवश्यक छ। मतदाताको स्वतन्त्र निर्णय क्षमता प्रशंसनीय भए पनि, यसलाई थप संस्थागत गर्न मतदाता शिक्षामा जोड दिनु अपरिहार्य देखिन्छ।

### बदलियो प्रचार शैली,

राजनितिक दल  र उम्मेदवारले डिजिटल प्लाटफर्मलाई चुनावी प्रचारप्रचारको प्रमुख माध्यम बनाउँदा छापेर प्रयोग हुने चिन्ह अंकित झन्डा, पर्चा, पम्प्लेट, टिसर्ट, टोपी, ब्याच लगायतका सामग्रीको प्रयोग खासै देखिएन। विगतका निर्वाचनहरूमा उम्मेदवार भोट माग्न जनताको घरदैलोमा पुग्दा ठुलो परिमाणमा दल र चुनाव चिन्ह अंकित झण्डा, पर्चा र पम्प्लेट, डिजे,  बाजागाजा, जस्ता प्रचार सामग्री प्रयोग हुन्थे । मतदातालाई समेत दलको चुनाव चन्ह भएको टोपी र टिसर्ट बाँड्द। बाटोघाटो र चोक–चोकमा प्रचारप्रसार सामग्री छरिएका हुन्थे। कसैले भित्ता–भित्तामा झन्डा गाडेर छाड्थे। तर, अहिले प्रचारप्रसारको त्यो शैली निकै साँघुरिएको पाइयो। दल र उम्मेदवारले सकेसम्म धेरै डिजिटल माध्यमलाई प्रमुख प्रचारप्रचारको माध्यम बनाएका छन्। उम्मेदवारहरू सीमित मात्रामा मात्र झण्डा, टिसर्ट, टोपी र ब्याच लगायतका प्रचार सामग्री बोकेर मतदाताकहाँ पुग्ने गरेका छन्। भौतिक प्रचारप्रसारका सामग्रीको माग ह्वात्तै घटेको देखियो।

वाहिरवाट हेर्दा शान्त, सभ्य र शिष्ट निर्वाचन अभियान देखिए पनि सामाजिक सञ्जालको प्रयोग र यसमा भएका भाषाका प्रयोगहरू हेर्दा गाली, लाञ्छना, घृणात्मक अभिव्यक्ति, लगायत मिथ्या सूचनाको दुस्प्रचार व्यापक देखियो। यस किसिमको डिजिटल हस्तक्षेपको बाढीलाई रोक्न सक्ने प्राविधिक दक्षताको अभाव देखिंदा

यो निर्वाचन डेटा  र मेटाले मतदाताहरूमा मानसिक प्रभाव पारेको र टिकटक लगायतका सामाजिक संयन्त्रहरूले निर्वाचन प्रचारप्रसार अभियानमा मुख्य प्रबर्धकको भूमिका निभाएको देखियो।

## भर्चुअल माध्यमबाट भोट माग्दै उम्मेदवार

मतदाता र उम्मेदवारको भेट भौतिक रूपमा भन्दा भर्चुअल रूपमा बढी हुने गरेको देखियो। कतिपय उम्मेदवारले विदेशमा रहेका नेपालीलाई आफ्नो चुनावी माहोल सहज बनाइदिन भन्दै भर्चुअल माध्यमबाट सम्पर्क गरेको पाइयो। कतिपयले जुम मिटिङ गर्नेजस्ता तरिका अपनाए। कतिपयले भर्चुअल माध्यमकै प्रयोग गरेर विदेशमा रहेका मतदातालाई भोट हाल्न बोलाए। अधिकांश उम्मेदवारले सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्महरूको प्रयोगलाई प्राथमिता दिए र प्रचार तीव्र पारे। अझ युवा उम्मेदवारले चुनावी प्रचारप्रसारमा डिजिटल माध्यमको भरपुर प्रयोग गरे। उनीहरूले डिजिटल कन्टेन्ट बनाएर त्यहीँबाट मतदाताकहाँ आफ्ना सन्देश पठाए।

मृत ब्यक्तिहरूको नाम मतदाता सूचीमा कायमैः

गत निर्वाचनदेखि अहिलेसम्म आउँदा कयौं ब्यक्तिहरूले यो धर्ती छोडेर गईसकेका छन्। औषतमा कुल जनसंख्या बृद्धिको तुलनामा मृत्यु हुनेहरूको संख्या पनि उल्लेख्य नै हुन्छ। विगत दशौं वर्षदेखि मतदाता नामावलीमा भएका यस्ता मृत ब्यक्तिहरूको नाम अहिलेसम्म पनि लगतबाट कट्टा गरिएको छैन। मृतकका आफन्तले घटनाको जानकारी स्थानीय प्रशासन वा घटना दर्ता अधिकारी समक्ष गरेका हुन्छन॥ मृत ब्यक्तिको देहावसान पछि निजको नाममा भएको सम्पतिको हक हस्तान्तरण गर्नको लागि अनिवार्यरूपमा मृत्यु दर्ता प्रमाणपत्र पेश गर्नु पर्ने हुँदा स्थानीय पंजिकाधिकारीबाट निजका आफन्तहरूले मृत्युदर्ता  प्रमाणपत्र सहित नाता प्रमाणपत्र समेत प्राप्त गरेका हुन्छन्। यति हुँदा पनि व्यवस्थित पद्धतिको अभाव हुँदा मृतकहरूको नाम अद्यावधिक मतदाता नामावलीमा कायमै रहेको देखियो।

## मतदान केन्द्रको सुरक्षा प्रवन्धः

मतदान केन्द्रको सुरक्षा प्रबन्ध राम्रोसंग मिलाईएको थियो। मतदान केन्द्र वाहिर र भित्रै मतपेटिकाको साथमा हातहतियार सज्जित्त सुरक्षा जवानको उपस्थिति थियो। यस किसिमको हतियार सज्जित जवानको उपस्थितिले मतदातामा मनोवैज्ञानिक प्रभाव पर्दछ।

## निर्वाचन आयोगको कमि कमजोरीहरूः

निर्वाचन आयोगले आवधिक निर्वाचनको क्यालेण्डर कुरेर बस्नु भन्दा निरन्तर आफ्नो काममा लाग्नु पर्ने हुन्छ। कहिले कुन खण्डखातिर निर्वाचन गर्न पर्ने हो भन्ने अग्रिम जानकारी हुँदैन। संधै तयारीको अवस्थामा रहनको लागि पहिलो मूलभूत तयारी भनेको मतदाता नामावलीको अद्यावधिक सूची हो।

आयोगले कुल मतदाता संख्या भनेर निकालेको तथ्याँक वास्तविकतासंग मेल नखाँदा आयोगको विश्वसनियतामा प्रश्न उठ्दछ। दशौं वर्षदेखि मरेर गएका ब्यक्तिहरूको नाम मतदाता सूचीमा रहनु भनेको ठूलो संख्यामा मतदाता बढेको देखिनु हो। अतः मतदाता नामावलीको अद्यावधिक लगत कायम रहनु आवश्यक छ।

मतदाता नामावलीलाई स्वतः अद्यावधिक हुनेगरी घटना दर्ताको अभिलेख र राष्ट्रिय परिचयपत्रको अभिलेखलाई मतदाता नामावलीको अभिलेख प्रणालीसंग आबद्ध गरेर अद्यावधिक गर्न सकिन्छ।

•••

# सिफारिसहरू

निर्वाचन लोकतन्त्रको सुन्दर तथा आधारभूत स्तम्भ हो। निर्वाचनले स्वभावैले स्वतन्त्र, निस्पक्ष, धाँधलि रहित, कम खर्चिलो, विश्वसनीय र पारदर्शिताको अपेक्षा गर्दछ। यसै सैद्धान्तिक आधारमा निर्वाचन सम्वद्ध सवै पक्षहरूलाई तोकिएको आचारसंहिता पालनाको लागि आग्रह गरिएको हुन्छ। नागरिक समाजको अगुवाईमा गरिएका निर्वाचन पर्यवेक्षणबाट देखिएका असल अभ्यास तथा सुधार गर्ने विषयहरूलाई प्रतिवेदन मार्फत सिफारिस गरी सार्वजनिक गरिएका हुन्छन्। अतः निर्वाचन पर्यवेक्षणको सिलसिलामा निर्वाचनको माध्यमबाट लोकतन्त्रलाई सवलीकरण गर्ने दिशामा देखिएका प्रत्यक्ष रअप्रत्यक्ष रूपमा असर गर्ने सैद्धान्तिक व्यवहारिक आधारहरू, नीतिहरू, कानुनहरू सुधार गरी निर्वाचनलाई अरू थप व्यवस्थित तथा परिमार्जित गरी नागरिक अधिकारहरू सुरक्षित गर्न निम्नवमोजिम अल्पकालिन तथा दीर्घकालिन सिफारिसहरू गरिएका छन्।

## ■ अल्पकालिनः

### पर्यवेक्षकलाई प्रदान गरिएको परिचयपत्रः

निर्वाचन आयोगले पर्यवेक्षकहरूलाई उपलब्ध गराईएको परिचयपत्रको पुछारमा मतदान अधिकृतको स्वीकृतीले मात्र मतदान केन्द्रमा प्रवेश पाईने छ भनेर लेखिएको थियो। यस किसिमको व्यवस्थाले पर्यवेक्षण कार्यलाई निरूत्साहित गर्न खोजेको देखिन्छ। कतिपय मतदान केन्द्रहरूमा यही कारणले प्रवेश दिईएन र कतिपय ठाउँहरूमा पर्यवेक्षकहरूलाई हेर्न टाढाको फरक ठाउँ तोकिएको थियो। पयवेक्षकहरू आफै पनि जिम्मेवार नागरिक हुने र कतिपय प्रकृयाको नजिकबाट हेरेर तस्बीर समेत लिन पर्ने अवस्था रहने हुँदा यस किसिमको व्यवस्थाले पर्यवेक्षण कार्यलाई निरूत्साहित पार्न खोजेको देखियो। यसमा आयोगको अव्यक्त सोचाईले काम गरेको देखिन्छ। जस्तैः अन्तर्राष्ट्रिय पर्यवेक्षक र राष्ट्रिय पर्यवेक्षकलाई पर्यवेक्षण कार्यमा पहुँचका लागि विभेदपूर्ण व्यवस्था गरी पर्यवेक्षक परिचयपत्र वितरण गरिएको पाइएको हुँदा यसमा सुधार हुन आवश्यक छ।

### प्रवुद्ध पर्यवेक्षक र घुम्ती सेवाः

प्रवुद्ध पर्यवेक्षक विभिन्न पेशामा विशिष्टता हासिल गरेर उच्च ओहोदाबाट निवृत्त भएका प्रशासन, प्राज्ञ, कूटनीतिज्ञ, कानुन तथा न्यायसेवाका बरिष्ठहरू हुने र उनीहरूलाई यातायात सुविधा सहित घुम्ति सेवाबाट पर्यवेक्षण गर्ने व्यवस्था गरिएको थियो। उहाँहरूको विज्ञताबाट र उपस्थितिबाट समेत देश विदेशका निर्वाचनसंग सम्वन्धित संघसंस्थाहरू नेपालको निर्वाचनप्रति विश्वस्त रहन्थे। यस पटक यो सुविधा सिमित गरिएको हुँदा पर्यवेक्षण कार्य

केही अपूर्ण भएजस्तो महशुस गरिएको छ। प्रवुद्ध पर्यवेक्षकको व्यवस्था र उनीहरुलाई नेपाल भरी घुमेर पर्यवेक्षण गर्ने सुविधा साबिक जस्तै कायम गरिनुपर्छ॥

### स्वस्तिक चिन्हमा सेल्फ–इंक स्वस्तिक छापको प्रयोगसम्बन्धी

हाल प्रयोगमा रहेको परम्परागत स्वस्तिक छापलाई स्ट्याम्प प्याडमा बारम्बार डुबाउनुपर्ने भएकाले कतिपय अवस्थामा छाप प्रष्ट नबस्ने र मतदाताले सोही स्ट्याम्प प्याडमा औँठाछाप मतपत्रमा प्रयोग गरी मतदान गर्ने जस्ता समस्या देखिएको छ। जसका कारण मत बदर हुने अवस्था समेत सिर्जना भएको पाइयो। यसलाई न्यूनीकरण गर्न सेल्फ–इंक स्वस्तिक छापको प्रयोगलाई अनिवार्य बनाउनु उपयुक्त देखिन्छ। यस्तो छाप प्रयोग गर्दा छाप स्पष्ट बस्ने, प्रक्रिया सहज हुने तथा मत बदर हुने सम्भावना घट्नुका साथै, मतदान प्रक्रिया थप व्यवस्थित, छरितो बन्नेछ।

### मतदान केन्द्रमा आधारभूत सेवा तथा ज्येष्ठ नागरिकको व्यवस्थाः

प्रत्येक मतदान केन्द्रमा ज्येष्ठ नागरिक, बिरामी, गर्भवती तथा अपाङ्गता भएका मतदाताहरूका लागि छुट्टै प्राथमिकता लाइनको व्यवस्था गर्नुपर्छ। उनीहरूलाई लामो समय उभिन नपर्ने गरी मतदान केन्द्रको प्रवेशद्वार नजिकै पालो पर्खने व्यवस्था मिलाउनुपर्छ। साथै, ज्येष्ठ नागरिकहरूका लागि मतदान केन्द्रभित्रै पर्याप्त कुर्सी तथा बस्ने व्यवस्था अनिवार्य गर्नुपर्छ।

यस्तै, प्रत्येक मतदान केन्द्रमा पिउने पानी, शौचालय, पर्याप्त छायाँको व्यवस्था र प्राथमिक उपचार सामग्री सहितको स्वास्थ्य सेवा अनिवार्य रूपमा उपलब्ध गराउनुपर्छ। आपत्कालीन अवस्थामा तत्काल उपचारका लागि स्वास्थ्यकर्मी वा तालिमप्राप्त स्वयंसेवकको समेत व्यवस्था गर्नुपर्छ।

### सरकारी स्रोत साधनको दुरुपयोग नियन्त्रणसम्बन्धी सिफारिसः

निर्वाचन आचार संहिता उल्लङ्घन गरी सरकारी स्रोत तथा साधनको दुरुपयोग गर्ने जोकोहीलाई तत्काल कारबाही गर्ने व्यवस्था गर्नुपर्छ। स्थानीय तह तथा सरकारी निकायका प्रमुखहरूलाई निर्वाचन अवधिभर सरकारी स्रोतको दुरुपयोग नगर्न स्पष्ट निर्देशन दिनुपर्छ। साथै, यस्तो दुरुपयोगको अनुगमन गर्न छुट्टै संयन्त्र बनाउनुपर्छ।

## ■ दीर्घकालिनः

### मतदाता शिक्षाः

मतदाता शिक्षालाई प्रभावकारी बनाउन आवश्यक अध्ययन अनुसन्धान गरी दीर्घरूपमा स्कूल तहदेखि नै पढाउने व्यवस्था मिलाउनु पर्दछ। पर्यवेक्षणको सिलसिलामा मत बदर हुनुमा साँस्कृतिक तथा पुरातन सोच र व्यवहार जिम्मेवार देखिएको छ। गाउँ मात्र हैन सहरमा पनि उल्लेख्य संख्यामा मत बदर भएको छ। मत बदरको कारण र त्यसको निराकरणको उपायहरू पत्ता लगाउन निर्वाचन आयोगले अध्ययन अनुसन्धान गर्नु पर्दछ।

### मतदाता नामावली अद्यावधिक

मतदाता नामावली अद्यावधिक गर्ने काममा आयोगबाट खासै प्रयास भएको देखिएन। मतदाता नामावलीलाई व्यक्तिगत घटना दर्तार राष्ट्रिय परिचयपत्रसंग आबद्ध गरेर प्रविधिमैत्री बनाउनु पर्ने।

### अर्लि भोटिङ तथा अन्तर्राष्ट्रिय विमानस्थल भोटिङसम्बन्धी

निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक तथा वैदेशिक रोजगारीका लागि प्रस्थान गर्ने मतदाताहरूलाई मतदान अधिकारबाट वञ्चित हुन नदिन अर्लि भोटिङ (Early Voting) प्रणालीको व्यवस्था गरिनु आवश्यक देखिन्छ। निर्वाचनको मिति अगावै निश्चित स्थान र समय तोकी यस्ता मतदाताहरूलाई मतदान गर्ने अवसर प्रदान गरिनुपर्छ।

यसैगरी, अन्तर्राष्ट्रिय विमानस्थलहरूमा 'एयरपोर्ट भोटिङ' को व्यवस्था गर्न सकिने देखिन्छ, जसअन्तर्गत विदेश जाने क्रममा रहेका मतदाताहरूले प्रस्थानअघि नै मतदान गर्न सक्ने वातावरण सिर्जना गर्नुपर्छ। यसका लागि आवश्यक कानुनी प्रबन्ध, प्राविधिक संरचना तथा व्यवस्थापकीय तयारी समयमै सुनिश्चित गरिनु जरुरी छ। यसले ठूलो संख्यामा मतदाताहरूलाई समेट्दै समावेशी र व्यापक सहभागिता सुनिश्चित गर्न मद्दत पुऱ्याउनेछ।

### निर्वाचन आचार संहिताः

निर्वाचन आयोगले जारी गर्ने गरेको निर्वाचन आचार संहितालाई पुनरावलोकन गरी संक्षिप्त, ब्यवहारीक र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने बनाउनु पर्ने।

### सामाजिक सञ्जालको प्रयोगः

सूचना तथा सञ्चार प्रविधिको तिब्र विकाससंगै निर्वाचन अभियानको स्वरूपमा पनि तात्विकरूपमा उल्लेखनीय परिवर्तन आएको प्रष्टरूपमा देखिएको छ। सामाजिक सञ्जाल, डिजिटल अनलाईन अभियानका कारण निर्वाचन आचार संहिता कार्यान्वयनमा नयाँ थप जटिलता सिर्जना भएको छ। विद्यमान कानुनी प्रावधानहरूले यी नयाँ सिर्जित जटिलताहरूलाई सम्वोधन गर्न सक्ने देखिदैन। अतः उपयुक्त र समसामयिक कानुनको मस्योदा गरिनु पर्दछ।

### प्रवासी भोटः

विदेशमा रहेका नेपालीहरूलाई मतदान गर्न दिने बारे निकै लामो समयदेखि छलफल हुँदै र त्यसको आवश्यकता समेत जानेर निर्वाचन आयोगले कानुनी मस्यौदा समेत गरी त्यसलाई पारित गर्न सम्वन्धित निकायमा पठाएकोमा समयमा कानुन बनेर नआउँदा यसपालीको निर्वाचनमा पनि उनीहरूले मतदान गर्ने अवसरबाट बञ्चित हुनु परेको थियो। अनुकुलता हेरी "समावेशी प्रतिनिधित्वको निर्वाचनमा" मतदानको लागि नेपाली राजदूतावासहरूमा सशरीर उपस्थित भएर वा अन लाईनको माध्यमबाट प्राप्त अधिकारको प्रयोग गर्न सक्ने गरी व्यवस्था मिलाउन सकिने तर्फ विचार गर्न सिफारिस गरिन्छ।

### खर्च नियन्त्रणका लागि इलेक्ट्रोनिक भोटिङ

निर्वाचनमा सुरक्षापछि धेरै खर्च हुने अर्को पक्ष हो मतपत्र छपाइ, मतपेटिका खरिद र त्यसको ढुवानी। ०७९ को प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा निर्वाचन आयोगले ९० करोड २८ लाख ७३ हजार ६१५ रूपैयाँको निर्वाचन सामग्री खरिद गरेको थियो। यसअन्तर्गत कागज, मसी, छाप खरिद र त्यसको छपाइ, मतपेटिका खरिद आदि पर्छ। सोही सामग्री ढुवानी गर्न मात्रै १६ करोड ६३ लाख ५० हजार खर्च भएको थियो। निर्वाचनमा हालकै भोटिङ प्रणाली अँगाल्दा प्रत्येक निर्वाचनमा यो खर्च अनिवार्य नै हुन्छ।

मतपत्र तथा मतपेटिका सुरक्षा अर्को चुनौतीपूर्ण विषय हुन्। प्रत्येक निर्वाचनमा सरकारले सोही प्रयोजनमा ठुलो धनराशि खर्च गर्छ। निर्वाचनपिच्छे ठुलो संख्यामा निर्वाचन प्रहरी भर्ना र सुरक्षा निकायका ठुलो फौज परिचालन त्यसैका लागि हो।

निर्वाचनमा इलेक्ट्रोनिक भोटिङ मेसिन (इभिएम) प्रयोग गर्न सकिए यी समस्या हल हुन सक्छन्। आयोगले ०६४ मा भएको संविधानसभा निर्वाचनमा केही ठाउँमा इलेक्ट्रोनिक भोटिङ मेसिन प्रयोग गरेको थियो। पहिलोपटक लागू गरिएको उक्त प्रणाली सफल भएको थियो। तर, त्यसपछिका निर्वाचनमा लागू गरिएन।

### मतगणनाको लागि वैकल्पिक अभ्यासः

लोकतान्त्रिक अभ्यास भएका विदेशी मुलुकहरूको अभ्यासहरूलाई हेर्दा पनि मतगणना पद्धति एकै किसिमको देखिदैन। आआफ्नो परिस्थिति र अनुकुलतालाई हेरेर फरक फरक विधिहरू अभ्यासमा ल्याईएको देखिएका छन्। नेपालमा हालसम्म अभ्यासमा ल्याईएको मतपत्रहरू बन्दी बाकस एकैठाउँमा एकत्रित गरी निश्चित नियन्त्रित बारघेरा भित्र राखी मतगणना गर्ने गरिएको छ। सबै मतपत्रहरू रहेका बाकसहरू एकै ठाउँमा संकलन हुन भौगोलिक अवस्थाको कारणले समय लिने गरेको र मतपत्र ढुवानी असुरक्षित रहेको समेत महशुस गरिदै आएको परिप्रेक्षमा आगामी निर्वाचनहरूमा वैकल्पिक अभ्यासको थालनी गर्न विचार पुऱ्याउन पर्ने आवश्यकता देखिन्छ। ईओसी नेपालको विचारमा सम्वन्धित मतदान केन्द्रमा नै मतदानको समाप्तिपछि मतगणना गर्दा उपयुक्त हुने देखिन्छ। तर यसको लागि विज्ञहरू रहेको टोलीले अध्ययन अनुसन्धान गरेर निस्कर्षमा पुग्नु उचित हुन्छ।

### खर्चको विवरण बुझाउने व्यवस्थामा पुनरावलोकनः

निर्वाचन सम्पन्न भईसकेपछि अन्त्यमा निर्वाचन प्रचारप्रसारको अभियानमा भएका खर्चहरूको विवरण पेश गर्न लगाउनु भन्दा भएको व्यवस्थालाई सामान्य परिमार्जन गरी आयोगबाट निर्वाचन अनुगमन गर्ने पदाधिकारीलाई निर्वाचन क्षेत्रमा नै निगरानी राख्न लगाई खर्च परीक्षण गर्ने र अस्वाभाविक र अत्यधिक खर्च गरेको प्रमाण फेला परे तत्काल स्थलगत कारवाही गर्ने व्यवस्था ब्यवहारमा ल्याउनु उचित देखिन्छ। गत निर्वाचन सयौं पराजित उम्मेदवारहरूले मतदान सकिएको ३५ दिन भित्र बुझाउन पर्ने खर्च विवरण नबुझाएको र आयोगले कारवाही गरेको अवस्था थियो। तर पछि त्यो कारवाही मिनाह माफि हुँदा निर्वाचनमा हार्ने उम्मेदवारहरूले खर्च विवरण नबुझाउने र नियमको पालना नगर्ने जोखिम बढेको छ। अतः यसमा पुनरावलोकन गरिनु आवश्यक छ।

### दुई निर्वाचनको बीचको अवधिमा आयोगले गर्ने काम सम्बन्धमाः

एक निर्वाचन सम्पन्न भई अर्को निर्वाचनको तयारी सुरु नहुँदासम्मको अवधिलाई निर्वाचन सुधार, कानुनी सुदृढीकरण र नवीन अभ्यासहरूको विकासका लागि रणनीतिक रूपमा उपयोग गरिनुपर्छ। यस अवधिमा गरिने अध्ययन, अनुसन्धान र नीतिगत तयारीले आगामी निर्वाचनलाई थप समावेशी, विश्वसनीय र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ।

यस सन्दर्भमा निम्न विषयहरूमा विशेष ध्यान दिई कार्य अगाडि बढाउन सकिन्छ

- निर्वाचन पर्यवेक्षण संस्थाहरूका प्रतिवेदनहरूको समग्र समीक्षा गरी सुधारका क्षेत्र पहिचान गर्ने र उत्कृष्ट अभ्यासका सुझावहरूलाई संस्थागत गर्ने,

- सुरक्षा संवेदनशील निर्वाचन क्षेत्रहरुका जोखिम मूल्याङ्कन सम्बन्धी तथ्यांकलाई  अध्ययन गरी आवश्यक परिमार्जन सहित अधावधिक गर्ने
- "नो भोट" (None of the Above) लाई शान्तिपूर्ण असहमतिको माध्यमका रूपमा कानुनी मान्यता दिने सम्भाव्यता अध्ययन गर्ने,
- विदेशमा रहेका नेपालीहरूका लागि राजदूतावासमार्फत वा अनलाइन माध्यमबाट मतदान गर्ने प्रणालीको सम्भाव्यता र कार्यान्वयन ढाँचा विकास गर्ने
- डिजिटल अनुगमन तथा व्यवस्थापन प्रणाली (Digital Election monitoring systems) को विस्तार र सुदृढीकरण गर्ने
- निर्वाचनसम्बन्धी सबै कानुनहरू समेटिएको एकीकृत कानुनी ढाँचा तयार गरी समयमै कार्यान्वयनका लागि पहल गर्ने।

## ■ निर्वाचन आयोगका लागिः

### खरिद प्रकृया पारदर्शी र जवाफदेहियुक्त बनाउनु पर्नेः

- मतदान गर्न जाँदा मतपत्र लिएपछि औंलामा लगाउने मसी केही दिनसम्म नजाने किसिमको हुने गर्दथ्यो। यसपालीको मसी तत्काल पुछिने किसिमको न्युन गुणस्तरको थियो। साथै मतपत्र राख्ने बाकस कहाँबाट कतिसंख्यामा खरिद भयो भन्ने पनि देखिंदैन। अतः आयोगको खरिद प्रकृयालाई पारदर्शी र उत्तरदायी बनाउन आवश्यक छ। त्यसैगरी मतपत्र कतिसंख्यामा छापियो भन्ने जानकारी सार्वजनिक भएन। मुद्रण सुरक्षणलाई ध्यान नदिएर वाहिरी छापाखानामा छाप्दा निर्वाचनको वैधतामा प्रश्न उठन सक्दछ।
- उम्मेद्वारहरूले निर्वाचन प्रतिस्पर्धाको लागी आफ्नो नाम दर्ता गर्दा वयक्तिगत विवरण फारम (अनुसूची-१०) भरि बुझाउनु पर्ने व्यवस्था छ। उक्त फारममा जातीय समुहको विवरण लेख्ने कोलम नभएको हुदा निर्वाचनमा प्रतिस्पर्धा गर्ने उम्मेद्वारहरू मध्य कुन जातीय समुहबाट कति जना प्रतिस्पर्धी थिए र निर्वाचनमा विजयी भए भन्ने तथ्यांक सहजरुपमा प्राप्त गर्न नसकेको हुदा अनुसूची-१० को फारममा 'जातीय' कोलम थप गर्नुपर्ने।

### राजनीतिक दलहरूका लागिः

- समानुपातिक समावेशीताको मर्मलाई हृदयंगम् गरेर प्रत्यक्षतर्फ पनि कम्तिमा ३३ प्रतिशत महिलालाई उम्मेवार बनाउनु पर्ने। दलित, अल्पसंख्यक तथा सीमान्तीकृत समुदायको सदस्यहरूलाई निर्वाचन प्रकृयामा सहभागी बनाउन सकृयता देखाउन पर्ने।
- आर्थिक पारदर्शिता कायम गर्न विशेष ध्यान दिन पर्ने
- निर्वाचन आचार संहिताको पालना गर्नुपर्ने र आफ्ना उम्मेदवारहरूलाई पनि त्यसतर्फ सजग गराउनु पर्ने।

## ■ सरकार र व्यवस्थापिकाका लागि

### एकिकृत कानुनः

निर्वाचन सम्वद्ध एकिकृत कानुन लामो समयदेखि थन्किएर बसेको अवस्था छ। यसलाई समयनुकुल परिमार्जित गरी यथाशिघ्र कानुनको रुपमा ल्याउन आवश्यक छ।

### नागरिक समाज र सञ्चारमाध्यमका लागि

- नागरिक समाज लोकतान्त्रिक विधि, निर्वाचन प्रकृया, नागरिक अधिकार लगायतका विषयहरूमा सचेत रही निर्वाचन आयोग, राजनीतिक दलहरू र प्रत्यासीहरूलाई जिम्मेवार र जवाफदेहि बनाउन प्रयत्न गर्ने,
- राजनीतिक घोषणापत्र, विकासका प्रतिज्ञा र वाचाहरूलाई नजिकबाट अध्ययन गर्ने र योग्य र सक्षम प्रतिनिधिलाई मतदान गर्न प्रेरित गर्ने,
- ब्यक्तिको लागि भन्दा राष्ट्रको लागि सोच्ने र हाम्रो भन्दा राम्रोलाई प्राथमिकता दिने,
- निर्वाचन आचारसंहिता पालना भए नभएको, गरे नगरेको हेर्ने र आवश्यक परे उजुरी गर्ने।

•••

## अनुसूची-१

# निर्वाचन पर्यवेक्षकका लागि चेकलिष्ट

### (क) निर्वाचनपूर्वको चेकलिष्ट

- निर्वाचनसँग सम्बन्धित संविधान, ऐन/कानून जानकारी भए/नभएको
- निर्वाचन आयोगबाट परिचयपत्र प्राप्त भएको भए/नभएको
- निर्वाचन आचारसंहिता जानकारी आम मानिसमा भए/नभएको
- मतदाता नामावली अद्यावधिक गरिए/नगरिएको
- उम्मेदवारी दर्ता प्रक्रिया स्वतन्त्र, भेदभावरहित र पारदर्शी भए/नभएको
- राज्यस्रोतको दुरुपयोग भएको/नभएको
- आचारसंहिता उल्लङ्घन भएको/नभएको
- मतदातामा डर, धम्की वा प्रभाव पारे/नपारेको

### (ख) निर्वाचनको दिनको चेकलिष्ट

#### मतदान केन्द्र सुरु हुनु अघि

- मतदान केन्द्र समयमै खुलेको छ
- मतदान सामग्री पूर्ण र सुरक्षित छन्
- मतदान अधिकृत/कर्मचारी उपस्थित छन्

#### मतदान प्रक्रिया

- गोप्य मतदान सुनिश्चित गरिएको छ
- मतदाताको पहिचान सही तरिकाले गरिएको छ
- दोहोरो मतदान रोकिएको छ
- मतदातामाथि दबाब/प्रलोभन छैन
- अशक्त, वृद्ध, गर्भवती मतदातालाई सहयोग व्यवस्था छ

### सुरक्षा र व्यवस्थापन

- सुरक्षाकर्मी तटस्थ छन्
- दल/उम्मेदवार मतदान केन्द्र वरिपरि सक्रिय छैनन्

### मतदान केन्द्र बन्द

- तोकिएकै समयमा मतदान केन्द्र बन्द गरिएको छ
- मतपेटिका सुरक्षित रूपमा सिल गरिएको छ

## (ग) निर्वाचनपश्चात्

- मतगणना स्थल सुरक्षित र पारदर्शी छ
- उम्मेदवार/प्रतिनिधिलाई अवलोकनको अवसर छ
- मतगणना खुला र कानुनअनुसार भएको छ
- मतगणना कार्यमा पर्यवेक्षकहरुले निर्वाध रुपमा पर्यवेक्षण गर्न पाएका छन
- नतिजा आधिकारिक रूपमा घोषणा गरिएको छ
- उजुरी/विवाद समाधान प्रक्रिया कानुन सम्वत छ

अनुसूची– ३


# पर्यवेक्षकहरुको विवरणः जिल्लागत

| | जिल्ला | जम्मा |
|---|---|---|
| १ | अछाम | १ |
| २ | अर्घाखाँची | १२ |
| ३ | इलाम | ४ |
| ४ | उदयपुर | १० |
| ५ | ओखलढुंगा | १ |
| ६ | कञ्चनपुर | ६ |
| ७ | कपिलवस्तु | ८ |
| ८ | काठमाडौं | ६२ |
| ९ | काभ्रेपलाञ्चोक | १५ |
| १० | कालिकोट | ६ |
| ११ | कास्की | ११ |
| १२ | कैलाली | ९ |
| १३ | खोटाङ | १ |
| १४ | गुल्मी | ३ |
| १५ | गोरखा | १६ |
| १६ | चितवन | ६ |
| १७ | जाजरकोट | ११ |
| १८ | जुम्ला | ११ |
| १९ | झापा | १७ |
| २० | डडेलधुरा | ४ |
| २१ | डोटी | ३ |
| २२ | डोल्पा | ४ |
| २३ | तनहुँ | ३ |
| २४ | ताप्लेजुङ | ६ |
| २५ | तेह्रथुम | १ |
| २६ | दाङ | १७ |
| २७ | दार्चुला | ३ |
| २८ | दैलेख | ८ |

| | जिल्ला | जम्मा |
|---|---|---|
| २९ | दोलखा | ४ |
| ३० | धनकुटा | ४ |
| ३१ | धनुषा | १२ |
| ३२ | धादिङ | ७ |
| ३३ | नवलपरासी (पश्चिम) | ६ |
| ३४ | नवलपरासी (पूर्व) | ४ |
| ३५ | नुवाकोट | ६ |
| ३६ | पर्वत | ६ |
| ३७ | पर्सा | १० |
| ३८ | पाँचथर | ६ |
| ३९ | पाल्पा | १० |
| ४० | बर्दिया | ८ |
| ४१ | बाँके | ११ |
| ४२ | बागलुङ | ७ |
| ४३ | बाजहाङ | २ |
| ४४ | बाजुरा | २ |
| ४५ | बारा | ८ |
| ४६ | बैतडी | ३ |
| ४७ | भक्तपुर | १४ |
| ४८ | भोजपुर | १ |
| ४९ | मकवानपुर | ९ |
| ५० | मनाङ | २ |
| ५१ | महोत्तरी | १० |
| ५२ | मुगु | ९ |
| ५३ | मुस्ताङ | १ |

| | जिल्ला | जम्मा |
|---|---|---|
| ५४ | मोरङ | ११ |
| ५५ | म्याग्दी | ३ |
| ५६ | रसुवा | ३ |
| ५७ | रामेछाप | २ |
| ५८ | रुकुम (पश्चिम) | २ |
| ५९ | रुकुम (पूर्व) | २ |
| ६० | रुपन्देही | १२ |
| ६१ | रोल्पा | ४ |
| ६२ | रौतहट | ३ |
| ६३ | लमजुङ | ४ |
| ६४ | ललितपुर | १९ |
| ६५ | संखुवासभा | ६ |
| ६६ | सप्तरी | ७ |
| ६७ | सर्लाही | १७ |
| ६८ | सल्यान | ८ |
| ६९ | सिन्धुपाल्चोक | १७ |
| ७० | सिन्धुली | ८ |
| ७१ | सिराहा | १४ |
| ७२ | सुनसरी | ३ |
| ७३ | सुर्खेत | १४ |
| ७४ | सोलुखुम्बु | १ |
| ७५ | स्याङ्जा | १२ |
| ७६ | हुम्ला | ५ |
| ७७ | प्युठान | ३ |

# पर्यवेक्षकहरूको विवरण: प्रदेशगत




### निर्वाचन पर्यवेक्षण समिति नेपाल

## कार्यसमिति

| नाम, थर | पद |
|---|---|
| श्री श्रीकृष्ण सुवेदी | अध्यक्ष |
| श्री बद्रीप्रसाद शिवाकोटी | उपाध्यक्ष |
| श्री कमला उप्रेती | सचिव |
| श्री तेजकुमारी तिवारी | कोषाध्यक्ष |
| श्री गीता न्यौपाने | सदस्य |
| श्री दिनेशकुमार चौधरी | सदस्य |
| श्री शरदचन्द्रप्रसाद साह | सदस्य |
| श्री बिदुरप्रसाद अधिकारी | सदस्य |

निर्वाचन पर्यवेक्षण समिति नेपाल

**Election Observation Committee Nepal**

**(EOC-Nepal)**

Buddhanagar, 10 Kathmandu Nepal
Tel: 014794568,4791044,
eocnepal123@gmail.com, www.ecocnepal.org.np